# ‘झस्को’ उपन्यासको विधापरक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


शोधार्थी
दिनेशप्रसाद भट्टराई
शैक्षिक सत्र २०६७-२०६९
त्रि.वि. दर्ता नं. ६-१-२४१-३००-९७



नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन
२०७२/२०१५

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन

नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी दिनेशप्रसाद भट्टराईले नेपाली एम.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत **'झस्को' उपन्यासको विधापरक अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. नारायणप्रसाद खनाल
विभागीय प्रमुख ____________ हस्ताक्षर

प्रा.डा. नारायणप्रसाद खनाल
शोधनिर्देशक ____________ हस्ताक्षर

सहप्राध्यापक गोविन्दराज विनोदी
बाह्य परीक्षक ____________ हस्ताक्षर

मिति : २०७२/०३/०८
२३ जुन २०१५

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र दिनेशप्रसाद भट्टराईले **'झस्को' उपन्यासको विधापरक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७२/०३/०३

**प्रा.डा. नारायणप्रसाद खनाल**
नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

मैले त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विभाग, स्नातकोत्तर तह, द्वितीय वर्षको दसौँ पत्रको आवश्यकता पूर्ति गर्न **'झस्को' उपन्यासको विधापरक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालज्यूको निर्देशनमा तयाार पारेको हुँ । आफ्नो सघन कार्य व्यस्तताका बीचबाटै पनि समय निकालेर शोधपत्र तयारीका सन्दर्भमा मलाई उचित निर्देशन र सल्लाह प्रदान गर्नुहुने आदरणीय गुरुप्रति आभार व्यक्त गर्दछु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्ने अनुसन्धान समिति वीरेन्द्र बहुमुखी क्याम्पसप्रति म कृतज्ञ छु । शोधपत्र तयारीका क्रममा शोधनायक श्री लोकनाथ पोखेलज्यूले आफ्नो जीवनी र व्यक्तित्वका बारेमा कत्ति पनि झन्झट नमानी दिनुभएको जानकारी तथा आवश्यक सामग्री सङ्कलनमा बाटो देखाइदिनुका अतिरिक्त परिवारजनप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसै गरी शोधपत्र तयारीको सिलसिलामा सहयोग गर्ने वीरेन्द्र बहुमुखी क्याम्पस, पुस्तकालय र प्रशासनप्रति आभार व्यक्त गर्न मैले आफ्नो कर्तव्य सम्झिएको छु साथै प्रत्यक्ष र परोक्ष रुपमा सहयोग गर्नुहुने मेरा सम्पूर्ण मित्रहरुमा पनि कृतज्ञता ज्ञापन गर्दछु ।

विविध आर्थिक र व्यावहारिक समस्याहरुसँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्च गरेर मेरो अध्ययनलाई यस स्थितिमा ल्याउन योगदान गर्नुहुने मेरा पूजनीय पिता-माता देवीप्रसाद भट्टराई र धनकुमारी भट्टराईको आजीवन ऋणी छु । त्यस्तै शोधपत्र तयार पार्दा दैनिक रुपमा सहयोग गरिदिने समकक्षी मेरी श्रीमती गायत्री भट्टराईलाई धन्यवाद दिन चाहन्छु भने शोधपत्र टङ्कण गर्ने एस.के. कम्युनिकेस कीर्तिपुरकी कमला घलेलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा, प्रस्तुत शोधकार्य आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७२/०३/०३

..............................

**दिनेशप्रसाद भट्टराई**

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नं. | नम्बर |
| पृ. | पृष्ठ |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| बि.ए. | ब्याचलर अफ आर्टस् |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम सम्वत् |
| सम्पा. | सम्पादन |
| सहप्रा. | सहप्राध्यापक |

# विषयसूची

## परिच्छेद : एक

## शोध परिचय


१.१ विषय परिचय १

१.२ समस्याकथन १

१.३ शोधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ अध्ययनको औचित्य र महत्त्व ४

१.६ शोधकार्यको सीमाङ्कन ४

१.७ शोधविधि ४

१.७.१ सामग्री सङ्कलन विधि ४

१.८ शोध अध्ययन विधि ५

१.९ शोधपत्रको रूपरेखा ५


## परिच्छेद : दुई

## लोकनाथ पोखेलको सङ्क्षिप्त जीवनी र व्यक्तित्व


२.१ विषय परिचय ६

२.२ लोकनाथ पोखेलको जीवनी ६

२.२.१ जन्म र जन्मस्थान ६

२.२.२ पारिवारिक पृष्ठभूमि र बाल्यकाल ६

२.२.३ शिक्षा–दीक्षा ७

२.२.४ साहित्यिक प्रेरणा र प्रभाव ८

२.२.५ विवाह तथा पारिवारिक जीवन ८

२.२.६ बसोबास तथा आर्थिक अवस्था ९

२.२.७ कार्यक्षेत्र र संलग्नता ९

२.२.८ साहित्य लेखन १०

२.२.९ पुरस्कार र सम्मान ११

२.३ लोकनाथ पोखेलको व्यक्तित्व १२

२.३.१ शारीरिक तथा निजी व्यक्तित्व १२

२.३.२ साहित्यिक व्यक्तित्व १३

२.३.२.१ कवि व्यक्तित्व १३

२.३.२.२ काव्यकार व्यक्तित्व १३

२.३.२.३ गीतकार व्यक्तित्व १३

२.३.२.४ गजलकार व्यक्तित्व १४

२.३.२.५ उपन्यासकार व्यक्तित्व १४

२.३.२.६ आलेखकार व्यक्तित्व १४

२.३.३ साहित्येतर व्यक्तित्व १४

२.३.३.१ शिक्षक व्यक्तित्व १५

२.३.३.२ राजनीतिक व्यक्तित्व १५

२.३.३.३ समाजसेवी व्यक्तित्व १५

२.४ निष्कर्ष १६

**परिच्छेद : तीन**

**उपन्यासको सैद्धान्तिक अध्ययन**

३.१ विषय परिचय १७

३.२ उपन्यासको व्युत्पत्ति र अर्थ १७

३.२.१ पूर्वीय मान्यतामा उपन्यासको व्युत्पत्ति र अर्थ १७

३.२.२ पाश्चात्य मान्यतामा उपन्यासको व्युत्पत्ति र अर्थ १८

३.३ उपन्यासको परिभाषा १९

३.४ उपन्यासको स्वरूप २०

३.५ उपन्यासका तत्त्वहरू २२
३.५.१ कथानक २३
३.५.२ चरित्र २३
३.५.३ दृष्टिबिन्दु २४
३.५.४ परिवेश २५
३.५.५ उद्देश्य २६
३.५.६ संवाद २६
३.५.७ भाषाशैली २७
३.६ उपन्यासको वर्गीकरण २८
३.६.१ कथानकका आधारमा उपन्यासको वर्गीकरण २८
३.६.२ शैलीका आधारमा उपन्यासको वर्गीकरण २९
३.६.३ विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण ३१
३.६.४ आयामका आधारमा उपन्यासको वर्गीकरण ३३
३.६.५ कथानकको अन्त्यका आधारमा उपन्यासको वर्गीकरण ३३
३.६.६ धारा वा प्रवृत्तिका आधारमा उपन्यासको वर्गीकरण ३४
३.७ निष्कर्ष ३९

**परिच्छेद : चार**

**'झस्को' उपन्यासको विधागत अध्ययन विश्लेषण**

४.१ विषय परिचय ४०
४.२ विधा तत्त्वका आधारमा 'झस्को' उपन्यासको विश्लेषण ४०
४.२.१ कथानक ४०
४.२.२ चरित्र चित्रण ४६
४.२.२.१ कार्यका आधारमा चरित्र चित्रण ४६
४.२.२.२ लिङ्गका आधारमा चरित्र चित्रण ५३
४.२.२.३ प्रवृत्तिका आधारमा चरित्र चित्रण ५४

४.२.२.४ स्वभावका आधारमा चरित्र चित्रण ५४
४.२.२.५ जीवन चेतनाका आधारमा चरित्र चित्रण ५५
४.२.२.६ आसन्नताका आधारमा चरित्र चित्रण ५६
४.२.२.७ आबद्धताका आधारमा चरित्र चित्रण ५६
४.२.३ दृष्टिबिन्दु ५६
४.२.४ परिवेश ५७
४.२.५ संवाद ५८
४.२.६ उद्देश्य ६०
४.२.७ भाषाशैली ६१

**परिच्छेद : पाँच**

**उपसंहार र निष्कर्ष**

५.१ उपसंहार ६४
५.२ निष्कर्ष ६५

**सन्दर्भसूची** ६७

# परिच्छेद : एक

# शोध परिचय

# परिच्छेद : एक
# शोध परिचय

## १.१ विषय परिचय

वि.सं. २००९ साल असार ६ गते बुवा स्व. हेमलाल पोखेल र आमा हेमावती पोखेलका पाँचौं सन्तानका रूपमा लोकनाथ पोखेलको जन्म भएको हो । वि.सं. २०४६ सालमा **डेढ गाउँले किसानका गीत र कविताहरू** कृति लिएर नेपाली साहित्यमा आएका लोकनाथ पोखेलका हालसम्म **झस्को** (उपन्यास, २०६३), **मुसल** (कविता सङ्ग्रह, २०६७), **नाता माटो र मुटुका** (गजलसङ्ग्रह, २०६९), **नौलो नैतिक दृष्टान्त** (काव्य, २०७०), **ढुकुरकुर** (बालकवितासङ्ग्रह, २०७०) र **फर्केर हेर्दा** (गीतिसङ्ग्रह, २०७०) समेत सातवटा कृति प्रकाशित भइसकेका छन् । **झस्को** (२०६३) उपन्यास लोकराज पोखेलको एकमात्र पहिलो उपन्यास हो । यसमा सामाजिक र राजनीतिक विषयवस्तुलाई लिएर समाज परिवर्तनको अपेक्षा गरिएको छ । राजनीतिका नाममा देखापर्ने चैते र भ्रष्ट नेताको चरित्रलाई **झस्को** उपन्यासमा प्रस्तुत गरिएको छ । **झस्को** (२०६३) उपन्यास अध्ययनलाई प्रस्तुत शोध अध्ययनको विषय क्षेत्र चयन गरिएको छ र यसअनुसार शोधशीर्षक **झस्को** उपन्यासको विधापरक अध्ययन निर्धारण गरिएको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यको विविध विधा अन्तर्गत उपन्यास पनि एक हो । यही उपन्यास विधामा कलम चलाउने लोकनाथ पोखेल पनि नौलो नाम हो । उनी २०६३ सालमा **झस्को** उपन्यास लिएर यस विधामा प्रवेश गरेका छन् । उनले साहित्यको कविता विधामा पनि कलम चलाएका छन् । उनको **झस्को** उपन्यास मूलतः राजनीतिक विषयवस्तुमा आधारित उपन्यास हो । लोकनाथ पोखेल र उनका कृतिका बारेमा कृति प्रकाशन गर्दा भूमिकामा सामान्य टिप्पणी गर्ने बाहेक अन्य पत्रपत्रिकामा कुनै पनि लेखरचनको विश्लेषण गरिएको छैन । तसर्थ प्रस्तुत शोधमा **झस्को** उपन्यासको अध्ययन गरिएको छ । यसका लागि निम्नलिखित समस्याहरू रहेका छन् :

क)   उपन्यासकार लोकनाथ पोखेलको सङ्क्षिप्त जीवनी, व्यक्तित्व र कृतित्व के कस्तो रहेको छ ?

ख)   नेपाली उपन्यास परम्परामा **झस्को** उपन्यासको विधापरक स्वरूप के कस्तो रहेको छ ?

ग)   विधागत दृष्टिले **झस्को** उपन्यासको अध्ययन के–कसरी गर्न सकिन्छ र नेपाली साहित्यमा **झस्को** उपन्यासको स्थान के रहेको छ ?

माथि उल्लेख गरिएका समस्याहरू नै प्रस्तुत शोधकार्यका समस्या हुन् । यिनै समस्याको समाधानमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

लोकनाथ पोखेलको नेपाली उपन्यास अध्ययनार्थ **झस्को**माथि उल्लेख गरिएका शोध समस्यासँग सम्बन्धित भई प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ :

क)   उपन्यासकार लोकनाथ पोखेलको सङ्क्षिप्त जीवनी व्यक्तित्व र कृतित्वको निरूपण गर्नु,

ख)   नेपाली उपन्यास परम्परामा **झस्को** उपन्यासको विधागत स्वरूपको निरूपण गर्नु,

ग)   विधागत दृष्टिले **झस्को** उपन्यासको अध्ययन विश्लेषण गर्नु र **झस्को** उपन्यासको मूल्याङ्कन गर्नु ।

माथि उल्लेख गरिएका उद्देश्यहरूका आधारमा यस शोधकार्यको अध्ययन गरिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

उपन्यासकार लोकनाथ पोखेलको बारेमा हालसम्म कुनै पनि समालोचक तथा विद्वान्हरूले कुनै पत्रपत्रिकामा लेख प्रकाशित गरेका छैनन् । उनका बारेमा कुनै शोधकार्य पनि भएको पाइँदैन । तसर्थ उनका कृति प्रकाशन गर्दा विभिन्न व्यक्तिले कृतिको भूमिकामा उनका र कृतिका बारेमा टिप्पणी गरेका छन् । उनका र कृतिका बारेमा जे–जति भनेका छन् त्यसको कालक्रमिक विवरण यहाँ प्रस्तुत गरिएको छ :

कृष्णप्रसाद पराजुली (२०६३) ले **झस्को** उपन्यासको भूमिकामा *झस्कोमा दृष्टिबिन्दु* नामक शीर्षक दिएर **झस्को** उपन्यास मनको हुँडेलोबाट सिर्जिएको देखिन्छ, यो वर्तमान नेपालको राजनीतिक आरोह, अवरोहको भयानक स्थितिलाई चित्रण गर्दै एउटा निश्चित र सही दिसामा जानुपर्ने तथ्यलाई समेट्न खोजिएको अभिलेखका रूपमा आएको देखिन्छ भनेका छन् । यस कार्यबाट **झस्को** उपन्यास एक राजनीतिक विषयवस्तुमा आधारित उपन्यास हो भन्ने पुष्टि हुन्छ ।

कृष्णप्रसाद पराजुली (२०६७) ले **मुसल** कविताको भूमिकामा *मुसलका सन्दर्भमा* नामक शीर्षक दिएर मुसलका कविता विषयवस्तुका दृष्टिले राष्ट्रियता समाज, जीवन, प्रकृतिप्रेम, युवानारी र समसामयिक जीवन सन्दर्भका छन् भनेका छन् । उनले कविका कवितामा जीवनवादी दृष्टिकोण सलबलाएको छ, जीवन जीवन जस्तो भएर बाँच्न सकोस्, मान्छे सदाशयी होऊन् जस्ता भाव लेखेका छन् भन्ने कुरा व्यक्तः गरेका छन् । यस कार्यबाट **मुसल** कवितामा व्यक्त भएको विषयवस्तु र भावलाई बुझ्न सकिन्छ ।

भुवनहरि सिग्देल (२०६७) ले **मुसल** कविताको भूमिकामा *लोकनाथको मुसल* शीर्षक दिएर लोकनाथमा कवितामा गामबेसी बोल्छ, बसन्त डुल्छ, बैंस फक्रिन्छ, ढकमक्क भएर । चाडपर्व, मेलाहाट अनि देउरालीका चौतारी बिम्ब सजाउने साधन बनेर ओइरिन्छन् उनका कविताभरि भनेका छन् । यस कार्यबाट लेखनाथ पोखेलका कवितामा समसामयिक युगीन यथार्थ प्रकट भएको बुझ्न सकिन्छ ।

सनतकुमार वस्ती (२०६९) ले **नाता माटो र मुटुको** गजल सङ्ग्रहमा *शुभकामना* शीर्षक दिएर नेपाली जनका मन–मनमा भरिएका चासो–चिन्ता, अभिलाषा–आकाङ्क्षा, असन्तोष–अधैर्य एवम् गुनासा र गन्थन मात्र होइनन् सरलता र स्वाभिमानका स्वरहरूले पनि मुखरित हुने मौका **नाता माटो र मुटुको** गजल सङ्ग्रहमा पाएका छन् भनेका छन् । यस कार्यबाट उक्त कृतिको विषयवस्तु र भाव पक्ष बुझ्न मद्दत मिल्दछ ।

माथि उल्लिखित पूर्वककार्यबाट लोकनाथ पोखेलका कृतिका बारे भूमिका लेख्ने बाहेक केही अध्ययन विश्लेषण भएको पाइँदैन । यसैले उनका जीवनी, व्यक्तित्व र कृतित्वका सन्दर्भमा **झस्को** उपन्यासका विस्तृत अध्ययन गर्न लागिएको हो ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

पूर्वकार्यको अध्ययनबाट के कुरा स्पष्ट भएको छ भने लोकनाथ पोखेलको पहिलो उपन्यास **झस्को** (२०६३) का बारेमा सुव्यवस्थित अध्ययन हुन बाँकी छ । तसर्थ यस शोधकार्यमा **झस्को** (२०६३) उपन्यासको विधातात्विक दृष्टिले अध्ययन विश्लेषण गर्नु नै यसको औचित्य पुष्टि हुन्छ । यसका साथै यस शोधकार्यबाट उपन्यासका क्षेत्रमा योगदान पुग्ने यससँग सम्बन्धित समीक्षक, समालोचकहरूलाई सहयोग पुऱ्याउने र साहित्यका जिज्ञासु पाठकहरूलाई समेत अध्ययन अनुसन्धान गर्न सहयोग पुऱ्याउने कुराबाट समेत औचित्य र महत्त्व स्पष्ट भएको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

साहित्यकार लोकनाथ पोखेलले कविता, उपन्यास र गजल विधामा कलम चलाएका छन् । उनले विविध विधामा कलम चलाए तापनि उनी उपन्यासकार हुन् । उनका **डेढ गाउँले किसानका गीत र कविता** (२०४६), **मुसल** (२०६७) कवितासङ्ग्रह, **झस्को** (२०६३) उपन्यास र **नाता माटो र मुटुको** (२०६९) गजल सङ्ग्रह, **नौलो नैतिक दृष्टान्त** (२०७०) काव्य, **ढुकुरकुर** (२०७०) बालकविता सङ्ग्रह, र **फर्केर हेर्दा** (२०७०) गीति सङ्ग्रह, गरी सातवटा कृति प्रकाशित छन् । यहाँ उपन्यासकार लोकनाथ पोखेलको उपन्यास **झस्को** (२०६७) को विधातात्विक दृष्टिले अध्ययन विश्लेषण गरिने छ । यही नै शोधकार्यको क्षेत्र र सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र अध्ययन विधिको अवलम्बन गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यमा पुस्तकालयीय सामग्री सङ्कलन विधि अपनाइने छ । पुस्तकालयीय सामग्री सङ्कलनका क्रममा **झस्को** उपन्यासलाई प्राथमिक सामग्री र यससँग सम्बन्धित अन्य समालोचनालाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ ।

## १.८ शोध अध्ययन विधि

सामग्री सङ्कलन विधिबाट सङ्कलित सामग्रीको विवेचना गर्ने क्रममा आवश्यकता अनुसार वर्णनात्मक र विश्लेषणात्मक विधिलाई अवलम्बन गरी **झस्को** (२०६३) उपन्यासको विधातात्त्विक दृष्टिले अध्ययन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पूर्ण व्यवस्थित गर्न निम्नानुसार पाँच अध्यायमा विभाजन गरिएको छ :

**परिच्छेद एक : शोधपरिचय**

शोध परिचय शीर्षक अन्तर्गत विषय परिचय, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा उपशीर्षक राखिएको छ ।

**परिच्छेद दुई : लोकनाथ पोखेलको सङ्क्षिप्त जीवनी र व्यक्तित्व**

परिच्छेद दुई अन्तर्गत लोकनाथ पोखेलको सङ्क्षिप्त जीवनी दिने क्रममा उनको जन्म, शिक्षा, बसोबास, पारिवारिक जीवन र उनको जीवनीका विविध पाटाका साथै व्यक्तित्वको समेत अध्ययनसँग सम्बद्ध उपशीर्षक राखिएको छ ।

**परिच्छेद तीन : उपन्यासको विधागत स्वरूप**

यस परिच्छेदमा उपन्यासको विधागत स्वरूप अन्तर्गत उपन्यासको सैद्धान्तिक पक्षको अध्ययन गरिएको छ । यसमा उपन्यासको व्युत्पत्ति र अर्थ, परिभाषा, स्वरूप, तत्त्वहरू, कथानक, चरित्र, दृष्टिबिन्दु, परिवेश, उद्देश्य, संवाद, भाषाशैली, उपन्यासको वर्गीकरण र निष्कर्ष उपशीर्षक रहेका छन् ।

**परिच्छेद चार : 'झस्को' उपन्यासको विधागत अध्ययन विश्लेषण**

यस परिच्छेदमा **झस्को** उपन्यासको विधागत अध्ययन अन्तर्गत उपन्यासका तत्त्व जस्तै : कथानक, चरित्र चित्रण, दृष्टिबिन्दु, परिवेश, संवाद, उद्देश्य, भाषाशैली जस्ताका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

**परिच्छेद पाँच : उपसंहार र निष्कर्ष**

उपसंहार र निष्कर्ष अन्तर्गत शोधको समग्र उपसंहार र शोध निष्कर्ष दिने काम गरिएको छ ।

आदिभागका साथै पश्चभागका रूपमा अन्त्यमा सन्दर्भ सामग्री सूची राखिएको छ र साङ्गोपाङ्ग शोध प्रतिवेदन प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# लोकनाथ पोखेलको सङ्क्षिप्त जीवनी र व्यक्तित्व

# परिच्छेद : दुई

# लोकनाथ पोखेलको सङ्क्षिप्त जीवनी र व्यक्तित्व

## २.१ विषय परिचय

लोकनाथ पोखेल नेपाली साहित्यको क्षेत्रमा नवप्रवेश नाम हो । उनी साहित्यका क्षेत्रमा कविता, काव्य, उपन्यास, गीत, गजल र आलेख लिएर देखापरेका छन् । उनका विविध व्यक्तित्वमध्ये उनी मूलतः उपन्यासकार हुन् । कुनै पनि साहित्यकारका कृतिको अध्ययन गर्नुपूर्व उसको सङ्क्षिप्त जीवनी र व्यक्तित्वको आवश्यकता पर्ने भएकाले यस अध्यायमा लोकनाथ पोखरेलको सङ्क्षिप्त जीवनी व्यक्तित्वका बारेमा अध्ययन गरिएको छ ।

## २.२ लोकनाथ पोखेलको जीवनी

यहाँ लोकनाथ पोखेलको जन्म, जन्मस्थान, पारिवारिक पृष्ठभूमि र बाल्यकाल, शिक्षा–दीक्षा र पारिवारिक जीवन बसोबास तथा आर्थिक अवस्था, कार्यक्षेत्र र संलग्नता, साहित्य लेखन, पुरस्कार र सम्मानका बारेमा अध्ययन गरिएको छ ।

### २.२.१ जन्म र जन्मस्थान

लोकनाथ पोखेलको जन्म वि.सं. २००९ साल असार ६ गते नवलपरासी जिल्लामा पर्ने डेढगाउँ गा.वि.स. वार्ड नं. ९ मा भएको हो । उनी पिता हेमलाल पोखेल र माता हेमावती पोखेलका पाँचौं सन्तानका रूपमा एक मध्यम वर्गीय किसानको परिवारमा जन्मिएका हुन् (शोधनायकबाट प्राप्त जानकारी) । उनी जन्मिएको ठाउँ प्राकृतिक दृष्टिले अत्यन्त सुन्दर र रमणीय छ ।

### २.२.२ पारिवारिक पृष्ठभूमि र बाल्यकाल

लोकनाथ पोखेलका हजुबुवा आमा मिथुक्रम गा.वि.स. वार्ड नं. २, नवलपरासीमा बसोबास गर्दै आएका थिए । पछि उनका बाबुआमा बसाइँ सरेर नवलपरासीकै डेढगाउँ गा.वि.स. वार्ड नं. ९ मा बसोबास गर्न थाले । त्यही हेमलाल पोखेलको जन्म भयो । उनकी

एक दिदी छन् । उनको नाम तुलसीमाया भट्टराई हो । उनकी एक बहिनी पनि छन् र उनको नाम अम्बिका पराजुली हो (शोधनायकबाट प्राप्त जानकारी) । दाजुभाइहरू सबै आ–आफ्नो पेसा गरेर बस्दछन् भने दिदी बहिनी दुबैको घरजम भइसक्यो । सबैले आ–आफ्नो तरिकाले जीविका चलाइरहेका छन् । परिवारमा दोस्रो सन्तानका रूपमा जन्मिएका हेमलाल पोखेल जेठो छोरा हुन् । जेठो छोरो भएपछि परिवारको सम्पूर्ण जिम्मेवारी सम्हाल्दा सम्हाल्दै उनले वि.सं.१९८८ मा मणिरत्न कँडेलकी छोरी हेमावती पोखेलसँग विवाह गरे । यसपछि उनीहरूका पाँचजना सन्तान जन्मिए । तिनै पाँचौं सन्तानका रूपमा लोकनाथ पोखेलको जन्म वि.सं. २००९ सालमा भएको हो । पोखेलका एक दाजु छन् । उनको नाम सुवासचन्द्र पोखेल हो भने उनका तीनवटी दिदीहरू छन् । उनीहरूको नाम धनमाया कँडेल, रेनुका ढकाल र कौशल्या ढकाल हो (शोधनायकबाट प्राप्त जानकारी) । आफूभन्दा ठूला दाजु र दिदीको माया पाएका लोकनाथ पोखेल बाल्यकाल सुखद् र मनोरञ्जनपूर्ण तरिकाले बितेको देखिन्छ । परिवारका सदस्यहरू कृषिमा निर्भर भए पनि लोकनाथ पोखेल खेतीबालीमा लागेर बाल्यकालीन जीवन व्यतीत गर्नु परेन (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.२.३ शिक्षा–दीक्षा

लोकनाथ पोखेलको शिक्षाको प्रारम्भिक जग घरबाटै बसेको देखिन्छ । उनका बुवा हेमलाल पोखेलले उनलाई घरमै शिक्षाको जग बसालिदिएको पाइन्छ । उनी सात वर्षको उमेर भएपछि औपचारिक शिक्षा हासिल गर्नका लागि गाउँकै बेलभञ्ज्याङ प्राथमिक विद्यालयमा भर्ना भए । त्यहाँ कक्षा ५ सम्मको पढाइ पूरा गरेपछि उनी निम्न माध्यमिक तहको शिक्षा हासिल गर्नका लागि पाल्पा पुगे । त्यहाँ गएर उनले महेन्द्र प्रौढ रात्रि हाइस्कुलमा भर्ना भई आफ्नो पठनपाठनलाई अगाडि बढाउन थाले (शोधनायकबाट प्राप्त जानकारी) । पढाइमा सधैँ मेधावी विद्यार्थीका रूपमा चिनिने लोकनाथ पोखेललाई सबैले माया गर्दथे । त्यहाँ निम्न माध्यमिक विद्यालयको पढाइ पूरा गरेपछि उनी फेरि चितवनमा आई नारायणी रात्रि हाइस्कुल भरतपुरमा भर्ना भए । कक्षा ९ को परीक्षा उत्तीर्ण गरिसकेपछि १० कक्षामा पढ्दै गरेको अवस्थामा विभिन्न कारणवश उनको औपचारिक शिक्षाले अगाडि बढ्ने मौका पाएन (शोधनायकबाट प्राप्त जानकारी) । अत्यन्त चिन्तनशील र क्षमतावान् लोकनाथ पोखेलले घरायसी कारणले आफ्नो औपचारिक अध्ययन विद्यालय स्तरमा सीमित

राख्नु परे तापनि घरमै गरेको स्वअध्ययनले उनको ज्ञानको भण्डार वृद्धि गर्न सहयोग पुऱ्याएको देखिन्छ ।

## २.२.४ साहित्यिक प्रेरणा र प्रभाव

आफ्नै मिहिनेत र परिश्रमले आफ्नो साहित्यिक क्षेत्रलाई फराकिलो पारेको लोकनाथ पोखेललाई विभिन्न व्यक्तित्वबाट साहित्यमा लाग्ने प्रेरणा मिलेको छ । पहिलो प्रेरणा उनले आमा हेमावती पोखेलबाट ग्रहण गरेका छन् । आफ्नी आमाले रामायण र महाभारतका श्लोकहरू वाचन गर्ने गीतहरू गाउने कलाबाट अत्यन्त प्रभावित भएर साहित्यतर्फ आकर्षित भएको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) । उनलाई साहित्य सिर्जना गर्न तर्फ प्रेरित गर्ने अर्का व्यक्ति शिक्षक बद्रीनाथ खनाल हुन् । उनले विद्यालयमा अध्यापन गराउने सिलसिलामा लोकनाथ पोखेललाई विभिन्न किसिमका कविता सिर्जना गर्न लाउँथे । त्यस्तै साहित्यिक प्रेरणा प्रदान गर्ने व्यक्तिहरूमा हरिप्रसाद ओझा र भोजराज भट्टराई पनि पर्दछन् । उनहिरू पनि पोखेललाई साहित्य सिर्जना गर्नका लागि उत्साहित पार्ने काम गरेका थिए (शोधनायकबाट प्राप्त जानकारी) । यी विभिन्न व्यक्तित्वबाट साहित्य सिर्जना गर्ने प्रेरणा प्राप्त गरे पनि साहित्यिक व्यक्तित्वका रूपमा एक सफल साहित्यकारका रूपमा चिनिनका लागि प्रेरणा प्रदान गर्ने व्यक्ति वरिष्ठ साहित्यकार कृष्णप्रसाद पराजुली हुन् ।

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका लोकनाथ पोखेलले साहित्यलाई जीवन, जगत् र समाजको चेतनाका साथै समाजमा जागरण जगाउने ज्योतिका रूपमा परिभाषित गर्दछन् ।

## २.२.५ विवाह तथा पारिवारिक जीवन

लोकनाथ पोखेलको विवाह वि.सं. २०२४ साल फागुन २९ गतेका दिन पिता इमनाथ ओझा र माता रम्भावती ओझाकी छैटौँ सन्तान अर्थात् कान्छी छोरी विष्णुमाया ओझासँग नवलपरासी जिल्ला डेढगाउँमा भएको थियो (शोधनायकबाट प्राप्त जानकारी) । विष्णुमायाका दुई जना दाजु केशवराज ओझा र भेषराज ओझा थिए भने तीनवटी दिदीहरू बेदुमाया कँडेल, सावित्रा कँडेल र राधाकुमारी पाठक थिए । परिवारकी कान्छी छोरीका रूपमा हुर्किएकी विष्णुमाया विवाहपछि श्रीमान्को घरमा आइन् । लोकनाथ पोखेल र

विष्णुमाया पोखेलको पहिलो सन्तानको रूपमा छोरी .विद्या पोखेलको वि.सं.२०३६ सालमा जन्म भयो । यसपछि उनीहरूका पाँचवटी छोरीको जन्म भयो । तीनवटी छोरीहरू विद्या, तुलसी र हेमकलाको विवाह गरिदिएका छन् । उनीहरू आफ्ना श्रीमान्का साथ व्यवसायमा संलग्न छन् भने दुइवटी छोरी अविवाहित नै छन् । मञ्जुले बी.ए.मा अध्ययन गर्दै छिन् । कान्छी छोरी उर्मिलाले अस्पतालमा स्टाफ नर्समा काम गर्दै छिन् । यसरी लोकनाथ पोखेलको पारिवारिक जीवन सुखपूर्वक नै बितेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२.६ बसोबास तथा आर्थिक अवस्था

लोकनाथ पोखेलको बसोबासका बारमो बताउँदा विभिन्न कामका सिलसिलामा विभिन्न ठाउँमा बसेको पाइन्छ । उनी विद्यालयीय अध्ययन गर्दा पहिले आफ्नै गृहनगरमा बसेका थिए । त्यसपछि उनी नि.मा.वि. अध्ययनका क्रममा पाल्पा जिल्लाको तानसेनमा १६ वर्षदेखि १८ वर्षसम्म अर्थात् तीन वर्षको समय बिताएका थिए । त्यहाँको अध्ययन पूरा गरेपछि १९ वर्षदेखि २० वर्षको उमेरसम्म चितवनमा बसेका थिए (शोधनायकबाट प्राप्त जानकारी) । लोकनाथ पोखेल २१ वर्षको उमेरमा आफ्नो अध्ययनलाई अगाडि बढाउन नसक्ने अवस्था आएपछि अर्थोपार्जनका लागि भारत प्रवेश गरे । मानिसले आफ्नो जीवन चलाउनका लागि भारत प्रवेश गरे । त्यहाँ उनले ९ वर्षसम्म एउटा मन्दिरमा बसेर पुजारीको काम गरे । मानिसले आफ्नो जीवनमा चलाउनका लागि जस्तो सुकै कठिन परिस्थितिमा पनि समस्याको समाधान गर्नुपर्छ भन्ने मान्यतालाई राम्रोसँग बुझेका पोखेलले केही पैसा जम्मा गरी स्वदेश फर्किए । त्यसपछि उनी गाउँकै एक विद्यालयमा नि.मा.वि. तहसम्मको शिक्षक बनी अध्यापन गर्न थाले । केही समय अध्यापन गरेपछि उनी पुनः सामाजिक, राजनीतिक तथा साहित्यिक क्षेत्रमा काम गर्न थाले । यसबाट लोकनाथ पोखेलको आर्थिक अवस्था मध्यम खालको छ भन्न सकिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२.७ कार्यक्षेत्र र संलग्नता

लोकनाथ पोखेलले वि.सं. २०१७ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि घर फर्केर कुनै अर्थोपार्जनको बाटो नभेट्याएपछि २०२७ सालमा भारत प्रवेश गरे । त्यहाँ पनि उनले सहजै कुनै काम पाएनन् । त्यसपछि मन्दिरमा बसेर ९ वर्षसम्म पुजारीको काम गरे

(शोधनायकबाट प्राप्त जानकारी) । भारतबाट फर्केपछि उनी २०३५ सालमा शिक्षण पेसामा संलग्न भए । केही वर्ष पढाएपछि उनी सामाजिक, राजनीतिक तथा साहित्यिक क्षेत्रमा संलग्न भएर काम गर्न थाले । समाजमा हुने गरेका अन्याय र अत्याचारको घोर विरोध गर्थे । उनलाई गरिब दुःखीको पीडाले मन पोल्थ्यो (शोधनायकबाट प्राप्त जानकारी) । उनी विद्यार्थीदेखि नै वामपन्थी विचारधाराप्रति आकर्षित बनेका थिए । उनले २०२७ सालदेखि वामपन्थी पार्टीमा संलग्न भएर राजनीति पनि गरे । लोकनाथ पोखेल समाजवादी व्यक्ति पनि हुन् । उनले समाजमा हेपिएका र पिल्सिएकाहरूको सेवामा आफ्नो समय खर्चेका थिए । हाल उनी साहित्यका विभिन्न विधामा कलम चलाइरहेका छन् (शोधनायकबाट प्राप्त जानकारी) । उनी विभिन्न सङ्घ संस्थामा समेत आबद्ध छन् । जसलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

क) संस्थापक, हेमलाल हेमावली छात्रवृत्ति अक्षयकोष, डेढगाउँ, नवलपरासी, २०५१

ख) आजीवन सदस्य, डेढगाउँ छात्रवृत्ति अक्षयकोष, डेढगाउँ नवलपरासी

ग) आजीवन सदस्य, बुङ्दी काली–काठमाडौँ सम्पर्क समाज

घ) आजीवन सदस्य, सामुदायिक रेडियो, रामपुर, पाल्पा

ङ) साधारण सदस्य, उद्योग वाणिज्य सङ्घ, नवलपरासी, २०५६

च) आजीवन सदस्य, श्री अकलादेवी प्रा.वि., डेढगाउँ–५, नवलपरासी

छ) आजीवन सदस्य, डेढगाउँ अकलादेवी मन्दिर, नवलपरासी

ज) आजीवन सदस्य, कृष्ण साहित्य सदन, ललितपुर, नेपाल

झ) आजीवन सदस्य, बालीघाट क्षेत्र संरक्षण समिति, डेढगाउँ, नवलपरासी

ञ) सल्लाहकार, बालीघाट क्षेत्र संरक्षण समिति, डेढगाउँ, नवलपरासी

ट) सल्लाहकार, सिद्धार्थ सामुदायिक अध्ययन केन्द्र, डेढगाउँ, नवलपरासी

यी बाहेक पनि लोकनाथ पोखेल अन्य क्षेत्रमा पनि संलग्न रहेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२.८ साहित्य लेखन

लेखनाथ पोखेल विद्यार्थी जीवनदेखि नै साहित्य सिर्जनामा लागेको देखिन्छ । धेरै रचनाहरू सिर्जना गरे तापनि उनी साहित्यका क्षेत्रमा २०४६ सालमा **डेढगाउँले किसानका**

**गीत र कविताहरू** नामक कवितासङ्ग्रह लिएर कविता विधामा देखा परेका हुन् (शोधनायकबाट प्राप्त जानकारी) । उनले कविता बाहेक अन्य विधामा पनि कलम चलाएका छन् । उनका **भस्को** (२०६३, उपन्यास), **मुसल** (२०६७, कवितासङ्ग्रह), **नाता माटो र मुटुको** (२०६९, गजलसङ्ग्रह), **फर्किएर हेर्दा** (२०७०, गीतिसङ्ग्रह), **नौलो नैतिक दृष्टान्त** (२०७०, नीतिकाव्य) प्रकाशित भइसकेका छन् । उनका प्रकाशोन्मुख कृतिहरू शोककाव्य, चिठी, उपन्यास, **ढुकुरकुर** बालकवितासङ्ग्रह, डेढ गाउँको ऐतिहासिक आलेख, रमाइलो दशैं, बालकाव्य, जीवनका पानाहरू आलेख मञ्जु र मौरी बालकाव्य जस्ता रहेका छन् । उनले विद्यालय स्तरमा *हे हाम्रो समिति पिता, नहेर्नुहोस् स्कुलको रमिता* जस्ता गीतको रचना गरी गाएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । हालसम्म पनि उनी साहित्य सिर्जनामा नै तल्लीन छन् ।

### २.२.९ पुरस्कार र सम्मान

लोकनाथ पोखेल विद्यार्थी अवस्थादेखि नै साहित्यिक प्रतियोगितामा भाग लिई पुरस्कृत भइसकेका व्यक्ति हुन् । उनले समाजमा पुऱ्याएको योगदान स्वरूप विभिन्न सङ्घ संस्थाले पुरस्कृत र सम्मानित गरिसकेका छन् । उनले प्राप्त गरेका पुरस्कार, सम्मानपत्र, प्रशंसा पत्र र धन्यवाद ज्ञापन पत्रहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

क) स्मल हेभव उच्च मा.वि. कल्याणपुर, चितवनबाट पुरस्कृत

ख) २०३७ सालमा जिल्लास्तरीय साहित्यिक गोष्ठीमा प्रथम पुरस्कार

ग) जनसांस्कृतिक मञ्च नवलपरासी नेपालबाट द्वितीय स्थानको .......... सालमा द्वितीय पुरस्कार

घ) डेढगाउँ छात्रवृत्ति अक्षयकोष, स्थापनार्थ डेढगाउँ नवलपरासीबाट २०६० सालमा पुरस्कृत

ङ) डेढगाउँ उच्च मा.वि. डेढगाउँ नवलपरासी, चितवनबाट २०६५ सालमा पुरस्कृत

च) बुङ्दीखोला लघु जलविद्युत् परियोजनाबाट २०६८ सालमा सम्मान प्राप्त

छ) डेढगाउँ गा.वि.स., डेढगाउँ नवलपरासीबाट २०५८ सालमा सम्मान प्राप्त

ज) डेढगाउँ उच्च मा.वि. डेढगाउँ नवलपरासीबाट २०६२ सालमा सम्मान प्राप्त

झ)	डेढगाउँ छात्रवृत्ति अक्षयकोष, डेढगाउँ नवलपरासीबाट २०६५ सालमा प्रशंसापत्र

ञ)	काली गण्डकी प्रा.वि. डेढगाउँ–७, नवलपरासीबाट २०६७ सालमा प्रशंसा पत्र प्राप्त

ट)	सार्वजनिक पुस्तकालय, पोखरा, कास्कीबाट २०६३ सालमा धन्यवाद ज्ञापन पत्र प्रदान

ठ)	सिद्धार्थ क्लब, पोखरा, कास्कीबाट २०६३ सालमा धन्यवाद ज्ञापन पत्र प्राप्त ।

(शोधनायकबाट प्राप्त जानकारी)

यी बाहेक पनि लोकनाथ पोखेलले अन्य पुरस्कार, सम्मानपत्र प्रशंसा पत्र र धन्यवाद पत्र प्राप्त गरेको पाइन्छ ।

## २.३ लोकनाथ पोखेलको व्यक्तित्व

नेपाली साहित्यमा भर्खर मात्र उदाएका लोकनाथ पोखेलको विभिन्न व्यक्तित्व रहेको छ । उनले आफ्नो जीवनमा जतिसुकै आरोह अवरोह आए पनि आफ्नो लक्ष्यबाट कहिल्यै पछि हटेनन् । उनको शारीरिक तथा निजी व्यक्तित्व साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व रहेको छ ।

### २.३.१ शारीरिक तथा निजी व्यक्तित्व

लोकनाथ पोखेलको उचाइ पाँच फिट दुई इच्छ रहेको छ । गहुँगोरो वर्ण, गोलो मुखाकृति भएका पन्तको शारीरिक व्यक्तित्व आकर्षक किसिमको छ । पुष्ट गाला, उज्यालो अनुहार, टम्म मिलेका दाँत भएका लोकनाथ पोखेल सादा जीवन र उच्च विचार बोकेर हिँड्ने, प्रायः सर्ट पाइन्ट, दौरा सुरुवाल र भादगाउँले टोपीमा सजिएर हिँड्दछन् । बेजोड चिन्तनशील र चिन्तनशक्ति भएका पोखेल निर्भीक, निडर र जिज्ञासु प्रतिभा हुन् (शोधनायककी श्रीमतीबाट प्राप्त जानकारी) । यही प्रतिभाका कारण अर्थात् लगनशील र अध्ययनशील बानीले सृजनात्मक दिशातर्फ अग्रसर हुन प्रेरित गरेको देखिन्छ ।

## २.३.२ साहित्यिक व्यक्तित्व

लोकनाथ पोखेल विद्यार्थी अवस्थादेखि नै साहित्यतर्फ रुचि भएको कारण कविता, उपन्यास, काव्य, बालकाव्य, बालउपन्यास, गीत, गजल, निबन्ध र आलेख जस्ता विधाका फुटकर रचनाहरू र सङ्गृहित कृतिको प्रकाशन गरेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) । उनले विभिन्न पत्रपत्रिकामा पनि आफ्ना रचनाहरू प्रकाशन गरेका छन् । उनका कवि, गीतकार, उपन्यासकार, गजलकार र आलेखकार जस्ता साहित्यिक व्यक्तित्व रहेका छन् । उनी हालसम्म पनि निरन्तर रूपमा कविता विधामा साधनारत छन् ।

### २.३.२.१ कवि व्यक्तित्व

युवा अवस्थादेखि नै कविताप्रति आकर्षित भएका लोकनाथ पोखेल वि.सं. २०४६ मा **डेढगाउँले किसानका गीत र कविताहरू** नामक कविता सङ्ग्रह प्रकाशनमा ल्याएपछि कविता विधामा प्रवेश गरेका छन् । उनको **डेढगाउँले किसानका गीत र कविताहरू** कविता सङ्ग्रहमा १५ वटा कविताहरू सङ्गृहीत गरिएको छ । यसैबाट उनको कवि व्यक्तित्व झल्किन्छ । यस बाहेक उनको **मुसल** (२०६७) कविता सङ्ग्रह पनि प्रकाशित छ । यसमा ३४ वटा पद्य कविताहरू, २१ वटा गद्य कविता र २२ वटा मुक्तक, हाइकु र गीति कविताहरू सङ्गृहीत छन् । उनको **ढुकुरकुर** नामक बाल कविता प्रकाशोन्मुख अवस्थामा रहेको छ (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.३.२.२ काव्यकार व्यक्तित्व

लोकनाथ पोखेलको कवि व्यक्तित्वका साथै काव्यकार व्यक्तित्व पनि रहेको छ । उनको वि.सं. २०७० सालमा **नौलो नैतिक दृष्टान्त** नामक नीति काव्य प्रकाशित छ । यसबाट उनको काव्यकार व्यक्तित्व रहेको स्पष्ट हुन्छ । यस काव्यम ा३६९ वटा नैतिक सन्देशले भरिपूर्ण श्लोकहरू रहेका छन् । यस बाहेक **शोककाव्य** नामक कृति प्रकाशोन्मुख अवस्थामा रहेको छ । पोखेल हाल **मञ्जु र मौरी** र **रमाइलो देश** नामक बालकाव्यको सिर्जनामा तल्लीन छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.३.२.३ गीतकार व्यक्तित्व

लोकनाथ पोखेल कवि र काव्यकार व्यक्तित्वसँगै गीतकार व्यक्तित्वका रूपमा पनि देखा परेका छन् । उनले विद्यालय तहमा *हे हाम्रा समिति पिता नहेर्नुहोस् स्कुलको रमिता*

नामक गीत गाएका थिए (शोधनायकबाट प्राप्त जानकारी) । उनको **फर्केर हेर्दा** गीति सङ्ग्रह २०७० सालमा प्रकाशित भएको छ । यसमा ६४ वटा गीतहरू सङ्गृहीत गरिएको छ । यसबाट उनको गीतकार व्यक्तित्व रहेको स्पष्ट हुन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.३.२.४ गजलकार व्यक्तित्व

लोकनाथ पोखेलका विभिन्न व्यक्तित्वमध्ये गजलकार व्यक्तित्व पनि पर्दछ । उनको २०६९ सालमा **नाता माटो र मुटुको** नामक गजल सङ्ग्रह प्रकाशित भइसकेको छ । यस कृतिमा ७८ वटा गजलहरू सङ्गृहीत छन् । यसबाट उनको गजलकार व्यक्तित्व पनि रहेको कुरा स्पष्ट हुन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.३.२.५ उपन्यासकार व्यक्तित्व

लोकनाथ पोखेलको उपन्यासकार व्यक्तित्वमा उपन्यासकार व्यक्ति पनि रहेको छ । उनको २०६३ सालमा प्रकाशित **झस्को** उपन्यास नेपालको राजनीतिक अवस्थालाई चित्रण गरी लेखिएको कृति हो । यस बाहेक उनको **चिठी** नामक उपन्यास प्रकाशोन्मुख अवस्थामा रहेको छ । यसबाट उनको उपन्यासकार व्यक्तित्व पनि रहेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.३.२.६ आलेखकार व्यक्तित्व

लोकनाथ पोखेल नेपाली साहित्यमा निबन्ध जस्तै मानिने संस्मरणात्मक रचनाको पनि सिर्जनामा लागेको पाइन्छ । उनका **डेढगाउँको ऐतिहासिक आलेख** र **जीवनका पाइलाहरू** नामक आलेख प्रकाशोन्मुख अवस्थामा रहेका छन् । प्रकाशोन्मुख अवस्थामा रहे पनि यी कृतिहरू पूर्णरूपमा तयार छन् (शोधनायकबाट प्राप्त जानकारी) । यसबाट उनको आलेखकार व्यक्तित्व रहेको कुरा पुष्टि हुन्छ ।

### २.३.३ साहित्येतर व्यक्तित्व

लोकनाथ पोखेल साहित्यिक व्यक्तित्वका साथै साहित्येतर व्यक्तित्व पनि रहेको पाइन्छ । उनका साहित्येतर व्यक्तित्वमा शिक्षक व्यक्तित्व, राजनीतिक व्यक्तित्व र समाजसेवी व्यक्तित्व समेत रहेका छन् ।

### २.३.३.१ शिक्षक व्यक्तित्व

लोकनाथ पोखेल आफ्नो विद्यालयको अध्ययन पश्चात् शिक्षक पेसामा पनि संलग्न थिए । उनी भारतबाट फर्केपछि गाउँकै तत्कालीन डेढगाउँ निम्न माध्यमिक विद्यालयमा निम्न माध्यमिक तहमा १ वर्षको समयसम्म शिक्षण गरे (शोधनायकबाट प्राप्त जानकारी) । यसबाट उनको शिक्षक व्यक्तित्व रहेको कुरा स्पष्ट हुन्छ ।

### २.३.३.२ राजनीतिक व्यक्तित्व

लोकनाथ पोखेलको राजनीतिक व्यक्तित्व समेत रहेको पाइन्छ । उनी २०२७ सालदेखि नै वामपन्थी पार्टीमा आबद्ध थिए (शोधनायकबाट प्राप्त जानकारी) । विद्यर्थी जीवनमा नै राजनीतितर्फ आकर्षित बनेका पोखेल विशेष गरी कम्युनिष्ट विचारधाराप्रति आकृष्ट थिए । उनले समाजमा भएका अन्याय र अत्याचारप्रति खुलेर विरोध गर्दथे । समाजमा बढ्दै गएको विभेद र अत्याचारको विरोध गरी समानतामुखी समाज निर्माणतर्फ वामपन्थी विचार मिल्ने भएकाले यसप्रति आफू आकर्षित भएको उनको भनाइ छ ( शोधनायकबाट प्राप्त जानकारी) । यसबाट उनको राजनीतिक व्यक्तित्व समेत रहेको पुष्टि हुन्छ ।

### २.३.३.३ समाजसेवी व्यक्तित्व

लोकनाथ पोखेल एक समाजसेवी व्यक्ति पनि हुन् । उनले विशेषगरी नवलपरासी जिल्लामा धेरै सुधारका कार्य गरेका छन् । उनले आफ्नो गाउँ र समाजको बारेमा गीत नै तयार पारेका छन् । जसलाई **डेढ गाउँले किसानका गीत र कविताहरू** नाम दिएर कृति नै प्रकाशित गरेका छन् । उनले आफ्नो गाउँमा हेमलाल हेमावली छात्रवृत्ति अक्षयकोषको स्थापना गरी आफ्ना आमाबाबुको सम्झनामा छात्रवृत्ति प्रदान गर्दछन् । सिद्धार्थ सामुदायिक अध्ययन केन्द्र डेढगाउँका सल्लाहकार हुन् । उनको समाजसेवा प्रतिको सेवाभावलाई विभिन्न सङ्घ संस्थाहरूले सम्मानपत्र, धन्यवाद ज्ञापन गर्नुका साथै पुरस्कार र प्रशंसा पत्र समेत प्रदान गरेका छन् (शोधनायकबाट प्राप्त जानकारी) । यसबाट उनको समाजसेवी व्यक्तित्व रहेको पुष्टि हुन्छ ।

## २.४ निष्कर्ष

उपन्यासकार लोकनाथ पोखेलले आफ्नो जीवन भोगाइका अनुभवहरू आफ्ना कृतिमा आफू जन्मे हुर्केको गाउँ, ठाउँ, घरपरिवार, समाज र जीवन भोगाइका क्रममा आइपरेका तीता मीठा अनुभवलाई समेटी साहित्य सिर्जना गरेका छन् । कुनै पनि कृतिको अध्ययन गर्नु पूर्व कृतिकारको जीवनी अध्ययन गर्नु आवश्यक हुन्छ । उनको **झस्को** (२०६३) उपन्यासको विधातात्विक दृष्टिले अध्ययन गर्नु पूर्व उनको पारिवारिक पृष्ठभूमिको अध्ययन गरिएको छ । यस अध्यायमा लोकनाथ पोखेलको जन्म र जन्मस्थान, पारिवारिक पृष्ठभूमि र बाल्यकाल, प्रारम्भिक शिक्षा र शिक्षा–दीक्षा, साहित्यिक प्रेरणा र प्रभाव, विवाह तथा पारिवारिक जीवन, बसोबास तथा आर्थिक अवस्था, कार्यक्षेत्र र संलग्नता, पुरस्कार र सम्मानको अध्ययन गर्नुका साथै पोखेलको व्यक्तित्वमा शारीरिक, साहित्यिक र साहित्येतर व्यक्तित्वको समेत अध्ययन गरिएको छ । साहित्यकार व्यक्तित्वमा कवि, काव्यकार, गीतकार, गजलकार, उपन्यासकार र आलेखकार व्यक्तित्व रहेका छन् भने साहित्येतर व्यक्तित्वमा शिक्षक व्यक्तित्व राजनीतिक व्यक्तित्व र समाजसेवी व्यक्तित्व भएको कुरा पुष्टि हुन्छ ।

# परिच्छेद : तीन

# उपन्यासको सैद्धान्तिक अध्ययन

# परिच्छेद : तीन

# उपन्यासको सैद्धान्तिक अध्ययन

## ३.१ विषय परिचय

उपन्यास साहित्यको आख्यानात्मक विधा हो । विश्व साहित्यमै आधुनिक विधाका रूपमा चिनिएको उपन्यास विधा गद्य शैलीमा लेखिने विधाका रूपमा चिनिन्छ । उपन्यास विधालाई चिनाउन यसको व्युत्पत्ति, अर्थ, परिभाषा, स्वरूप र तत्त्वहरूको विश्लेषण गरिएको छ । यसका साथै उपन्यासको वर्गीकरण पनि यस अध्यायमा गरिएको छ ।

## ३.२ उपन्यासको व्युत्पत्ति र अर्थ

आधुनिक साहित्यका विविध विधाहरूमध्ये 'उपन्यास' शब्दले साहित्यको एउटा समृद्ध विधालाई जनाउँछ । यसले समाजको समसामयिक यथार्थलाई र जीवन जगत्को साङ्गोपाङ्ग चित्रण गर्दछ । यो सबैभन्दा पछाडि जन्मिएको साहित्यिक विधा हो (दाहाल, सन् १९९३ : ५) । उपन्यास शब्दको व्युत्पत्ति पूर्वीइ र पाश्चात्य साहित्यमा फरक–फरक तरिकाले गरिएको छ जसलाई निम्नानुसार यसरी प्रस्तुत गरिएको छ :

### ३.२.१ पूर्वीय मान्यतामा उपन्यासको व्युत्पत्ति र अर्थ

संस्कृत शब्द उपन्यासको निर्माण 'अस' धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'धञ' प्रत्यय लागेर भएको देखिन्छ र 'अस्' धातुको अर्थ 'राख्नु' भन्ने हुन्छ । यसको शाब्दिक अर्थ 'कुनै पनि वस्तुलाई कसैको समीपमा राख्नु' हुन्छ (न्यौपाने, २०५९ : १७८) अर्थात् 'उपको' अर्थ 'नजिक' र 'न्यास' को अर्थ 'राख्नु' हुन्छ । त्यसैले उपन्यासको अर्थ 'नजिक राखिएको वस्तु' भन्ने हुन्छ (प्रधान, २०६१ : १३) । उपन्यास शब्दको सोझो अर्थ निकटस्थ वस्तु या जीवनको अनुभूति हो । यसलाई नियाल्दा साहित्यका अन्य विधाहरूमा भन्दा उपन्यासमा ज्यादै निकटता, स्वच्छता, स्वाभाविकतापूर्वक जीवनको अध्ययन गरिएको हुन्छ (पोखरेल, २०४० : १७९) ।

संस्कृतमा उपन्याससँग नजिकको साइनो गाँस्ने रचना विशेषलाई आख्यायिकाका रूपमा चर्चा गरिएको छ । वाण भट्टको 'कादम्बरी' दण्डीको 'दशकुमार चरित' आदि गद्य रचनाहरू आख्यायिकाका रूपमा संस्कृत साहित्यमा परिचित छन् । तापनि गद्यात्मक रचनाले आज प्रचलित उपन्यासको स्पष्ट विधागत स्वरूप र अस्तित्वलाई आत्मसात् गर्न सकेको भने देखिँदैन (बराल र एटम, २०५६ : ३) ।

## ३.२.२ पाश्चात्य मान्यतामा उपन्यासको व्युत्पत्ति र अर्थ

पाश्चात्य साहित्यमा उपन्यासलाई Novel को पर्यायवाची शब्दको रूपमा लिइन्छ । Novel शब्दको उत्पत्ति इटालेली भाषाको Novella बाट भएको हो । जसको अर्थ 'अलिकति नयाँ वस्तु' अर्थात 'A little new thing' भन्ने हुन्छ (बराल र एटम, २०५६ : ३) । नोबल शब्द प्रयागेमा आउनुभन्दा अगाडि 'फिक्सन' शब्द प्रचलित भयो । जसको अर्थ 'आख्यान' थियो । अर्कातिर रोमान्सले पनि आख्यानकै अर्थ वहन गर्दथ्यो । विकासका ऐतिहासिकि चरणहरू हेर्दा उपन्यास पूर्वको कथारूप रोमान्सको संसारमा भेटिन्छ (प्रधान, २०६१ : १४) । रोमान्सलाई प्रेम र शौर्य वर्णनमा अवलम्बित कथा भने हुन्छ । रोमान्स इतिहास अनुप्राणित तर कल्पनामा आधारित हुने हुनाले अपेक्षाकृत यथार्थ जीवनसँग सानिध्य राख्ने उपन्याससँग दाँजिन सक्दैनन्, केवल आफ्नो बेग्लै यथार्थको संसार सृष्टि गर्ने उपन्यासका स्रोत भने हुन सक्छन् ।

चौधौँ शताब्दीको मध्यदेखि औपन्यासिक ढङ्गका प्रारम्भिक खुड्किलाहरूका रूपमा गद्यको प्रयोग साथै बोलीचालीका भाषामा साहसिक अलौकिक प्रेमकथाहरू आउन थाले । इटालेली कथाकार जिओवानी बोकासियोको 'डेकामेराँ' का कथाहरू यस परम्पराका सबैभन्दा रोचक नयाँ र आकर्षक कथाकृतिका रूपमा देखिन्छन् (प्रधान, २०६१ : १४) ।

रोमान्सेली प्रवृत्तिलाई त्याग्दै यथार्थ चित्रण गर्ने प्रवृत्तिलाई लिएर अङ्ग्रेजी साहित्यमा डेनियल डिफो, सेम्युअल रिचर्ड्सन्, हेनरी फिल्डिङ, स्मोलेट स्टर्न आदि उपन्यासकारहरू प्रारम्भमा देखा परे । यिनीहरूकै लेखनीबाट विश्वमा उपन्यास विधाको जन्म भयो (श्रेष्ठ र शर्मा, २०५६ : ९६) । त्यसपछि अङ्ग्रेजी उपन्यासको एक निश्चित मौलिक यथार्थिक रूप कायम भयो । फलतः उपन्यास मानव समाजको उत्थान र पतनको प्रतिबिम्ब झल्काउने एक सर्वश्रेष्ठ विधा बन्यो र विश्वव्यापी लोकप्रियता (उपाध्याय, २०४९ : १५५) प्राप्त भयो ।

## ३.३ उपन्यासको परिभाषा

उपन्यासलाई पाश्चात्य साहित्यको देनको रूपमा लिइन्छ । उपन्यासमा विभिन्न स्थितिमा विभिन्न दृष्टिकोण अँगालिएको छ । यसमा विविध प्रविधि र प्रणालीद्वारा व्यक्त धारणा तथा परिभाषा पनि विविध छन् । पूर्वीय, पाश्चात्य तथा नेपाली विद्वान्हरूले आ–आफ्नै ढङ्गबाट उपन्यासलाई चिनाउने प्रयत्न गरेका छन् । तीमध्ये केही विद्वान्हरूका परिभाषा निम्नानुसार छन् :

गद्यमा लेखिएका सुखान्त काव्य नै उपन्यास हो ।" – फिल्डिङ

"वास्तविक जीवन, चालचलन र आफ्नो समयको तस्वीर उपन्यास उतार्छ ।" – क्लारा रिब्स (उपाध्याय, २०४९ : १५५)

"हालको जटिल एवम् सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्करहरूद्वारा पीडित मानवजातिको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो ।" – इ.एम. फोस्टर

"उपन्यास कोरा कथात्मक गद्य लेखन होइन, यो त मानव जीवनको गद्य हो । उपन्यास कला नै पहिलो कला हो, जसले मानवको सम्पूर्ण जीवनलाई अभिव्यक्त गर्ने प्रयास गर्छ ।" – राल्फ फक्स (बराल र एटम, २०५६ : ७)

"उपन्यासको रुचि र अस्तित्व जहाँ पनि नारी र पुरुषको जीवनका साथै मानवीय कार्य र भावनाको भव्य चित्रण गर्नुमा रहेको छ ।" – डब्लु.एच. हड्सन

"धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक कथा तथा चरित्र प्रधान गद्य महाकाव्य नै उपन्यास हो ।" – बहृत् नेपाली शब्दकोश (पोखरेल र अन्य, (सम्पा.), २०४० : ७५६) ।

"उपन्यास जीवन र जगत्प्रति नै एक विहङ्गम दृष्टि हो, जसलाई बुझ्ने केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ । यथा तथ्यको उद्घाटन मात्र नभएको यो एक सम्पूर्ण, जीवन मनुष्यको संसार हो ।" – कृष्णचन्द्रसिंह प्रधान (प्रधान, २०६१ : ९७)

"उपन्यास यथार्थमा भावनाको भाषा र जीवनको उद्गार हो । साँचो उपन्यास जीवनको छायाँ नै हुन्छ । साँचो उपन्यास जीवनको छायाँ नै हुन्छ । साँचो उपन्यास नै जीवनको मार्ग हो ।" – इन्द्रबहादुर राई (राई, २०५२ : ४०)

"बहुविध संरचनात्मक एकाइहरूद्वारा हरेक अङ्क परम्परामा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिभरिको समय र स्थानभित्र विस्तारित भएको कला सौन्दर्य कथात्मक गद्यलाई उपन्यास भनिन्छ ।" – दयाराम श्रेष्ठ (श्रेष्ठ र शर्मा, २०५६ : ९७)

"लौकिक भावनाद्वारा ओतप्रोत भई मानव मनका सूक्ष्म मनोवैज्ञानिक अङ्कन गर्ने जीवनका अन्तरङ्गी र बहिरङ्गी चित्र (प्रकृति) लाई पनि प्रतिबिम्बित पार्ने आधुनिक कला उपन्यास हो ।" – प्रतापचन्द्र प्रधान (प्रधान, २०४० : ३७)

"पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।" – राजेन्द्र सुवेदी (सुवेदी, २०५३ : ८)

"मानव र समाजसँग सम्बन्धित सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्न आवश्यक लम्बाइ भएको गद्याख्यानलाई उपन्यास भनिन्छ ।" – कृष्णहरि बराल र नेत्र एटम (एटम र बराल, २०५६ : ८)

उपन्यासका बारेमा दिइएका माथिका विभिन्न विद्वान्हरूका परिभाषाहरूलाई हेर्दा फरक–फरक विचार देखा पर्छन् । यहाँ कसैले घटना, कसैले चरित्र, कसैले शैली, कसैले रूप र कसैले वस्तु पक्षलाई प्राथमिकता दिएका छन् । त्यसैले हरेक विद्वान्को परिभाषा फरक–फरक छ । कसैको पनि परिभाषामा मतैक्यता रहेको पाइँदैन । माथिका विद्वान्का परिभाषालाई आत्मसात् गरी उपन्यासलाई यसरी चिनाउन सकिन्छ :

मानवीय जीवनका यावत् घटनालाई समेटिएको लामो आयाम भएको आफैमा पूर्ण आख्यानात्मक र गद्यात्मक विधा नै उपन्यास हो ।

## ३.४ उपन्यासको स्वरूप

प्राचीन युग कविता काव्यको र आधुनिक युग उपन्यास विधाको युग मानिन्छ । समाजमा रहेका व्यक्तिका साथै सामाजिक यथार्थको चित्रण गर्नु उपन्यासको मूल धर्म बन्न थाल्यो । साहित्यका जति रूप विधान हुन्छन्, तिनमा उपन्यासको रूप विधान सबैभन्दा लचिलो हुन्छ । अनि त्यो परिस्थिति अनुसार कुनै पनि रूप निर्धारण गर्न सक्छ (वर्मा तथा अन्य (सम्पा.) २०२० : १४४) । युग र परिस्थिति अनुरूप साहित्यिक विधाको पनि स्वरूपमा परिवर्तन आउने हुनाले उपन्यासको स्वरूपको बारेमा पनि किटान गर्न सकिँदैन ।

उपन्यास साहित्यको सशक्त विधा मानिन्छ । व्यापक पृष्ठाधार भएको उपन्यास कुनै समय र सीमाको अधिनमा बाँधिएको हुँदैन । यही सीमामा बाँधिएर उपन्यासले समाज वा मानवीय जीवनको समग्रता र सम्पूर्णतालाई प्रक्षेपण गर्दछ (श्रेष्ठ र शर्मा, २०५६ : ९४) । यो मनोरञ्जक कथात्मकताले गर्दा अरू भन्दा रोचक, विस्तृत परिवेशले गर्दा अझ व्यापक, बन्धनशील स्वरूपले गर्दा सधैँ परिवर्त्य, जीवनको निकटम चित्र हुनाले बढी यथार्थ, प्रयोगधर्मी सम्भावनाले गर्दा सधैँ नवीन र मानसिक रहस्यको उद्घाटन गर्ने भएकाले अति गहन तथा सूक्ष्म हुन्छ (प्रधान, २०६१ : २) । उपन्यासभित्र दृश्य, पात्र, घटना, चरित्र, उद्देश्य आदि जस्तै थुप्रै कुराहरूको संयोजन हुन्छ । उपन्यासको नैसर्गिक कोमलताले यसलाई शास्त्रीयता जस्तोको विधि निषेधबाट पनि मुक्त राखेको छ । दृष्टिको तीव्रता सम्पन्न भएका आलोचकहरूबाट पनि विज्ञान र गणितीय पद्धतिबाट जीवनको चिरफार र नापतौल गर्न अवश्य पनि सम्भव छैन (सुवेदी, २०५३ : ५) । जीवनको प्राकृतिकतालाई कृत्रिम र निर्मितका प्रवाहमा धकेल्न खोज्नु भनेको शास्त्रीय विधि र निषेधका रेखामा साँघुर्‍याउन खोज्नु उपन्यासलाई मात्र होइन, जीवनको नैसर्गिकतालाई सूत्रबद्ध गर्न खोज्नु हो । त्यसकारण उपन्यासलाई जीवनको मर्यादित पक्ष जत्तिकै स्वतन्त्र रहन दिनुपर्छ (सुवेदी, २०५३ : ५) । निश्चित काल, समय र परिस्थितिमा नबाँधिएर पनि उपन्यासमा प्रशस्त्र विविधता देखा परे ।

उपन्यासमा जीवनका सूक्ष्म, स्थूल, असाधारण एवम् साधारण तथ्यहरूलाई यथार्थ रूपमा उतार्न सकिन्छ । उपन्यासमा सिङ्गो युगको जानकारी, समस्त सामाजिक धरातलको सर्वेक्षण र जीवनको साङ्गोपाङ्ग रहे पनि एउटा यस्तो संयोजन र अन्वयमा तिनीहरूमा अन्तर्निहित भएका हुन्छन्, जसको सम्पूर्णतामा उपन्यासले आकार ग्रहण गर्दछ । समय, ठाउँ र महत्त्वको ख्याल राखेर तिनीहरूले कुनै निश्चित शैलीद्वारा शृङ्खलाबद्ध गरी कुनै एउटा रूपमा ढालेर समग्रतामा चित्रित गर्नु नै उपन्यासको स्वरूप हो (प्रधान, २०६१ : ४) ।

उपन्यासको स्वरूप यही हुन्छ भनेर किटान गर्न गाह्रो पर्दछ तापनि यसका अङ्गहरूको आवश्यक संयोजन, सुसङ्गठन र परिपूर्णताद्वारा नै उपन्यासको स्वरूप निर्माण हुन सक्छ भन्न सकिन्छ ।

## ३.५ उपन्यासका तत्त्वहरू

उपन्यास संरचनाका लागि नभई नहुने महत्त्वपूर्ण कुराहरूलाई उपन्यासका तत्त्व भनिन्छ । यस्ता तत्त्वहरू कतिपय अनिवार्य हुन्छन् भने कतिपय गौण वा सहायक रूपमा रहेका हुन्छन् । विभिन्न विद्वान्हरूले आ–आफ्नै दृष्टिकोण अनुसार उपन्यासका तत्त्वबारे चर्चा गरेका छन् । हड्सनले सानो र ठूलो, असल र खराब जुनसुकै उपन्यासका संरचनाका लागि कथावस्तु, चरित्रचित्रण, संवाद, देशकाल र वातावरण, शैली, उद्देश्य वा जीवनदर्शन गरी ६ वटा तत्त्वहरू आवश्यक ठानेका छन् (न्यौपाने, २०५९ : २०३) । धीरेन्द्र वर्माले कथावस्तु, पात्र, संवाद, देशकाल–वातावरण, शैली र जीवन दर्शनलाई उपन्यासका प्रमुख तत्त्व मानेका छन् (वर्मा तथा अन्य (सम्पा.), २०४० : १२३) । उपन्यासका प्रमुख तत्त्वहरूमा कृष्णचन्द्रसिंह प्रधानले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्य ( प्रधान, २०६१ : ७) मानेका छन् । मोहन हिमांशु थापाले कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्य (थापा, २०५० : १२७) उपन्यासका प्रमुख तत्त्व मानेका छन् । केशवप्रसाद उपाध्यायले कथावस्तु, चरित्र, संवाद, देशकाल–वातावरण, शैली र जीवन दर्शनलाई (उपाध्याय, २०४९ : १६२) उपन्यासका तत्त्व भनेका छन् । कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र र चरित्र चित्रण, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक, बिम्ब, गति र लयलाई उपन्यासका तत्त्वका रूपमा लिएका छन् (बराल र एटम, २०५६ : २१) ।

यी विभिन्न विद्वान्हरूका विचारहरूलाई हेर्दा उपन्यासको आधारभूत तत्त्वका बारेमा मतैक्य देखिँदैन । विभिन्न विद्वान्हरूको धारणालाई मनन गरी उपन्यासका प्रमुख तत्त्वहरू निम्नानुसार देखाउन सकिन्छ :

(क) कथानक

(ख) चरित्र

(ग) दृष्टिबिन्दु

(घ) परिवेश

(ङ) उद्देश्य

(च) संवाद

(छ) भाषाशैली

### ३.५.१ कथानक

उपन्यास रचनाका लागि आवश्यक पर्ने तत्त्वहरू मध्येको सबैभन्दा महत्त्वपूर्ण तत्त्व कथानक हो । यो उपन्यासको कच्चा सामग्री हो । कथानक उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यो कार्यकारण शृङ्खलामा आबद्ध घटनाक्रम हो । यसले धेरै घटनाहरूको संयोजन गरेको हुन्छ । यी घटनाहरू कार्यकारण शृङ्खलाबाट कसिएका र व्यवस्थित गरिएका हुन्छन् । विभिन्न घटना र तिनीहरूको एक सूत्रताको माध्यमबाट जुन एउटा कथानक बन्दछ, त्यस्तो कथानक उपन्यासको प्राण हो (न्यौपाने, २०५९ : २०३) । कथानकमा तर्क, बुद्धि, कल्पनाजस्ता साधनाहरू प्रयोग गरी घटनाहरूको लामो शृङ्खला प्रस्तुत गरिएको हुन्छ ।

कथानकका स्रोतहरू इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पना रहेका हुन्छन् । कथानक दुई प्रकारको हुन्छ । उपन्यासकारले कथानकलाई रैखिक कथानक ढाँचा र वृत्ताकारीय कथानक ढाँचा गरी व्यक्त गरेको हुन्छ । कथानकको आङ्गिक विकास आदि, मध्य र अन्त्यको शृङ्खलामा योजनाबद्ध ढङ्गले मिलेको छ भने त्यहाँ रैखिक किसिमको कथानक हुन्छ । यदि कथानकको विकास आदि, मध्य र अन्त्यमा नमिलेर उपन्यासको अन्त्य भाग अगाडि, मध्यभाग अन्तमा र आदि भाग बिचमा अर्थात् जतासुकै पनि आउन सक्छ त्यहाँ वृत्ताकारीय कथानक हुन्छ ।

कथानक क्षीण भएको अवस्थामा र उपन्यासमा कथानकको पूर्ण विकास सम्भव हुँदैन । कथानकको विकासका क्रममा आदि, मध्य र अन्त्य भाग क्रमशः आउनै पर्छ भन्ने नियम हुँदैन । उपन्यासमा कथानकको प्रयोग सधैँ वर्तमानबाट भविष्यतिर जाने खालको हुँदैन । यसैले उपन्यासमा प्रयोग गरिने यस्तो शैलीलाई पूर्वदीप्ति भनिन्छ । कथानकलाई मुख्य र सहायक, सरल र संयुक्त, सुगठित र व्यवस्थित गरी विभाजन गरिन्छ ।

### ३.५.२ चरित्र

उपन्यासमा प्रयोग गरिने व्यक्तिलाई पात्र वा चरित्र भनिन्छ । उपन्यासमा व्यक्तिः मात्र नभएर व्यक्ति जस्तै भई उपस्थित हुने अन्य वस्तुको पनि सहभागिता रहन्छ । उपन्यास जीवन र जगत्सित सम्बन्धित इतिवृत्त हो, चरित्र त्यस इतिवृत्त घटनाको प्रतिनिधि हो ।

पात्रको चरित्र भनेको उसको जीवन शैली र प्रकार्यात्मक हो । पाठकलाई पात्रबारे र पात्रका चरित्र एवम् व्यक्तित्वबारे अवगत गराउन लेखकले प्रयोग गरेको विवरण वा समातेको उपायलाई चरित्र चित्रण भनिन्छ । आख्यानमा पात्र त्यो तत्त्व हो, जसद्वारा कार्य व्यापार अगाडि बढ्छ वा गति पाउन सफल हुन्छ । पात्रविहीन उपन्यासको कल्पना सम्भव हुँदैन (नेपाल, सन् २०११ : ५४) ।

चरित्रलाई कुनै पनि उपन्यासको एक महत्त्वपूर्ण संरचक घटक मानिन्छ किनभने क्रिया व्यापार र द्वन्द्व बिना कथानक न त गतिशील हुन्छ न त प्रभावोत्पादक हुन्छ । तसर्थ क्रिया व्यापार र द्वन्द्वको स्थिति सृजना गर्न चरित्रको अनिवार्य उपस्थिति रहनु पर्छ ।

काल्पनिक व्यक्तिको व्यक्तित्वलाई प्रकाश पार्दै तिनीहरूको चरित्र कस्तो छ भनी देखाउने लेखकको तरिकालाई चरित्रचित्रण भनिन्छ । यसमा कुनै व्यक्तिको चरित्र कस्तो छ ? भन्ने कुरा पाठकलाई बताइन्छ । यो एक प्रकारले लेखकद्वारा कल्पित व्यक्ति वा पाठकसँग पात्रको परिचय गराउने प्रविधि हो । चरित्र चित्रणको सफलतामा उपन्यासको विकास अगाडि बढ्ने गर्दछ । चरित्र चित्रण प्रत्यक्ष विधि, कार्यमा चरित्र, स्वयम्को सहभागिता र चरित्रको आन्तरिक स्वको प्रस्तुतिका आधारमा गरिन्छ (बराल, २०६९ : ६८) । चरित्र नै उपन्यासलाई गति दिने संरचक तत्त्व हो भन्न सकिन्छ । उपन्यासमा चरित्रको चित्रण गर्दा कार्य, लिङ्ग, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा गरिन्छ ।

### ३.५.३ दृष्टिबिन्दु

दृष्टिबिन्दु त्यो स्थिति, स्थान वा सीमा हो, जसका माध्यमबाट उपन्यासकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्ग समक्ष पुऱ्याउँदछ । उपन्यासकार र पाठकवर्ग बिचको सम्बन्ध सूत्र दृष्टिबिन्दु हो ।

दृष्टिबिन्दु भनेको उपन्यास कथनको तरिका वा पद्धति पनि हो । कथावस्तुलाई पाठकवर्गको निम्ति संवेद्य एवम् सम्प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टिबिन्दुले खेल्दछ । यो घटक प्रस्तुतीकरणसँग सम्बद्ध हुन्छ ।

कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरिसकेपछि उपन्यासकार सामु के प्रश्न आउँदछ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर त्यस कथावस्तुलाई एउटा ठोस आकार

वा संरचना प्रदान गर्ने ? त्यस प्रश्नको समाधान नै दृष्टिबिन्दुले गर्दछ (श्रेष्ठ, २०६७ : १०) । संरचनालाई पूर्णता प्रदान गर्ने संवेदनशील कार्य दृष्टिबिन्दुले गर्दछ ।

उपन्यासात्मक दृष्टिबिन्दु आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ । आन्तरिक दृष्टिबिन्दु केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ भने बाह्य दृष्टिबिन्दु सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारको हुन्छ ।

दृष्टिकेन्द्री पात्र उपन्यासमा प्रथम पुरुषको रूपमा रहँदा आन्तरिक दृष्टिबिन्दु हुन्छ । यस अन्तर्गत केन्द्रीय दृष्टिबिन्दुमा स्वयम् उपन्यासकार वा अरू कुनै पात्र 'म' को रूपमा रहन्छ र उसकै केन्द्रीयतामा उपन्यास प्रस्तुत हुन्छ । यस दृष्टिबिन्दुबाट कथित उपन्यासमा मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत गरिन्छ । परिधीय दृष्टिबिन्दुमा 'म' पात्र त रहन्त तर उपन्यासमा त्यसको स्थान कि त गौण रहन्छ कि त तटस्थ रहन्छ । यस्तो दृष्टिबिन्दुमा लेखिएको उपन्यासको केन्द्र अर्कै पात्र बनेको हुन्छ र 'म' पाले त्यही मुख्य पात्रलाई प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ ।

उपन्यासमा दृष्टिकेन्द्री पात्र तृतीय पुरुषमा रहँदा बाह्य दृष्टिबिन्दु हुन्छ । यस अन्तर्गत सर्वदर्शी दृष्टिबिन्दुमा उपन्यासकारले प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै ती पात्रहरूको आन्तरिक जीवनको चिनारी दिन्छ । सीमित दृष्टिबिन्दुमा केवल एक मात्र पात्रको मानसिक संसारको विचरण गरिएको हुन्छ (श्रेष्ठ, २०६७ : १०–१२) । यिनै दुई दृष्टिबिन्दुको केन्द्रीयतामा वर्णन विवरण दिने पात्रको संवाद, मनोवाद वा एकालापको प्रयोग गरी कथानकको ढाँचा वा पद्धतिलाई उत्कृष्ट तुल्याउन सकिन्छ ।

## ३.५.४ परिवेश

परिवेश भनेको घटना घटने स्थान, समय तथा पाठको् मनोभाव वा वातावरण हो । देश, काल र वातावरणको संयुक्त रूप परिवेश हो । देशकालले भौगोलिक स्थान तथा समयको ऐतिहासिक गतिका साथै उपन्यास पढ्दा उत्पन्न हुने मुडलाई बुझाउने गर्छ । यो कहाँ र कहिले भन्ने प्रश्नको उत्तरका रूपमा आउँछ । देशको तात्पर्य स्थान भन्ने हो । यस अन्तर्गत प्राकृतिक बाह्य जगत् र मानवद्वारा निर्मित वस्तुहरू पर्दछन् । स्थानको उचित प्रयोग बिना उपन्यासमा साहित्यिक विश्वसनीयता उत्पन्न हुन सक्दैन । उपन्यासमा यसको स्थान अनिवार्य मानिन्छ ।

उपन्यासमा समयको महत्त्व हुन्छ । समय अनुसारका पात्र र घटना चयन गर्न सकिएन भने उपन्यास विश्वसनीय हुँदैन । उपन्यासमा देशकालको प्रयोगको कुनै सीमा हुँदैन । उपन्यासमा ब्रह्माण्डका सबै ठाउँलाई आधार बनाएर लेख्न सकिन्छ । यसमा काल्पनिक स्थानको प्रयोग पनि गर्न सकिन्छ ।

उपन्यासमा वातावरणको तात्पर्य पाठकमा हुने संवेगात्मक परिवर्तन हो । उपन्यास पढ्पछि वा पढ्दै जाँदा पाठकमा पर्ने मानसिक असरलाई वातावरण भनिन्छ । उपन्यासमा कथानक, चरित्र, देशकाल, भाषा मिलेर पाठकमा भावुकता भर्न सहयोग पुऱ्याउँछन् । पाठकको मनमा कस्तो संवेदना भर्ने भन्ने कुरा लेखकको चाहनामा भर पर्छ (बराल र एटम, २०६६ : ३३) । यसरी उपन्यासमा स्थान, समय र वातावरणको समुचित प्रयोग गरिन्छ ।

## ३.५.५ उद्देश्य

उपन्यासमा समाविष्ट केन्द्रीय वा सारभूत अंशलाई उद्देश्य भनिन्छ । उपन्यासकारले कृतिका माध्यमबाट जीवनबारे आफ्नो छुट्टै धारणा राखेको हुन्छ । पाठकलाई एउटा सन्देश दिन चाहेको हुन्छ । आफ्नो उपन्यासमा जीवनजगत्का यावत् पक्षलाई यथार्थ ढङ्गले प्रस्तुत गरेको हुन्छ । यसलाई उपन्यास सिर्जनाको लक्ष्य वा उद्देश्य मान्ने गरिन्छ । उपन्यासमा खास गरी सामाजिक समस्या र वैयक्तिक जीवनमा विभिन्न विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णन मात्र नभएर तिनीहरूको जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोण प्रस्तुत गरिएको हुन्छ (प्रधान, २०६१ : ११) । उपन्यासकारले औपन्यासिक उद्देश्य प्रस्तुत गर्दा कलात्मक र अप्रत्यक्ष किसिमले व्यक्त गर्नुपर्छ । उपन्यासकारका विचार र उद्देश्यहरू व्याख्यान, प्रवचन, भाषण र ठाडो अर्ती उपदेश र नाराका रूपमा नआएर स्वाभाविक रूपमा प्रत्यक्ष किसिमले आएको हुनुपर्छ । उद्देश्य उपन्यासमा जति आवश्यक छ त्यति नै त्यो कलात्मक र अप्रत्यक्ष रूपमा रहनु आवश्यक छ । त्यसैले उपन्यासकारले विचार औपन्यासिक उद्देश्य वा सारवस्तु प्रस्तुत गर्दा निकै सजग र सतर्क रहनुपर्छ (पोखरेल, २०४० : १६) ।

## ३.५.६ संवाद

उपन्यासमा वर्णित पात्रहरू बिचको कुराकानी नै संवाद हो । पात्रपात्रका बिच आ–आफ्ना विचार, भावना र मनोरोगहरूलाई व्यक्त गर्नका लागि हुने वार्तालापलाई संवाद

भनिन्छ (उपाध्याय, २०४९ : १७२) । पात्रका अन्तर र बाह्य जगत्का दुवै जटिलताहरू, कुण्ठा र वितृष्णाहरू, आकर्षण र उत्साहका प्रसङ्गहरू उपन्यासका संवादबाटै व्यक्त हुँदै जान्छन् । उपन्यास वर्णन प्रधान हुने हुनाले संवाद अनिवार्य नै नभए पनि यसमा नवीनता, रोचकता र कौतूहलपूर्ण स्थिति र वातावरणको सिर्जना गर्न संवादको महत्त्वपूर्ण भूमिका रहन्छ । लेखकले एकोहोरो वर्णन गर्दा कृति खल्लो बन्न जान्छ । यस्तो ठाउँमा पात्रलाई अगाडि सारेर वर्णन गरेमा उपन्यास स्वाभाविक र आकर्षक बन्न जान्छ । उपन्यासकारको शैल्पिक कौशल संवादमा जाँच्न सकिन्छ । त्यसैले संवादलाई आकर्षक बनाउन लेखकले सावधानी र सतर्कताको पालना गर्नुपर्छ । संवादलाई रोचक र कौतुहलपूर्ण बनाउनको लागि सङ्क्षिप्तता, सहजता, सार्थकता, परिमितताको उपयोग हुनुपर्दछ (उपाध्याय, २०४९ : १७२) । पात्रहरूको मानसिक, बौद्धिक र सामाजिक स्तर अनुकूल र देशकाल परिस्थिति सुहाउँदो पारेर मात्रै संवादको प्रयोग गर्नुपर्छ ।

### ३.५.७ भाषाशैली

उपन्यास भाषामा लेखिन्छ । भाषा नै पढेर पाठकले अर्थबोध गर्छ । समीक्षकले भाषाकै आधारमा विश्लेषण गर्छ । चरित्र उपन्यासको घटना घटित भएको ठाउँ तथा समय पनि भाषाकै आधारमा तयार हुन्छन् । यसरी हेर्दा उपन्यासका लागि भाषा नै सर्वस्व हो । उपन्यासको महत्त्वपूर्ण तत्त्वका रूपमा भाषालाई लिइन्छ । भाषा बिना उपन्यासको रचना सम्भव छैन (प्रधान, २०६१ : १०) । उपन्यास कथनको माध्यम नै भाषा हो ।

उपन्यासको मूल विषय, कथावस्तु, घटना, चरित्र आदि सामग्री पूर्णरूपमा तयारी भइसकेपछि तिनीहरूलाई निश्चित रूप दिन उपन्यासकारले जुन भाषिक कुशलता अपनाउँछ, त्यस्तो ढाँचालाई शैली भनिन्छ । उपन्यासकारले जुन भाषिक कुशलता अपनाउँछ र उपन्यासमा कस्तो भाषा प्रयोग गर्छ भन्ने तरिका शैली हो । कथानक, चरित्र चित्रण, विषयको आबद्ध प्रस्तुतीकरणमा शैलीको वैशिष्ट्य रहेको उपन्यासकारको शैली नै व्यक्तित्वको परिचायक हो । भाषाशैलीभित्र बिम्ब प्रतीक पनि पर्दछन् । सले उपन्यासको भाषालाई कसिलो र विशिष्ट बनाउन मद्दत पुऱ्याउँदछन् ।

## ३.६ उपन्यासको वर्गीकरण

उपन्यासलाई विभिन्न आधारमा वर्गीकरण गरेको पाइन्छ । विभिन्न विद्वान्हरूले आ–आफ्नै तरिकाले वर्गीकरण गरेका भए पनि वर्गीकरणको आधार भने प्रायः समान नै देखिन्छ । कथानक, शैली, विषयवस्तु, आयाम, कथानकको अन्त्य, धारा वा प्रवृत्तिलाई उपन्यासको आधार मानिएको छ । उपन्यासको वर्गीकरण विशेष गरी कथानक, शैली, विषयवस्तु, आयाम कथानकको अन्त्य, धारा वा प्रवृत्ति आदिका आधारमा उपन्यासको वर्गीकरण गरेको पाइन्छ । यसरी यी माथिका सबै वर्गीकरणलाई छुट्टाछुट्टै तल प्रस्तुत गरिएको छ :

### ३.६.१ कथानकका आधारमा उपन्यासको वर्गीकरण

कथानकको योजना र प्रधानताका आधारमा उपन्यासलाई घटना प्रधान, चरित्र प्रधान, चित्रात्मक र नाटकीय उपन्यास गरी चार प्रकारमा वर्गीकरण गरेको पाइन्छ ।

**क) घटना प्रधान उपन्यास**

घटना प्रधान उपन्यासमा घटनाको वर्णनलाई प्रधानता दिइएको हुन्छ । घटना अनुसार शृङ्खलित एवम् विस्तारमा नै पाठकीय कुतूहल र मनोरञ्जन प्राप्त हुने यस्ता उपन्यासमा आकस्मिकताको अत्यधिक प्रयोग हुन्छ (बराल र एटम, २०५६ : ५२) ।

**ख) चरित्र प्रधान उपन्यास**

घटनाहरूको सङ्गठनमा चरित्रको स्थान महत्त्वपूर्ण भएमा उपन्यास चरित्र प्रधान हुन्छ । यसमा कथानक र कार्य व्यापारले चरित्रको उद्घाटन गरेको हुन्छ ( बराल र एटम, २०६६ : ५३) । चरित्र प्रधान हुनेहुँदा यसमा चरित्रको मानसिकताको विश्लेषणमा महत्त्व दिइएको हुन्छ ।

**ग) चित्रात्मक उपन्यास**

चित्रात्मक उपन्यासमा कतै घटनाले चरित्रलाई डोर्‍याउँछ त कतै चरित्रले घटनालाई आफ्नो नियन्त्रणमा लिन्छ । यस्ता उपन्यासमा घटना र चरित्रलाई उत्तिकै

महत्त्व हुने हुँदा यस्ता उपन्यासलाई मिश्रित उपन्यास पनि भनिन्छ (प्याकुरेल, २०७० : २६) । यस्तो उपन्यासको चरित्र गतिशील हुन्छ ।

**घ) नाटकीय उपन्यास**

घटना र चरित्र दुवै उपस्थिति अत्यन्त महत्त्वपूर्ण हुने हुनाले यस्ता उपन्यासमा संवादका माध्यमबाट कथानकले गति पाएको हुन्छ र नाटकीयता उपस्थित हुन्छ (बराल र एटम, २०६६ : ५३) । नाटकीय उपन्यास मञ्चन गर्न योग्य हुन्छन् ।

## ३.६.२ शैलीका आधारमा उपन्यासको वर्गीकरण

उपन्यास प्रस्तुतीकरणका आधारमा शैलीको निर्धारण हुन्छ । यही शैलीका आधारमा उपन्यासलाई वर्णनात्मक, आत्मकथात्मक, पत्रात्मक, डायरी र चेतनप्रवाह शैली गरी वर्गीकरण गर्न सकिन्छ ।

**क) वर्णनात्मक उपन्यास**

वर्णनात्मक उपन्यास उपन्यासकार स्वयम्ले घटना, पात्र, देशकाल, वातावरण आदिको वर्णन एवम् विश्लेषण गर्दछ । तृतीय पुरुष दृष्टिबिन्दु रहने हुनाले यस्तो उपन्यासमा पात्रका बानी, विचार र स्वरूपको सीधा र प्रत्यक्ष वर्णन हुन्छ (प्याकुरेल, २०६० : २४) ।

**ख) आत्मकथात्मक उपन्यास**

आत्मकथात्मक उपन्यास प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएका हुन्छन् । यसमा पात्रले घटनाहरू आत्मकथा कै रूपमा प्रस्तुत गरेको हुन्छ (बराल र एटम, २०६६ : ५३–५४) । यसले आत्म संस्मरणकै अभिव्यक्ति प्रस्तुत गर्दछ । यसमा घटनाको भन्दा चरित्रको बाहुल्यता अत्यधिक हुन्छ ।

**ग) पत्रात्मक उपन्यास**

पत्रात्मक उपन्यासमा सम्पूर्ण औपन्यासिक घटनाहरू कार्यव्यापार र चरित्र पत्रकै आधारमा निर्धारण हुन्छ । पत्र लेखन नै मूल नायकका रूपमा देखा पर्दछ र

अन्य पात्रहरू असीमित हुन सक्छन् (बराल र एटम, २०६६ : ५४) । पत्ररारा अघि बढ्ने यस्ता उपन्यासमा व्यक्तिगत अन्तर्दृष्टि र नाटकीय प्रभावकारिता हुन्छ । यसमा पात्रको वैयक्तिक भावनाको स्वतन्त्र अभिव्यक्ति हुन्छ र पात्रहरू उपन्यासकारको कुशलतामा मूर्त भएर देखिन्छन् ।

### घ) डायरी उपन्यास

दैनिक जीवनका घटनालाई सम्झनाका लागि डायरीमा टिपेर राखिएको लेखनलाई डायरी (दैनिकी) भनिन्छ । यही दैनिकीमा आधारित भएर लेखिएका उपन्यासलाई डायरी उपन्यास भनिन्छ (बराल र एटम, २०६६ : ५४) । यसमा मूलतः एउटै पात्रको डायरी लेखिने हुँदा पात्र सङ्ख्या कम हुन्छ । मनोवैज्ञानिक उपन्यासमा डायरी शैलीको प्रयोग खास गरी पात्रको भावग्रन्थिको विश्लेषण तथा मानसिक जटिलताको समाधान गर्नमा गरिन्छ । नेपाली उपन्यासमा डायरी शैलीको प्रयोग नपाइए तापनि पारिजातको **अन्तर्मुखी** उपन्यासमा यसको आंशिक प्रयोग पाइन्छ (प्याकुरेल, २०७० : २८) ।

### ङ) चेतन प्रवाह शैलीका उपन्यास

व्यक्तिको जीवनमा समयको प्रवाह निरन्तर रहिरहन्छ । जीवनको भूत, वर्तमान र भविष्य उसको स्मृति र सम्झना शक्तिको माध्यमबाट व्यक्त गर्न सकिन्छ । किनकि व्यक्ति भन्नु नै सम्झनाहरूको योग हो । यही सिद्धान्तमा आधारित भएर चेतनप्रवाह शैलीमा पात्रका असङ्गत कल्पना र चेतनाको सीधा प्रयोगद्वारा उसको स्वभावको विश्लेषण गरिन्छ । आत्मालापद्वारा व्यक्तिको आन्तरिक जीवनको पाटो थाहा पाइन्छ । संवेदनाको प्रवाह तार्किक अनुक्रमको सम्भावना नभएर पनि चेतनाको प्रवाहमा देखिएर पात्रको व्यक्तित्वको सही प्रदर्शन गर्न सकिन्छ जुन अन्य संवाद वा विधिमा सम्भव हुँदैन (बराल र एटम, २०६६ : ५४) । स्वतन्त्र अवस्थामा रहँदा हाम्रो चिन्तनको कुनै गोरेटो हुँदैन, तर्क हुँदैन भन्ने आधारमा चेतन प्रवाह शैलीको प्रयोग भएको हुन्छ ।

### ३.६.३ विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण

विषयवस्तुका आधारमा उपन्यासलाई साहसिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक, राजनीतिक, आञ्चलिक र वैचारिक उपन्यास गरी आठ प्रकारमा वर्गीकरण गरेको पाइन्छ ।

**क) साहसिक उपन्यास**

साहसिक उपन्यास रहस्य, रोमाञ्च, चमत्कार, साहसिक यात्रा, रहस्यको गाँठो फुकाउने तिलस्मी प्रवृत्ति एवम् नायक एवम् खलनायकका पक्षहरू बिच लडाइँ हुने ऐयारी प्रवृत्तिका हुन्छन् । यस्ता उपन्यासघटनाप्रधान हुन्छन् । यिनमा मानवीय पात्रहरूले पनि असम्भव कार्यहरू गर्दछन् (बराल र एटम, २०६६ : ४८–४९) । यस्ता उपन्यासले यथार्थको चित्रण नगरी अतिमानवीय, शृङ्गारिक आदि वर्णन गरेर पाठकलाई मनोरञ्जन दिन खोजेका हुन्छन् ।

**ख) ऐतिहासिक उपन्यास**

इतिहासका घटना, चरित्र अनि परिवेशलाई प्राथमिकतामा राखिएका उपन्यासहरू ऐतिहासिक उपन्यास हुन् । इतिहासको घटना र व्यक्तिको चरित्रको पुनर्निमाण तिनको जीवनबारे उपन्यासकारले प्रकाश पारेको उपन्यास यस अन्तर्गत पर्दछ (बराल र एटम, २०६६ : ४९) । यसमा इतिहासको कुनै महत्त्वपूर्ण युग, घटना, साहसिक, वीर पुरुषको चरित्र चित्रणका साथै सोही अनुसारको देशकाल र वातावरणको सिर्जना गरिन्छ ।

**ग) सांस्कृतिक उपन्यास**

कुनै समयको संस्कृति देखाउने उद्देश्यले लेखिएको उपन्यास सांस्कृतिक उपन्यास हो । यस्ता उपन्यासमा संस्कार, परम्परा, रीतिरिवाज, रहन–सहन आदिको विस्तृत व्याख्या गरिएको हुन्छ (प्याकुरेल, २०७० : २९) । मदनमणि दीक्षितको **माधवी** उपन्यासले उत्तरवैदिक समाजको संस्कारको चित्रण गरेकाले यो उपन्यास सांस्कृतिक उपन्यास हो ।

**घ) सामाजिक उपन्यास**

समाजमा उपस्थित विभिन्न जाति, वर्ग र उनीहरूको व्यवहारका विभिन्न अवस्थालाई विषयवस्तु बनाएर सामाजिक उपन्यासको रचना गरिन्छ । यस्तो उपन्यासमा कुनै समय समाजको आर्थिक स्थिति र सामाजिक अवस्थाको चित्रण गरिन्छ (बराल र एटम, २०६६ : ५०) । यस्ता उपन्यासमा व्यक्ति, परिवार तथा सामाजिक समस्यालाई यथार्थ रूपमा प्रस्तुत गर्ने, सामाजिक आदर्शका रूपमा चित्रण गर्ने, मानवीय कोमल भावनाको प्रस्तुति दिन र नैतिक शिक्षा जस्ता उद्देश्य रहेका देखिन्छन् (प्रधान, २०६१ : ९८) ।

**ङ) मनोवैज्ञानिक उपन्यास**

व्यक्ति मनका आन्तरिक यथार्थ उद्घाटन गर्ने उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भनिन्छ । मानसिक विश्लेषणबाट व्यक्तिको आन्तरिक अवस्था खोतल्ने काम यस्ता उपन्यासमा गरिन्छ । यसमा व्यक्तिको मनोविकृतिको चित्रण र त्यसको कारण प्रस्तुत गरिएको हुन्छ । कुनै कारणले टुट्न गएको अहम्, विभिन्न परिस्थितिबाट विकृत भएको मानसिकता, अतृप्त चाहनाहरूले जन्माएका कुण्ठा, नैराश्य, असामान्य स्थिति र विभिन्न ग्रन्थीहरूको विश्लेषण यस्ता उपन्यासमा गरिएको हुन्छ (प्रधान, २०६१ : १६९) ।

**च) राजनीतिक उपन्यास**

राजनीतिक उपन्यासको विषयवसतु सामाजिक, राजनीतिक र त्यसबाट उत्पन्न परिस्थिति हुन्छ । कुनै निश्चित राजनीतिक चरित्र, घटना, आन्दोलन, द्वन्द्व, घातप्रतिघात आदि विषयको प्रस्तुति यस्तो उपन्यासमा हुन्छ (बराल र एटम, २०६६ : ५०) । राजनीतिक घटना नै कालान्तरमा इतिहास बन्ने हुँदा ऐतिहासिक र राजनीतिक उपन्यासको अन्तरसम्बन्ध हुन्छ ।

**छ) आञ्चलिक उपन्यास**

आञ्चलिक उपन्यासले स्थानीय रङ्ग विवरणलाई विशेष महत्त्व दिएर चर्चा गर्दछ (बराल र एटम, २०६६ : ५१) । वर्णित स्थानको भू–बनोट एवम् सम्पूर्ण

व्यवहारको केन्द्रीकृत रूप स्थापना गर्नु आञ्चलिक उपन्यासको उद्देश्य हो । यस्ता उपन्यासहरू कथानक वा पात्रको नभई परिवेश प्रधानतामा रचिएका हुन्छन् ।

**ज) वैचारिक उपन्यास**

कुनै गम्भीर चिन्तन, दर्शन वा विचारधारा प्रस्तुत गर्नु उद्देश्य वैचारिक उपन्यासमा राखिएको हुन्छ । पाश्चात्य मुलुकहरूमा देखापरेका विभिन्न वाद र सिद्धान्तले साहित्यलाई अत्यधिक प्रभाव पारेपछि यस्ता उपन्यासको सिर्जना हुन थालेको पाइन्छ (बराल र एटम, २०६६ : ५१) ।

## ३.६.४ आयामका आधारमा उपन्यासको वर्गीकरण

आयामका आधारमा उपन्यासलाई लघु र बृहत् गरी दुई भागमा छुट्याउन सकिन्छ । लघु उपन्यासमा सामान्यतया पूर्ण जीवनको चित्रण नभई केही खण्ड मात्र प्रस्तुत गरिएको हुन्छ । विस्तृत घटनालाई सानो र सानो घटनालाई विस्तृत गर्ने कार्य पनि यस्ता उपन्यासमा गरिन्छ । लीलबहादुर क्षेत्रीको **बसाइँ**, भवानी भिक्षुको **सुभद्रा बज्यै** जस्ता उपन्यास लघु उपन्यासहरू हुन् (बराल र एटम, २०६६ : ६३) । बृहत् उपन्यासमा जीवनका विविध पक्षहरू प्रयोग भएका हुन्छन् । यस्ता उपन्यासमा अनेक सहायक कथा, चरित्रका साथै अनेकौँ स्थानको चित्रण पनि हुन्छ । बृहत् आकारमा लेखिएका हुनाले यस्ता उपन्यासमा समयको पटक्कै हद हुँदैन ।

## ३.६.५ कथानकको अन्त्यका आधारमा उपन्यासको वर्गीकरण

कथानकको अन्त्यका आधारमा उपन्यासलाई सुखान्त र दुःखान्त गरी दुई भागमा वर्गीकरण गरेको पाइन्छ । सुखान्त उपन्यासमा उपन्यासको सत् प्रवृत्तिको मुख्य चरित्रको विजय देखाएर समाप्त गरिएको हुन्छ । उपन्यास पढ्ने पाठकलाई हर्ष दिने उद्देश्य राखेर सुखान्त उपन्यासको रचना गरिएको हुन्छ । दुःखान्त उपन्यासमा सुखान्त उपन्यासको ठीक उल्टो मुख्य चरित्रको रूपमा रहेको सत् पात्रको वियोज देखाइएको हुन्छ । मूल चरित्रको पराज भई उपन्यासको अन्त्य गरिएको हुन्छ (प्याकुरेल, २०७० : ३१) ।

### ३.६.६ धारा वा प्रवृत्तिका आधारमा उपन्यासको वर्गीकरण

धारा वा प्रवृत्तिका आधारमा उपन्यासलाई आदर्शवादी, स्वच्छन्दतावादी, यथार्थवादी, प्रगतिवादी, मनोविश्लेषणवादी, विसङ्गतिवादी, अस्तित्ववादी, अतियथार्थवादी, प्रकृतिवादी, प्रयोगवादी, मिथकीय र नारीवादी उपन्यास गरी वर्गीकरण गरेको पाइन्छ :

**क) आदर्शवादी उपन्यास**

जुन उपन्यास जीवनलाई उर्ध्वमुखी बनाउने, चारित्रिक नैतिक सुधार गर्ने, मान्छेलाई असल मार्गमा लगाउने, आत्मविश्वास र सङ्कल्पका माध्यमद्वारा लक्ष्यमा पुऱ्याउने जस्ता सद्‌विचार तयार गरिन्छ त्यस्तो उपन्यासलाई आदशस्वादी उपन्यास भनिन्छ । यस्ता उपन्यासमा सामाजिक कथावस्तु भए पनि काल्पनिक आदर्शको बढी व्याख्या गरिएको हुन्छ । अनुकरणीय चरित्रको सिर्जना एवम् सत्‌को विजय र असत्‌को कुभलो वा पराजय देखाइन्छ । समाजलाई दैवी नियतिमा राख्नु यस्ता उपन्यासको विशेषता हो । जे–जस्तो छ त्यो यथार्थ हो भने जे–जस्तो हुनुपर्छ त्यो आदर्श हो (न्यौपाने, २०५९ : २२९) । यही मान्यतामा आाधारित भएर लेखिएका उपन्यासहरू नै आदर्शवादी उपन्यास हुन् ।

**ख) स्वच्छन्दतावादी उपन्यास**

आदर्शको बन्धनलाई भाँची स्वच्छन्द जीवनको वकालत गरेर लेखिएका उपन्यासलाई स्वच्छन्दतावादी उपन्यास भनिन्छ । कथ्यको वस्तुपक्षलाई बेवास्ता गर्दै भावपक्ष अर्थात् वैयक्तिक वस्तु पक्ष माथि ज्यादा जोड स्वच्छन्दतावादी उपन्यासमा दिइन्छ । स्वतन्त्रताको चाहना, बन्धनमुक्त समाजको कल्पना, उन्मुक्त प्रेमको चित्रण, सहज र स्वच्छन्द ढङ्गले प्राकृतिक सौन्दर्यको वर्णन एवम् रहस्यवादिता स्वच्छन्दतावादी उपन्यासका विशेषता हुन् (बराल र एटम, २०६६ : ५८) । सहज भाषा र आलङ्कारिक शैलीको प्रयोग यस्ता उपन्यासमा अनिवार्य मानिन्छ ।

**ग) यथार्थवादी उपन्यास**

संसारमा जुन वस्तु जस्तो छ त्यसलाई जस्ताको तस्तै प्रस्तुत गर्नु यथार्थवाद हो । यथार्थवाद आदर्श र स्वच्छन्दतावादी भावुकता र काल्पनिकताको विरुद्धमा

आएको हो । स्वच्छन्दतावादी आत्मपरकता भन्दा विपरीत वस्तुवाद भन्नु नै यथार्थवाद हो । जीवन जस्तो छ त्यस्तै जीवनको प्रतिच्छायाँ उतार्ने उपन्यास यथार्थ वादी उपन्यास हुन् । समाजमा घटेका यथार्थ घटनाको चित्रणमा जोड, महvवहीन घटना, पात्र, स्थान आदिको सूक्ष्म प्रस्तुति र व्याख्या विश्लेषण, समाजको हुबहु चित्रण, काव्यात्मक भाषाको अभिव्यक्ति आदि यथार्थवादी उपन्यासका अनिवार्य सर्त मानिन्छन् (श्रेष्ठ, २०५८ : १८३) ।

**घ) प्रगतिवादी उपन्यास**

मार्क्सवादका आधारभूत सिद्धान्त र द्वन्द्वात्मक भौतिकवादलाई आधार मानी लेखिएको उपन्यास प्रगतिवादी उपन्यास हो । जुन उपन्यासले प्रचलित सङ्कुचित सामाजिक मर्यादा, रीतिस्थिति, परम्परा र तत्जन्य कुरीतिहरूको भण्डाफोर गर्दै सन्तुलित अर्थव्यवस्था, हरेक क्षेत्रमा समानता, वर्गविहीनता जस्ता माक्सृवादी आधारभूत सिद्धान्त प्रस्तुत गर्दछ, त्यस्ता उपन्यासलाई प्रगतिवादी उपन्यास भनिन्छ (न्यौपाने, २०५९ : २३०) । यस्ता उपन्यासमा पूँजीलाई सामाजिक सङ्घर्षको मूल कारण मान्दै श्रमिकलाई नायकत्व प्रदान गरिएको हुन्छ (बराल र एटम, २०५६ : ५८) । शोषण र दमनका विरुद्ध सर्वहारा वर्गको पक्षपोषण गर्दै वर्ग द्वन्द्वको लागि तयार रहन सन्देश दिनु, कल्पना भन्दा यथार्थतामा जोड दिनु, कुरीति धर्मका ढ्वाङ र जातीय भेदभावको सशक्त विरोध गर्नु, काव्यात्मक भाषामा विश्वास नगरी स्थानीय सुबोध्य भाषाको प्रयोग गर्नु प्रगतिवादी उपन्यासका मूलभूत प्रवृत्ति हुन् ।

**ङ) मनोविश्लेषणवादी उपन्यास**

मनोविज्ञानको सिद्धान्तमा आधारित भएर लेखिएका उपन्यास मनोविश्लेषणवादी उपन्यास हुन् । यस्ता उपन्यासमा मानिसको मनको अध्ययन र विश्लेषण गरिएको हुन्छ । अचेतन मनले चेतनमनमा पारेको प्रभाव र त्यसबाट उद्घाटित हुने अनेकौं समस्याको प्रस्तुति पाइन्छ (उपाध्याय, २०४९ : १८८) । मानिसका मनका हीनता, कुण्ठा, अतृप्त र असुन्तुष्टिबाट उत्पन्न हुने विविध भावनाहरूलाई केलाउनु जस्ता विशेषता मनोविश्लेषणात्मक उपन्यासका मुख्य

लक्षण हुन् (प्याकुरेल, २०७० : ३३) । वस्तुजगत्लाई अस्वीकार गरी मनोजगत्को चित्रण गरिएको हुन्छ । चरित्र चित्रणमा अत्यधिक महत्त्व राख्ने र बिम्ब प्रतीकका माध्यमबाट व्यक्तिको मनोगत चित्रण गरिन्छ । यस्ता उपन्यासमा सुसङ्घठित कथावस्तुको अभाव, सङ्ख्यात्मक रूपमा पात्रहरूको न्यूनता, अधिक वार्तालाप, वर्णनात्मकता भन्दा नाटकीयताको प्रगति तथा पाठकको प्रतिक्रिया जुन अन्य उपन्यासका पाठकभन्दा भिन्न हुन्छ (वर्मा, २०२० : १३१) । घटनाको प्रस्तुतीकरण भन्दा बढी चारित्रिक विशेषताको उद्घाटन गर्ने यस खालको उपन्यासमा खासगरी चरित्रलाई प्रस्तुत गरी मानिसका मानसिक कुण्ठालाई देखाउने काम गरिन्छ ।

### च) विसङ्गतिवादी उपन्यास

जीवन जगत्का कुनै पनि वस्तु, विचार वा क्रियाकलापमा सङ्गति नभएको देख्ने साहित्यिक दृष्टिकोण नै विसङ्गतिवाद हो । यस वादले समस्त जीवन जगत् नै निरर्थक, निःसार, असङ्गतै असङ्गत वा विसङ्गत काम कुराहरूद्वारा भरिभराउ भइरहेको देख्दछ । यस्ता असङ्गति र विसङ्गति नै जीवन जगत्को मूल कुरा हो भन्ने मान्यता राख्ने उपन्यास विसङ्गतिवादी उपन्यास हो (पोखरेल र अन्य, २०४० : १२३) । मानवीय जीवनका निस्सारता र निरर्थकताको चित्रण एवम् जीवन जगत्का सम्पूर्ण मूल्यहरूप्रति अनास्था यस्ता उपन्यासमा व्यक्त गरिउको हुन्छ भने स्वेच्छापूर्वकको भाषालाई अस्वीकार गरी संरचना, शिल्प र भाषाशैलीमा समेत विसङ्गति देखाइएको हुन्छ (प्याकुरेल, २०७० : ३३) ।

### छ) अस्तित्ववादी उपन्यास

जीवन जगत् सङ्गतिपूर्ण नभएर निस्सारता निरर्थक वा विवश छ, सधैँ मृत्युको कालो छायाँबाट सन्त्रस्त छ, त्यसैले आफूमा निहित स्वतन्त्र इच्छा शक्तिको उपयोगद्वारा व्यक्तिले आफ्नो जीवनलाई कुनै खास विशिष्ट मूल्य प्रदान गर्नुपर्छ भन्ने धारा विशेष नै अस्तित्ववाद हो (श्रेष्ठ, २०६० : २०७) । मानव आफ्नो भाग्यको निर्माता स्वयम् आफै हो । आफ्नो कर्मका निम्ति ऊ स्वयम् नै उत्तरदायी हुन्छ । त्यसैले व्यक्ति अस्तित्व बाह्य परिवेशद्वारा निर्देशित नभई व्यक्तिको आफ्नै नियति,

कर्मशीलता र सङ्घर्षशीलताद्वारा निर्मित एवम् स्थापित हुन्छ (प्याकुरेल, २०७० : ३४) । यही मान्यतालाई आत्मसात् गरी लेखिएका उपन्यास अस्तित्ववादी उपन्यास हुन् । यस्ता उपन्यासमा पूर्व स्थापित धार्मिक, सांस्कृतिक, नैतिक मूल्य मान्यताको घोर भर्त्सना गरी व्यक्तिको अस्तित्वलाई सर्वोपरी महत्त्व दिइएको हुन्छ (बराल र एटम, २०६६ : १३९) । वैयक्तिकताको प्राधान्य, ईश्वरप्रति अनास्था अनि सामाजिक मूल्य मान्यताप्रति विद्रोह, अस्तित्ववादी उपन्यासको मूल सिद्धान्त हो । विसङ्गति कै बिचमा अस्मिता वा व्यक्तिसत्ताको सङ्घर्ष नै अस्तित्ववादको मर्म हो ।

### ज) अतियथार्थवादी उपन्यास

इन्द्रीय पक्षले बाह्य यथार्थलाई अतिक्रमण गरी अवचेतन मनका गूढ र रहस्यहरूको अभिव्यक्तिलाई स्वचालित लेखन प्रणालीका माध्यमद्वारा साहित्यमा प्रस्तुत गर्ने सिद्धान्त नै अतियथार्थवाद हो (श्रेष्ठ, २०६० : १९३) । मान्छेको मनमा भएका इच्छा, तरङ्ग र रुचिहरू कुण्ठित एवम् दमित नगराई जस्तो रूपमा आउँछन् त्यस्तै रूपबाट प्रक गर्नुपर्छ भन्ने मान्यता यो वादले राख्दछ (पोखरेल, २०४० : ७४) । मानिसको विवेकलाई भन्दा सपना, तन्द्रा आदि अर्द्धचेतनको अवस्थालाई यस्ता उपन्यासमा महत्त्व दिइन्छ । बौद्धिकताको साटो कल्पनालाई महत्त्व दिइन्छ । चेतनाको साटो अचेतन, प्रचलित मूल्य मान्यतालाई अस्वीकार स्वचालित लेखन प्रणालीमा जोड, हीनतर पक्षको चित्रण प्रेमको नग्न र भ्रष्ट प्रस्तुति अनि भाषिक क्लिष्टता र दुरुहता जस्ता विशेषताहरू अतियथार्थवादी उपन्यासमा हुने गर्छन् ।

### झ) प्रकृतवादी उपन्यास

प्रकृतवादले प्रकृतिलाई नै सर्वोत्तम सत्ता स्वीकार गर्दछ । ईश्वरीय सत्तालाई अस्वीकार गर्दै मान्छेका सम्पूर्ण आचरण र क्रियाकलाप प्रकृतिबाट नै सञ्चालित एवम् नियन्त्रित हुन्छन् भन्ने मान्दछ । प्रकृतिभन्दा भिन्न मान्छेको छुट्टै अस्तित्व छैन । त्यसैले जीवनको यथावत् चित्रण प्रकृतिको सापेक्षतामा हुनुपर्दछ भन्ने मान्यता यो वादको रहेको छ (त्रिपाठी, २०३६ : ५८६) । मानिस जुन अवस्थामा जन्मन्छ, त्यही नाङ्गो रूपलाई नै वास्तविकता मान्ने भएकाले प्रकृतवादी उपन्यासमा वासना

र इच्छाको नग्न एवम् उदण्ड चित्रण गरिन्छ । यस्ता उपन्यासमा मान्छेलाई अलि विकसित तर आवेगमय प्राणीका रूपमा चित्रण गरिन्छ अनि जति नै वीभत्स, विकृत वा अश्लील भए पनि नीति, आदर्शका विरुद्ध ठोस यथार्थ प्रस्तुत गरिन्छ (प्याकुरेल, २०७० : ३५) । मान्छेका सहज प्रवृत्तिको पाशविक पक्षको, उद्धाम वासनाको र प्रचण्ड क्रोधको चित्रण विना सङ्कोच गर्ने गरिन्छ । मानिसका स्वाभाविक मनोवृत्ति र नैसर्गिक व्यवहारहरूको यथातथ्यात्मक चित्र प्रस्तुत गर्नु प्रकृतवादी उपन्यासको विशेषता हो ।

**ञ) प्रयोगवादी उपन्यास**

पहिलेदेख चलिआएका कलात्मक वा साहित्यिक परम्परालाई प्रयोगात्मक रूपमा परीक्षण गरेर त्यसमा रहेका अनावश्यक तथा निरर्थक कुराहरूको विरोध गर्दै वा त्यस्ता कुराहरूलाई हटाउँदै नयाँ किसिमको प्रयोग गर्नुपर्छ भन्ने एक किसिमको मान्यता प्रयोगवाद हो (पोखरेल र अन्य, २०४० : ८८१) । साहित्यको विभिन्न विधामा देखापरेका कथ्य, विषयवस्तु, स्वर, शिल्प र भाषाशैली सम्बन्धी नवीनभन्दा नवीन प्रयोगहरूका सन्दर्भमा नै प्रयोगवादको रेखाङ्कन सम्भव हुन्छ (त्रिपाठी, २०३६ : ५८) । यसको मान्यता र प्रयोगका माध्यमबाट आजको जटिल एवम् अस्तव्यस्त संवेदनाहरू अभिव्यक्त हुन सक्छु भन्ने हो । यसरी हेर्दा परम्परागत उपन्यासमा भन्दा नयाँ शैली, नयाँ शिल्प र ढाँचाको प्रयोग गरी लेखिएको उपन्यासलाई प्रयोगवादी उपन्यास भन्न सकिन्छ ।

**ट) मिथकीय उपन्यास**

आदिम मानवका अन्तरमा लुकेका छिपेका भावनालाई प्रकाश पार्न तथा जीवनका रहस्यलाई व्याख्या गर्नका लागि कथिएका अर्थपूर्ण प्रतीकात्मक कथाहरू नै मिथक हुन् (बराल र एटम, २०५६ : ६१) । मिथकीय अर्को शब्दमा पूरा कथा पनि भनिन्छ । यसलाई आदिम मानवले गरेको आनन्दानुभूति, भ्यानुभूति, रहस्यानुभूतिको काल्पनिक रूप पनि मानिन्छ । यसरी आदिम मानवको भावनात्मक अभिव्यक्ति मिथकलाई आधार मानेर लेखिएको उपन्यासलाई मिथकीय उपन्यास भनिन्छ (

प्याकुरेल, २०७० : ३६) । यस्ता उपन्यासमा जटिल यथार्थ र त्यसका सम्पूर्ण परिप्रेक्ष्यलाई आदिमतासँग जोडेर सशक्त अभिव्यक्ति प्रदान गरिन्छ । प्रतीकात्मक, सौन्दर्य सृष्टि गर्नु, पुरानै कथामा नयाँ अर्थको अन्वेषण गर्नु, आदिम संस्कारलाई नवीन ढङ्गमा प्रतिस्थापन गर्नु, सम्प्रेषणको सुगमता प्रदान गर्नु, भाषा र परिवेशको पुनःरचना गर्नु (बराल र एटम, २०५६ : १५७) मिथकीय उपन्यासका प्रमुख विशेषता हुन् ।

### ठ) नारीवादी उपन्यास

नारीकेन्द्री परिप्रेक्ष्यबाट नारी हक, हित र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ । यस वादले समाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्री पुरुष विचारधाराका साथै पितृसत्तात्मक धारणाको विरोध गर्दै पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्दछ (शर्मा र लुइँटेल, २०६१ : ३७१) । यस्तै मान्यतामा आधारित भएर लेखिएको उपन्यासलाई नारीवादी उपन्यास भनिन्छ । नारी हक, हित, अधिकार र स्वतन्त्रताको वकालत गर्दै नारीलाई केन्द्रबिन्दु बनाई लेखिने उपन्यास नै नारीवादी उपन्यास हुन् ।

## ३.७ निष्कर्ष

आधुनिक विधाका रूपमा पर्ने उपन्यास विधा गद्य विधामा हुर्किएको हो । यसले मानव जीवनका वास्तविक, चालचलन र आफ्नो समयको तस्वीर उतार्ने काम गरेको छ । राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक आदि परिवर्तनबाट यसको प्रादुर्भाव भएकाले यसले आफ्नै स्वरूपको निर्माण गरेको छ । मुख्य रूपमा कथानक, चरित्र, परिवेश, उद्देश्य, संवाद, दृष्टिबिन्दु र भाषाशैलीलाई उपन्यासका प्रमुख तत्त्व मानिएको छ । आफ्नै स्वरूप र पद्धतिका रूपमा परिचित उपन्यासको परिभाषा समेत किटानका साथ प्रस्तुत गरिएको छ । यहाँ उपन्यासको स्वरूप निर्धारण गर्दै यसको वर्गीकरण कथानक, शैली, विषयवस्तु, कथानकको अन्त्य, आयाम र धारा एवम् प्रवृत्तिका आधारमा गरिएको छ । जीवनका आन्तरिक र बाह्य गतिविधिहरूलाई प्रभावकारी रूपमा प्रकट गर्ने उपन्यास विधाको आफ्नै पहिचान छ ।

# परिच्छेद : चार

# 'झस्को' उपन्यासको विधागत अध्ययन विश्लेषण

## परिच्छेद : चार

# 'झस्को' उपन्यासको विधागत अध्ययन विश्लेषण

### ४.१ विषय परिचय

**झस्को** उपन्यास पहिलो पटक २०६३ सालमा प्रकाशित कृति हो । यसका रचनाकार लेखनाथ पोखेल हुन् । उनले वि.सं. २०६३ जेठ ५ गतेबाट **झस्को** उपन्यासको लेखन आरम्भ गरी २०६३ साल असार २९ गते समाप्त गरेका छन् । अत्यन्त छोटो अवधि अर्थात् ५४ दिनमा लेखिएको **झस्को** उपन्यास पाँच खण्डमा विभाजित छ । यसलाई पहिलो खण्ड, दोस्रो खण्ड, तेस्रो खण्ड, चौथो खण्ड र पाँचौं खण्ड गरी उपशीर्षकमा विभाजन गरिएको छ । यो उपन्यासले २०६२/०६३ सालको समयमा चलिरहेको द्वन्द्व अर्थात् जनआन्दोलनको यथार्थ रूपमा चित्रण गर्नुका साथै तत्कालीन समयको राजनीतिक विकृति र विसङ्गतिलाई मुख्य विषयवस्तु बनाएको छ । राजनीतिका नाममा हुने अवसरवादी प्रवृत्तिको समेत जस्ताको तस्तै चित्रण गरिएको छ । यस अध्यायमा **झस्को** (२०६३) उपन्यासलाई उपन्यास तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ४.२ विधा तत्त्वका आधारमा 'झस्को' उपन्यासको विश्लेषण

**झस्को** (२०६३) उपन्यासलाई उपन्यास तत्त्वहरू कथानक, चरित्र चित्रण, दृष्टिबिन्दु, परिवेश, संवाद, उद्देश्य र भाषाशैलीका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

### ४.२.१ कथानक

उपन्यासको पहिलो खण्डमा घरदेखि पारीपट्टिको शिव मन्दिरमा बजाएको घण्टाको आवाजले 'म' पात्रको निन्द्रा खुल्छ । हातको घडी हेर्छ, रातको चार बजे पनि जेठको महिना हुनाले जताततै उज्यालो छाएको छ । कोठाको झ्यालबाट हिमाली दृश्यका साथै प्राकृतिक सुन्दरताको अवलोकन गर्दागर्दै सम्पूर्ण मानिसमा एकता र मेलमिलाप हुने भए समाजमा अशान्ति हुँदैन भन्ने सोच्दै 'म' पात्र अर्थात् मधुकर आफ्नो नित्यकर्ममा लाग्छ । नित्यकर्म

सकेर नाति धिरजलाई बोलाउँछ । नाति धिरजले "लोकतन्त्र भनेको के हो ? यसबाट के–के फाइदा हुन्छ ?" (पृ. २) भन्ने प्रश्न सोध्दा 'म' पात्र एकछिन अकमक्क पर्छ । बालक नातिलाई "देश र जनताको वास्तविक शासन जनताद्वारा जनताबाटै चुनिएका जनप्रतिनिधिबाट चल्ने शासन प्रणाली वा राज्य व्यवस्था लोकतन्त्र हो र यसको फाइदा कुनै निर्वाचित प्रतिनिधिले देश र जनताको हित विपरीत आफ्नो पदको दुरूपयोग गरेर कुनै किसिमको काम गर्न पुगे भने जनताले त्यस्तो नेता वा व्यक्तिलाई कानुनी कार्यवाही गर्न सक्नु हो" (पृ. २) भन्छ । यस्तो उत्तरबाट आफू सन्तुष्ट हुँदैन र नाति धिरजलाई यो प्रश्नको उत्तर अर्को पनि हुन सक्छ तर तत्काललाई यही भनेर बुझ्नु भन्छ । समय अनुसार परिवर्तन हुने राजनीतिमा आफ्नो परिभाषा कति उपयुक्त छ भन्ने कुरामा 'म' पात्र सन्तुष्ट छैन ।

नाति गइसकेपछि 'म' पात्र विगत् २००७ सालदेखिको राजनीतिक अस्थिरता सम्झ थाल्छ । त्यति बेला राणाले जनतालाई अत्याचार गरेकै कारण गद्दी त्याग गर्न पुगेका थिए र राजाको शासन आएको थियो । त्यसैगरी २००९ सालदेखि २०६१ सालसम्मको सबै राजनीतिक अवस्थालाई आफ्नो स्मृतिमा ल्याउँछ र भन्छ "सशस्त्र सङ्घर्ष, प्रजातान्त्रिक समाजवाद, राष्ट्रिय मेलमिलाप, शान्तिपूर्ण सहअस्तित्व, वर्ग शत्रु सफाया, वर्ग सङ्घर्ष, पार्टी स्वतन्त्रता उपयोग र भण्डाफोर, जनताको बहुदलीय जनवाद जस्ता कुरा धेरै भए तापनि जनतालाई डर र त्रास मात्रै" (पृ. ४) आफ्नै मनका तरङ्गमा हराउँदै गर्दा श्रीमती अनअुराधाले चिया लिएर बोलाउँदा 'म' पात्र झसङ्ग पर्छ र बिहानको सबै कुरा अनुराधालाई बताउँछ । अनुराधा र आफ्नो बिहेको प्रसङ्ग कोट्याएँछ र 'म' पात्र फेरि राजनीतिकै विषयमा केन्द्रित हुन्छ । 'म' पात्रले सत्तामा माओवादीले सजिलै ठाउँ नपाउने कुरा गर्छ । आफ्नो मृत छोरो सुयोगको सम्झनामा अनुराधा रोइरहेकी हुन्छे यत्तिकैमा पहिलो खण्ड सकिन्छ ।

उपन्यासको दोस्रो खण्डमा "प्रतिनिधि सभाले युगान्तकारी घोषणा गर्ने, राजाको निरङ्कुशता हटाउने, शाही सेना नेपाली सेना बनाउने, सर्वशक्तिसम्पन्न संसद बनाउने" (पृ. १०) भनेर अन्नपूर्ण एफ.एम. ले बिहान ६ बजेको समाचार प्रसारण गरिरहेको 'म' पात्र निकै ध्यान दिएर सुनेको छ । तारानाथ लुइटेल "बल्ल खुशीको दिन आयो" (पृ. १०) भन्दै हातमा रेडियो लिएर आउँछ । 'म' पात्रलाई खुशी र आशङ्का दुवै हुने लाग्छ र "घोषणा गर्दैमा केही हुँदैन, व्यवहारमा परिवर्तन गर्न सक्नुपर्छ" (पृ. १०) भन्छ । यस्तो उत्तरमा

तारानाथ सहमत हुँदैन । उसले यति सङ्घर्ष गरेर गएका दलका नेताले हामीलाई यति छिट्टै धोका नदिने कुरा गर्छ । तारानाथको जवाफले 'म' पात्रलाई गम्भीर बनाउँछ । यसले 'निश्चित बिन्दुमा पुगिसकेको जनआन्दोलनलाई बिचमै रोकेर घाइते बाघलाई श्रीखण्डको रुखमुनि छहारी राख्ने काम भएको छ' (पृ. १०) । यस्तो अवस्थामा कसरी मुक्ति पाइन्छ आदि इत्यादि बहस गर्दागर्दै तारानाथ लेइटेल उठेर घरतिर लाग्छ । 'म' पात्र अर्थात् मधुकर सामन्तवादी संरचनाको बारेमा सोचेर बसिरहेको छ । यत्तिकैमा बुहारी कादम्बिनी आफ्नो कविता 'फेरि सुनामी आउनेछ' देखाउँदै आउँछे । 'म' पात्रले कविता पटक पटक दोहोर्‍याएर पढ्छ । कविको भावना, देशको स्थिति र कविताको मर्म सन्दर्भपरक भएको ठानेर बुहारीप्रति भावकु बन्छ । बुहारीको आफ्नै रचना हो भन्ने प्रश्न गर्छ र भविष्यमा पुस्तक प्रकाशन गर्ने सल्लाह दिन्छ । उसले अन्य रचना पनि पढ्छ । आफ्नो छोरोले लेखेको कविता पनि बुहारीसँग मागेर पढ्छ । छोरो सुयोग र बुहारीको विवाह कविता लेखन र वाचनबाटै भएको थाहा पाउँछ । गाउँको शशिकान्त राजनीतिमा एक अवसरवादी व्यक्ति हो । यसले गाउँमा डुलेर, घरमा झगडा गरेर समय बिताउँछ । उसले छोरीलाई माओवादीको कार्यक्रममा गएको थाहा पाएर पिटेर घरबाट निकालिदिन्छ । बाबु शशिकान्तको अत्याचार सहन नसकेर छोरी भाग्छे । आमा नितुले उसलाई गाउँकै वासुदेव बाको लुकाउन लगेकी छ । नितु 'म' पात्रलाई बोलाउन आउँछे । घरमा खानलाई पस्केको भात छोडेर 'म' पात्र जान्छ । शशिकान्त रक्सीको नसाको भरमा गाउँको वासुदेव बासँग आफू जिम्मालको एक्लो छोरो, राजनीतिमा अवसरवादी बनेको र जुन पार्टी आउँछ त्यसकै खरो कार्यकर्ता बनेको कुरा गर्छ । सच्चा कार्यकर्तालाई आफू चैते बनेपछि गाउँबाट धपाएको कुरा गर्वका साथ भनिरहेको छ । शशिकान्त आफ्नो चरित्रलाई र साथीको चरित्रलाई यसरी बयान गर्छ "म परेँ अवसरवादी । ऊ पर्‍यो यथार्थवादी । नदीको ठ्याक्कै दुई किनार हो" (पृ. २६) । आधा रातिसम्म गफ चुटेर बस्छ । वासुदेवलाई निद्रा लाग्छ शशिकान्त 'यार ! ए पुरोहित निदाएको हो ? हुँ, पनि भनेनन् यार !" (पृ. ३३) भनेर ब्युझाउँथ्यो । उसले वासुदेवलाई निदाउनै दिँदैनथ्यो । यदि निदाइहाले झापड हानेर जगाउँथ्यो । शशिकान्तको कुरा बाहिर बसेर सुन्दासुन्दै 'म' पात्रलाई निद्राले छोप्छ । दोस्रो समाप्त हुन्छ ।

तेस्रो खण्डमा 'म' पात्र बिउँझदा त्यहाँ भेला भएका मानिसहरू सबै आ–आफ्नो बाटो लागेका हुन्छन् । शशिकान्तकी श्रीमती नितुले चिया दिन्छे र चिया पिउँछ वासुदेव

हिँडिसकेका हुन्छन् । शशिकान्त रक्सीको नसाले छोडेपछि अबेरसम्म सुतेको छ । ‘म’ पात्रले शशिकान्तलाई उठाउँछ । उसले उठेपछि छोरी पार्टीको नराम्रो काममा लागेको कुरा गर्छ । ‘म’ पात्रले उसलाई विभिन्न उदाहरण दिएर सम्झाउँछ “एउटा अघिल्लो पुस्ताको अर्को पछिल्लो पुस्ताले सबै हुबहु जानपर्छ भन्ने पनि छैन । गरेर निर्वाह पनि हुँदैन । एउटा पछिल्लो पुस्ताको कर्तव्य यो हो उसले अघिल्लो पुस्ताको वा ऊ आफैको पहिचान गुम्ने काम नगर्नु” (पृ. ३६) । शशिकान्त पहिला ‘म’ पात्रको कुरा अस्वीकार गर्छ तर पछि गाउँमा भएको एउटा घटनालाई स्वीकार्दै भन्छ “त्यो मोरो पनि म जस्तै पियक्कड न हो । हिजो आज त पैसा पनि कमायो । हिजो को थिए सबै भुल्यो भन्छन् भैँसी उखालिए भिर खस्छ । मान्छे उखालियो थला बस्छ । त्यस्तै हुन लागेको त होला” (पृ. ४१) । यो कुरा सुनेर ‘म’ पात्रले “धन्य रक्सी तेरो वरदान, यो देशमा कतिन्जेलसम्म तैँले यस्तो छाडाहरूलाई वरदान दिन सफल हुनेहोस् हे !” (पृ. ४२) भन्छ । ‘म’ पात्रले अनेक तरिकाले सम्झाएपछि शशिकान्तले “मैले आफूलाई परिवर्तन गर्नैपर्छ । मेरो कारणले छोरो उठेर बाल्यकालमै हिँडेको आज पाँच वर्ष भयो, अत्तोपत्तो छैन । घर भएकी छोरी पनि मेरो स्वभावले गर्दा घरै छोड्छे कि भन्नु पर्ने” (पृ. ४४) भन्ने कुरा गर्छ र छोरीलाई ल्याउँछ । छोरीसँग माफ माग्छ । छोरीले माफी दिन्छे । ‘म’ पात्र शशिको परिवार एक गराएर पार्टीका कुरा गर्छ । शशिकी छोरीले पनि कविता लेखेकी हुन्छ । ‘म’ पात्रले ती कविता पढ्छ । विचारोत्तेजक लाग्छन् । पुस्तक प्रकाशन गर्ने सल्लाह दिन्छ । सबैसँग विदा मागेर घर फर्कन्छ ।

जेठ महिनाको दिनमा दिउँसो रुखको छहारीमा बस्दा माथिपट्टी एउटा ठूलो सर्पले सानो सर्पलाई खाएको देख्छ । उसले प्रकृति विनाशको कल्पना गर्छ । ‘म’ पात्र एउटा ‘पर्यावरणीय सन्तुलन र प्राणी जगत्को सङ्कट नामक गोष्ठीमा भाग लिन्छ । त्यहाँ प्राणीको सुरक्षा सम्बन्धी विभिन्न विचार प्रस्तुत हुन्छन् । त्यहाँको विचार विमर्शमा ‘म’ पात्रलाई असन्तुष्टि हुन्छ । उसले फेरि २०३८ भन्दा अगाडिको राजनीतिक क्रियाकलाप सम्झन थाल्छ । “जुनसुकै वर्ग वा समुदायको नाममा हाम्रो भात हामी आफै पकाउनुपर्छ भन्ने मौलिक नाराको आधारमा समावेश गरिने जमातले देश र जनताको विकासमा खासै फरक पार्दैन” (पृ. ६१) भनेबाट तेस्रो खण्डको अन्त्य हुन्छ ।

उपन्यासको चौथो खण्डमा ‘म’ पात्रको छोरो सुयोगसँगै आएका साथीले उसलाई नमस्कार गर्छन् । सन्चो–बिसन्चो सोध्छ । उनीहरूसँग उसको राजनीतिक विषयको

कुराकानी हुन्छ । सुयोगका साथीहरूले माओवादी पार्टीले गर्ने आगामी कार्य, नीति तथा योजनाको बारेमा सुनाउँन् । गाउँमा भेला भएको जानकारी आएपछि सबै जान्छन् । 'म' पात्र एकछेउमा बसेर सबैको भाषण सुन्छ । विशेषगरी उसले सुयोगको भाषण सुन्छ । कार्यक्रम सकिन्छ । छोरा र उसका साथीहरू 'म' पात्रसँग बिदा भएर अन्य ठाउँमा कार्यक्रम गर्नुछ भन्दै जान्छन् ।

'म' पात्र भोलिपल्ट जिल्ला सदरमुकाममा जान्छ । त्यहाँ विभिन्न पार्टीका नेता तथा कार्यकर्ताले "हाम्रा नेतहरू क्या बाठा यार ! संविधान निर्माणको बेला राजाको पक्ष लिएर यी वामेहरूलाई धुलो चटाइदिए । अब त यार ! "आए नि हाम्रा दिन । राजाले आँटे भने भोलि अर्को नामको निर्दल ल्याउन सक्ने संविधान बनेको छ" (पृ. ६८) भन्दै अनेकथरी कुरा गरेको सुन्छ । यत्तिकैमा कसैले उसलाई बोलाउँछ "हेलो, मधुकर कमरेड !" (पृ. ६८) । उसको जिल्ला कमिटिको साथी शिशिर देवकोटा रहेछ । ऊ जान्छ । शिशिर एउटा ठूलो होटलको कोठामा टाई, कोट पाइन्टमा सजिएर बसेको देख्छ । उसको तडक भडकलाई "हिजोसम्म सामान्य हिसाबले आङ ढाकेर खुट्टामा हवाई चप्पल पड्काउँदै गरिब किसान र मजदुरहरूको झुप्रामा रोटी, मकै, ढिँडो, सिस्नो बाडेर छाक टार्दै हिँड्ने ती ख्याउने कमरेडहरू आजै पार्टी खुला वातावरणमा नआउँदै यत्रो तडकभडक ? ग्रीन लेवल ह्वीस्कीको साथमा बट्टाई चराको छाती फ्राइ" (पृ. ६९) देखेर अचम्म मान्छ । विपना हो कि सपना उसलाई छुट्याउन गाह्रो पर्छ । उनीहरूको छेडछाड र अपत्यारिलो स्वाङले अप्ठ्यारो मानेर उठेर हिँड्छ । उसलाई भाउन्न होला जस्तो हुन्छ र अशोकको छहारमि गएर बस्छ । हिजो सर्वहारा जनताको पक्षमा लड्ने श्रमजीवीको आज तुजुक देखेर टोलाइरहन्छ । उसको टोलाइ देखेर एकजना पालेले अनेक प्रश्न गर्छ तर कुनै जवाफ नदिई त्यहाँबाट हिँड्छ । ऊ शिक्षा कार्यालय जान्छ । त्यहाँ शिक्षा अधिकारीलाई भेटेर आफ्नो विद्यालयमा दरबन्दी दिन भन्छ । ऊ त्यो दरबन्दीका लागि पटकपटक कार्यालय धाएको हुन्छ तर अधिकारीले कुरा हुँदैछ भनेर सधैं रित्तो हात फर्काउँछ । जति आग्रह गरे पनि राजनीतिको कुराले काम बन्दैन । अधिकारीसँग चर्काचर्की हुन्छ । अधिकारीले "तपाईं जहिले पनि आएको दरबन्दी सकिएपछि आउनुहुन्छ । बेलामा आउनु पर्दैन ? यता जब दरबन्दी आउँछ पहुँचवाला विद्यालयले छिना झपटी गर्छन् ? कसलाई दिने ? कसलाई नदिने ? जो बोलक्कड र पहुँचवाला हुन्छन् तिनीहरूलाई दिँदा ठिक्क सकियो । अब कताबाट ल्याएर तपाईंलाई दिउँ" (पृ. ७१) भनेको सुनेपछि

उसलाई “हिजो राणाकालमा बाँच्न राणाको जी हजुरी, पञ्चायत कालमा पञ्चको, अब बहुदल आयो कुनै नेताको जी हजुरी नगरी कुनै काम नहुने भो ! यसरी बाँच्न नसकिने भो ?” (पृ. ७२) भन्ने लाग्छ । कार्यालयबाट निस्कन्छ । बाटोमा हिँड्दाहिँड्दै फेरि शिशिरसँग भेट हुन्छ । उसले “सर्वहाराको पार्टीमा पूँजीपतिको शासन भएपछि आफ्नो अनुकूल गर्न थाल्छन्” (पृ. ७१–७२) भनेर शिशिरलाई भन्छ तर शिशिरले “सम्मानसूचक नेतृत्व दिन थालियो भने माया र इन्साफ एकै ठाउँमा राख्नु जस्तो हुन्छ” (पृ. ७२) भनेपछि ‘म’ पात्रलाई उसको भनाइले विचलित पार्छ । कुनै जवाफ नदिई घर फर्कन्छ ।

घरमा सुयोगले काठमाडौँ पढ्न जाने कुरा गर्छ । म’ पात्रले स्वीकृति दिन्छ । काठमाडौँ गएर सुयोगले स्नातकोत्तर तह पास गर्छ । कादम्बिनीलाई विवाह गर्न अनुमति लिन घर आउँछ । घरबाट स्वीकृति पाएपछि जान्छ र विवाह गर्छ । उतैको होटेलमा काम पाउँछ । छोरो जन्मिएपछि घरमा आउँछ । घरमा आएर सामाजिक काममा लागेबाट चौथो खण्ड समाप्त हुन्छ ।

उपन्यासको पाँचौं खण्डमा म’ पात्र नाति हेर्दै आँगनको डिलमा अशोकको छहारीमा बसेको छ । सुयोग पुस्तक पढ्दै छ । यत्तिकैमा सुयोगका साथीहरू आउँछन् । सुयोगसँग कुरा गर्छन् र सुयोगलाई माओवादी पार्टीको भूमिगत कार्यकर्ता रञ्जीत बनाएर लिएर जान्छन् । सेनाको ज्यादती र कठिन खान तलासीले उनीहरूलाई सताइरहेको छ । एकदिन विप्लव नामको माओवादी कार्यकर्ताले भञ्ज्याङमा कार्यक्रम छ भनेर घरका सम्पूर्णलाई लिएर जान्छ । त्यहाँ सुयोगलाई सहिद घोषणा गर्दछन् । म’ पात्र निस्तेज बन्छ तर बुहारी कादम्बिनी सुयोगको अधुरो सपना साकार पार्ने प्रतिबद्धता जनाउँछे । त्यसपछि आमा छोरा अर्थात् कादम्बिनी र छोरा धिरजले माओवादीलाई पूर्ण रूपमा समर्थन गर्छन् । म’ पात्र र बुहारी कादम्बिनीले जनआन्दोलनका विविध क्रियाकलापमा तर्क वितर्क गर्छन् । कादम्बिनीले “बुवा आन्दोलन दमन गर्ने सवालका प्रमुख दोषी को–को हुन सक्छन् ?” (पृ. १०१) भन्छे । म’ पात्रले “यो देशको राजनीतिक मैदानका हस्तिहरू र विद्यमान सरकारसँग देश र जनताको मुक्ति र सार्वभौम अधिकारप्रति अलिकति पनि चिन्ता छ भने जनआन्दोलन दमन गर्ने अवस्थाको व्यवस्थापिका प्रमुख र त्यो भन्दा अगाडिको समयका किन नहुनु सामन्ती संरचनाका पृष्ठपोषक नाइकेहरू समेतलाई कारवाही गर्ने व्यवस्था मिलाएर कार्यवाही गर्न सक्नुपर्छ” (पृ. १०२) भन्छ र कथानकका अन्त्य हुन्छ ।

प्रस्तुत उपन्यासको कथानक वृत्ताकारी ढाँचामा संरचित छ । यसमा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छैन । बिहान उठेर चिया पिउँदै गर्दा नातिले लोकतन्त्र के हो ? बा भनेबाट सुरु भएको कथानक पूर्व स्मृतिका घटनामा अगाडि बढेको छ । अन्त्य चाहिँ नागरिकको कारवाहीमा को–को पर्छन् त्यो भोलिले बताउँछ भनेबाट भएको छ । यहाँ सुयोग पहिले मरेको भनिएको छ र उसका क्रियाकलाप पछि उल्लेख गरिएको छ । नातिले प्रश्न गरेपछि म' पात्रका मनमा २००७ सालपछि २०६२/०६३ सालसम्मको जनआन्दोलनसम्मका यावत् घटना मस्तिष्कमा आएका छन् । त्यसैले घटनाको शृङ्खला नमिलेकाले वृत्ताकारीय कथानक ढाँचा रहेको छ ।

## ४.२.२ चरित्र चित्रण

**झस्को** (२०६३) उपन्यासमा कार्यका आधारमा मुख्य, सहायक र गौण चरित्रको प्रयोग गरिएको छ । यसका साथै प्रस्तुत उपन्यासमा लिङ्गका आधारमा स्त्री र पुरुष, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र स्थिर, जीवन चेतनाका आधारमा वर्गीय र व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय र नेपथ्यीय चरित्रका साथै आबद्धताका आधारमा बद्ध र मुक्त चरित्रको पनि प्रयोग गरिएको छ ।

यस उपन्यासमा प्रयोग भएका चरित्रहरूको चरित्र चित्रण निम्न आधारमा गरिएको छ :

### ४.२.२.१ कार्यका आधारमा चरित्र चित्रण

**झस्को** उपन्यासमा कार्यका आधारमा मुख्य, सहायक र गौण चरित्रको प्रयोग गरिएको छ । मुख्य चरित्रका रूपमा 'म' पात्र अर्थात् मधुकर मात्र रहेको छ । सहायक पात्रका रूपमा कादम्बिनी, धिरज, सुयोग, शशिकान्त, अनुराधा, शशिकी छोरी, नितु, तारानाथ लुइटेल, वासुदेव बा र शिशिर देवकोटा रहेका छन् भने गौण पात्रका रूपमा कमरेडहरू, गाउँलेहरू, युवकहरू, भूपेत, मन्त्रीहरू, अवसरानन्द चतुर्वेदी, मङ्गल वि.क.।, आइते सार्की, नेत्र घिमिरे, कृष्ण कुँइकेल, रामनाथ दाहाल, धिरज राजवंशी, अम्मर, विप्लव र पाले रहेका छन् ।

यी चरित्रहरूको चरित्र चित्रण यहाँ गरिएको छ :

**क) 'म' पात्र अर्थात् मधुकर**

मधुकर **झस्को** उपन्यासको प्रमुख पात्र हो । ऊ उमेरले पाको पात्र हो । राजनीतिमा लागेको, जनआन्दोलन गर्दै हिँडेको र अन्त्यमा घरमा बस्न विवश बनेको पात्र हो । सम्पूर्ण उपन्यासको प्रतिनिधित्व 'म' अर्थात् मधुकले गरेको छ । उसले आफ्नो छोरा सुयोगलाई गुमाएको छ । पारिवारिक जिम्मेवारीका साथसाथै सामाजिक मेलमिलापमा पनि सफल बनेको मधुकर सच्चा राजनीतिक व्यक्ति हो । उसले हाम्रो समाजमा राजनीतिका नाममा हुने गरेका भ्रष्टता र अवसरवादी प्रवृत्तिको खुलेर विरोध गरेको छ । सुरुदेखि अन्त्यसम्म एउटै राजनीतिक विचारधारा अर्थात् कम्युनिष्ट मान्यतालाई आत्मसात् गरेको छ । कम्युनिष्ट मान्यतामा पछि वामपन्थी धारलाई आत्मसात् गर्दछ । आफ्नो सन्तानको इच्छा विपरीत कुनै पनि निर्णय नगर्ने मधुकरले समयको परिवर्तनसँगै चल्नुपर्छ भन्ने मान्यतालाई "कुनै सम्बन्धित पक्षले अर्को पक्षको तर्क वा विचारहरूलाई धैर्यपूर्वक सुन्ने र विवेचना गरेर सबल पक्षको कदर गर्ने खुबी भएन भने उसले त्यो विचार दबाउन भौतिक बल प्रयोग गर्छ" (पृ. ३६) भनेर प्रस्तुत गरेको छ ।

मधुकर सुयोगको बुवाको रूपमा उपन्यासमा आएको छ । ऊ एक जिम्मेवार पति हो, बुवा हो, हजुरबुवा हो र ससुरा पनि हो । उसले बुहारीलाई पराईको व्यवहार नगरी आफ्नै छोरीलाई जस्तै मायालु व्यवहार गरेको छ । ऊ सच्चा देशभक्त र इमान्दार राजनीतिक कार्यकर्ता हो । आफ्नो साथी शिशिरले पार्टीमा सदस्यता बिक्री गर्ने कुरा गर्दा उसले आफूले अस्तित्व हराएको ठान्छ । बुहारी कादम्बिनी, नाति धिरज, श्रीमती अनुराधा, नितु, शशिकान्त र शशिकान्तकी छोरकिो जिज्ञासा परिपूर्ति गरिदिएको छ । जुनसुकै समयमा पनि देश र जनताको सोचाइमा तल्लीन हुने 'म' पात्र अर्थात् मधुकरले राजनीतिका नाममा खेलिने फोहोरी खेलप्रति घृणा व्यक्त गरेको छ । हाम्रो समाजमा आडम्बरी संस्कृति र अवसरवादी नेता नभएको भए जनता कति खुसी हुने थिए र नेपाल कति सुन्दर हुने थियो भन्ने सोचाइ राख्ने उपन्यासको प्रमुख पात्र हो ।

## ख) कादम्बिनी

कादम्बिनी **झस्को** उपन्यासकी सहायक पात्र हो । ऊ अनुराधा र 'म' पात्र अर्थात् मधुकरकी बुहारी हो । धिरजकी आमा र सुयोगकी श्रीमती हो । ऊ राईकी छोरी हो । ऊ माओवादी पार्टीकी सक्रिय कार्यकर्ता हो । महिला वर्गकी सचेत र चेतनशील पात्रकी रूपमा पनि आएकी छ । ऊ एक कवि पनि हो । कविता वाचनका माध्यमबाट सुयोगसँग चिनाजानी भएर बिहे गरेकी हुन्छे । पारिवारिक जिम्मेवारी सम्हालेर स्वर्गीय पति सुयोगको सपना साकार पार्न लागिपरेकी छ । देशमा चर्किएको आन्दोलनलाई दबाउन को–को मुख्य जिम्मेवार भएर भूमिका खेल्लान् भनेर ससुरासँग जिज्ञासा राख्ने जिज्ञासु पात्र पनि हो । आफ्नो लोग्नेको निधनमा रोएर दिन कटाउने काम नगरी लोग्नेको अधुरो सपना साकार पार्न खटेकी छ । छोरा धिरजलाई बाबु आमा दुवैको अभाव हुन नदिन तल्लीन बनेकी सहायक पात्र हो ।

## ग) सुयोग

सुयोग माओवादी पार्टीमा लागेको सहायक पात्र हो । ऊ दाङ जिल्लामा रहेको सुरक्षा फौजको ब्यारेक कब्जा गरेर त्यहाँ भएका सम्पूर्ण हातहतियार कब्जामा लिन खोज्दा सेनाको गोली लागेर मर्छ । पछि माओवादीले उसलाई वीर सहिद घोषणा गर्छन् । उसको एउटा छोरो छ । सधैँ गरिब जनताको पक्षमा र सामन्तवादको विपक्षमा लड्ने जनमुखी पात्र हो । आफ्नो आखिरी साससम्म जनताको पक्षमा लडेको छ । ऊ कवि पनि हो । उसले *परमार्थीहरूलाई* जस्तो कविताको रचना गरेको छ । देश र जनताको मुक्तिका लागि आफ्नो प्राणको बाजी लगाएर लड्ने कुशल योद्धा पनि हो । ऊ भूमिगत राजनीति गर्दा कमरेड रञ्जीतको नामले परिचित छ । उसले जनतालाई स्वतन्त्र हुन नदिएको नीतिप्रति "आखिर म जे बोल्छु तिमी त्यति मात्रै बोल्न सक्छौ, को सिद्धान्त अनुसार नेपालको संविधान २०४७ निर्माण गरिएको छ" (पृ. ६६) भन्ने आक्रोश व्यक्त गरेको छ । ऊ एक चेतनशील, सचेत र क्रान्तिकारी युवा हो । समाजमा उच्च वर्गबाट निम्नवर्गमाथि हुने गरेको थिचोमिचोबाट निम्नवर्ग मुक्त हुनुपर्छ भन्ने मान्यता राखेर सदा सत्यकै

वकालत गर्ने परिवर्तनकारी सहायक पात्र हो । उसले राई परिवारकी केटी बिहे गरेर समाजमा रहेको जातभतको प्रथाको पनि अन्त्य गरेको छ ।

### घ) अनुराधा

अनुराधा यस उपन्यासमा छोटो भूमिकामा मात्र आए पनि उसको भूमिका उल्लेख छ । त्यसैले ऊ सहायक पात्र हो । उसले देशमा भइरहेको परिस्थितिलाई नजिकबाट नियाल्ने काम गरेकी छ । ऊ कुशल गृहिणी पनि हो । श्रीमती, सासू, आमा र हजुरआमा सबैको सफल भूमिका निर्वाह गरेकी छ । सामाजिक रीतिका साथै पारिवारिक सुख, सन्तोष र सम्मानमा कतै पनि आँच आउन दिएकी छैन । ऊ समाजमा हुने गरेको जातभातकी विरोधी पनि हो । आफ्नो छोरा सुयोग ब्राह्मण परिवारको भए पनि सन्तानको खुसी नै आफ्नो खुसी ठानेर राईकी छोरीलाई विवाह गर्न "सबै कुरा बुझेर तिमीले आँटेको हो भने मैले रोक्ने त कुरै आउँदैन" (पृ. ७६) भन्दै स्वीकृति दिन्छे । ऊ ममतामयी आमा हो । आफू भोकै प्यासै रहेर भए पनि सन्तानको भोकमा छट्पटिने कुशल माता हो । उसले सुयोग पार्टीको काममा भूमिगत बस्न जाँदा "एकै दिनमा पाक्छ, बाबु खाना खाएर जाउँ, खाना खान ढिला हुने भए चिया खाजा खाएर जानु बाबु पर्ख न पर्ख ..." (पृ. ८४–८५) भनेर ढिपी गर्छे । ऊ आफ्नो छोरा वियोगमा भित्रभित्रै छट्पटाउँछे तर बुहारीको अगाडि निरीह बन्दिन । ऊ आफ्नो काममा कतै पनि चुकेकी छैन ।

### ङ) धिरज

धिरज उपन्यासमा बाल चरित्रका रूपमा आएको छ । ऊ बाबु गुमाएको एउटा टुहुरो बच्चा हो । देशमा भएको राजनीतिक उथलपुथलप्रति आफ्नो हजुरबुवासँग प्रश्न गर्ने एक जिज्ञासु पात्र पनि हो । आफ्नो बाबु आन्दोलनमा जाँदा 'म पनि सँगै जान्छु, पापा म पनि जान्छु, नाइँम पनि जान्छु" (पृ. ८५) भनेर ढिपी गर्ने बालसुलभ गुण भएको चरित्र हो । आफ्नो बाबुको मृत्युपछि आमासँगै १३/१४ वर्षको उमेरबाटै राजनीतिमा लागेको छ । आमा, हजुरबुवा र हजुरआमाको आज्ञा बिना कुनै पनि काम नगर्ने आज्ञाकारी चरित्र पनि हो । छोटो भूमिकामा देखा परे पनि धिरज यस उपन्यासको सहायक पात्र हो ।

**च) शशिकान्त**

शशिकान्त राजनीति गर्ने एक अवसरवादी नेता हो । ऊ धनाढ्य बाबुको एक्लो छोरा हो । एक छोरी र एक छोरा भएको श्रीमती र परिवारलाई डर, धम्की देखाएर आफ्नो अधिनमा राख्ने चाहने चरित्र हो । उसले अवसरवादी राजनीति गर्छ । ऊ आफैले "म यस गाएँको अध्यक्ष हुँ, त्यो पनि अरू पार्टीको हो र नेकपा एमालेको । जुन पार्टीको दार्शनिक सिद्धान्त छ । जनताको बहुदलीय जनवाद कस्तो गजबको सिद्धान्त । लगातार चुनाव जितेपछि राम्रो भइहाल्ने । कस्तो यार ! ... काङ्ग्रेसको पनि यस्तै त हो नि प्रजातान्त्रिक समाजवाद ! यो पनि 'हात्ती बलियो कि हात्तीछाप भन्दा उस्तै हो' भनेजस्तो त हो । प्रजातान्त्रिक समाजवाद र जनताको बहुदलीय जनवादसँग विश्वका साम्राज्यवादी र विस्तारवादीसँगका कुनै टाउको दुखाइ छैन । त्यसैले त यार म काङ्ग्रेस छोडेर एमालेमा प्रवेश गरेको । आखिर पद न ठूलो हो" (पृ. २२) भन्दै हिँड्छ । ऊ पद र सत्ताका लागि जस्तो सुकै राजनीति गर्न तयार छ । उसले सच्चा कार्यकर्तालाई पाखा लगाएर खुसी मनाउँदा "म परेँ अवसरवादी । ऊ पर्‍यो यथार्थवादी । नदीको ठ्याक्कै दुई किनार हौँ" (पृ. २६) भनेर आफ्नो चरित्र प्रकट गर्दछ । ऊ सामन्तवादी चरित्र पनि हो । उसले छिमेकी वासुदेव बुढालाई "ए वासुदेव बा ! निदाएको हो कि क्या हो ? बुढो ! क्या सुर यार ! बुढा त भुसुक्कै पो सुतेछ ! ए पुरोहित ! तिम्रो त्यत्रो हिम्मत ? मेरो घरमा आएर मैले सुत्नोस् नभनी सुत्ने ! सुत्छु समेत नभनेर त्यसै निदाउने म को हुँ ? चिनेका छौ ? म विर्तावाल जिम्मावालको छोरो हुँ थाहा छ ? आ त्यति मात्र हैन म यतिखेर गा.वि.स. को निवर्तमान अध्यक्ष हुँ शशिकान्त अधिकारी । थाहा छ अहिलेसम्म म नै यस गा.वि.स. को बजेट विनियोजन गरेर बस्छु । बिचमा निदाउने हैन है ? भन्द्याछु" (पृ. २६) भनेर झपार्छ । आफू अवसरवादी राजनीति गर्न सिपालु भएकोमा ऊ खुसी छ । उसले "मलाई याद छ । छयालीस साल चैत्र पच्चीससम्म म खाँटी पञ्च थिएँ र छयालीस साल छब्बीस चैत्रदेखि नेपाली काङ्ग्रेस ! हिजोको खाँटी पञ्च खाँटी काङ्ग्रेस हुन पुगे । ... धमिलो पानीमा माछा मार्ने मौका हेर्ने मध्येको म एक ! गा.वि.स. अध्यक्ष जितिहाले ! आज आएर फेरि म खाँटी एमाले" ( पृ. ३०) भन्दै आफ्नो रहस्य रक्सीको तालमा ओकल्दै हिँड्छ ।

शशिकान्त आफ्नी छोरीलाई निर्ममतापूर्वक कुटेर घरबाट निकाल्छ । उसको छोरो उसको ज्यादती सहन नसकेर घर छोडेर हिँडेको छ । ऊ 'म' पात्र अर्थात् मधुकरको उचित सल्लाह र सुझाव मानेर सुमार्गमा आउने सहायक चरित्र हो ।

**छ) नितु**

नितु कशल गृहिणी हो । ऊ शशिकान्तकी श्रीमती हो । ऊ एक छोरा र एक छोरीकी आमा हो । आफ्नो श्रीमान्‌को काम गलत छ भन्ने थाहा पाएर पनि उसको ज्यादतीलाई विरोध गर्न सकेकी छैन । आफ्नो श्रीमान्‌ले छोरीलाई घर निकाला गरेपछि छिमेकीको घरमा राखेर मधुकरलाई बोलाएर घरको समस्या समाधान गरेकी छे । श्रमिान्‌को गलत मार्गलाई छोडाउन नितुको पनि उल्लेख्य भूमिका छ । आफ्ना परिवारलाई एक बनाउन छिमेकीको सहारा लिएकी नितु यस उपन्यासकी सहायक पात्र हो ।

**ज) शशिकान्तकी छोरी**

शशिकान्तकी छोरी माओवादी विचारधाराप्रति आकृट चरित्र हो । बाबुको इच्छा विपरीत आफ्नी आमाको सल्लाहमा कार्यक्रममा जान्छे । फर्केपछि बाबुको निर्मम यातना सहन नसकेर घर छोडी गाउँमा काका पर्नेको घरमा बस्छे । बाबुको सुबुद्धि फर्केपछि माफ दिएर घर फर्कने सचेत पात्र हो । उसले कविता पनि लेख्छे । विशेषगरी राजनीतिक कविता लेख्छे । उसले कागजमा मात्र महिला अधिकारको आवाज उठाउने तत्कालीन समयका ठूला बडा भनाउँदाहरूको खुलेर विरोध गरेकी छे । बाल अधिकारका कुरा मञ्चमा गर्ने होइन व्यवहारमा उतार्नु पर्छ भन्ने शिक्षित वर्गको प्रतिनिधित्व गर्ने सहायक चरित्र हो ।

**झ) तारानाथ लुइँटेल**

तारानाथ लुइटेल रेडियोले शान्ति र समानताका कुरा गर्दा खुसी हुँदै "बल्ल यो देशले र यी देशका जनताले काँचुली फेर्ने भए ! दाइ बडो खुसीको कुरा हो" (पृ. १०) भन्दै मधुकरसँग खुसी साट्न आउने चरित्र हो । ऊ देश आउन थालेको

शान्तिप्रति खुसी भएको छ । उसमा अब राजनीतिक दलका नेताले जनतालाई धोका दिँदैनन् भन्ने विश्वास छ । मधुकरको छोरा सुयोगले आफ्नो प्राणको आहुति दिएर जनताको ओठमा हाँसो ल्याएको ठान्ने सकारात्मक सोच भएको पात्र हो । छोटो भूमिकामा देखापरेको तारानाथ लुइटेल उपन्यासको सहायक चरित्र हो ।

### ञ) वासुदेव बा

वासुदेव बा समाजमा पछाडि परेको र आफ्नो अधिकार आफैले खोज्न नसकेको चरित्र हो । उसलाई शशिले आफ्नो कुरा नसुनेर निदाएको भन्दै पटक–पटक झापट हान्दा पनि “सुन्दैछु ! बाबु नसुनेर पो के गर्ने आखिर मेरो काम सुन्ने नै हो । ... कसरी निदाउनु ? आजको रात जे भो–भो श्री लक्ष्मीको नाममा अर्पे । बाबु अब कति बेला छ र उज्यालो हुन ?” (पृ. २९) भनेर आफ्नो निरीहता प्रकट गर्दछ । ऊ ठूलाबडाबाट हेपिएको पात्र हो । छोटो भूमिकामा आए पनि ऊ उपन्यासको सहायक पात्र हो ।

### ट) शिशिर देवकोटा

शिशिर देवकोटा पहिला गरिब निमुखाको नाममा आवाज उठाउँदै हिँड्छ । पछि आफै सुविधा भोगी बन्छ । ऊ राजनीति गर्दै हिँड्ने एउटा नेता हो । यो पनि अवसरवादी राजनीति नै गर्छ । असल र इमान्दार कार्यकर्तालाई आफ्नो अनुकूल बन्न सिक्नुपर्छ भन्ने पात्र हो । सुरुमा फाटेका चप्पल र कमिज लगाउँछ पछि टाई सुटमा चिल्ला कारमा चढेर हिँड्छ । पाँचतारे होटलमा बट्टाईको मासुसँग विदेशी ह्विस्कीमा रमाउने गर्छ । आफ्नो अनुकूल हुने जस्तोसुकै हर्कत गर्न पछि नपर्ने सहायक चरित्र हो ।

प्रस्तुत उपन्यासमा कमरेडहरू, गाउँलेहरू, युवकहरू भूपेत, मन्त्री, अवसरानन्द चतुर्वेदी र पाले प्रमुख र सहायक चरित्रलाई अगाडि बढाउन आएका छन् । यिनीहरूको भूमिका उपन्यासमा खासै छैन । त्यसैले यी चरित्र गौण चरित्र हुन् । मङ्गल वि.क. आइते सार्की, नेत्र घिमिरे, कृष्ण कुइँकेल, रामनाथ दाहाल, धिरज

राजवंशी, अमर, विप्लव र पाले बाममात्र उल्लेख भएका चरित्र हुन् । यिनीहरूको पनि उपन्यासमा कुनै भूमिका छैन । त्यसैले यिनीहरू पनि गौण चरित्र हुन् ।

### ४.२.२.२ लिङ्गका आधारमा चरित्र चित्रण

प्रस्तुत उपन्यासमा लिङ्गका आधारमा पुरुष र स्त्री (महिला) चरित्रको प्रयोग गरिएको छ । 'म' पात्र अर्थात् मधुकर पुरुष पात्र हो । उसले आधुनिक पुरुष वर्गको प्रतिनिधित्व गरेको छ । समाजमा चलिआएको जातीय प्रथालाई त्याग गर्न, नारीहरूको उचित सम्मान र माया ममता प्रदान गर्न ऊ असल बनेको छ । उसले नारीलाई समाजका दोस्रो दर्जाका नागरिक नमानेर पहिलो दर्जामा उनीहरूको इच्छा र चाहना अनुरूप कार्य गरेको छ । ऊ चेतनशील वर्गको समानतामुखी आधुनिक विचारसँग सहमति जनाउने पुरुष चरित्र हो ।

सुयोग पनि समानतामुखी पुरुष चरित्र हो । समाजमा रहेको जातीय प्रथालाई परित्याग गरी नारीका इच्छा, चाहनालाई नकुल्चिकन आफ्नो विवेकले अह्राएको काम गर्ने, कोही कसैलाई कुनै पनि नोक्सान नपुऱ्याउने परम्परागत विचारबाट मुक्त पुरुष चरित्र हो ।

धिरज बाल हृदय भएर पनि आफ्ना जिज्ञासा पूर्ति गर्न आफ्ना मान्यजनको सम्मानमा आँच आउने खालका कुनै काम नगर्ने, आफ्नो बाबाको सपना साकार पार्न आमालाई साथ दिने परम्परामुक्त पुरुष चरित्र हो ।

शशिकान्त आफ्नो इच्छा र चाहनामा रमाउने पुरुष चरित्र हो । उसले सुरुमा आफ्नो आडम्बरबाट अरूलाई आफ्नो अधिनमा राख्न चाहन्छ । पछि मधुकरको विचारसँग सहमत भएर आफ्नो व्यवहारमा परिवर्तन गर्छ । ऊ पहिला पम्परागत चरित्रको रूपमा देखापर्छ भनेपछि परम्परामुक्त चरित्रका रूपमा देखिने पुरुष चरित्र हो ।

वासुदेव वा अरूको विरोध गर्न नसक्ने परम्परागत पुरुष चरित्र हो । शिशिर देवकोटा आफ्नो वासना पूर्ति गर्न पाँचतारे होटलमा रमाउन चाहने परम्परागत पुरुष चरित्र हो । कमरेड, मन्त्रीहरू, युवकहरू, पाले, विप्लव, अमर, नेत्र घिमिरे, अवसरानन्द, मङ्गल वि.क., रामनाथ दाहाल आदि सबै नाम मात्र उल्लेख गरिएका पुरुष चरित्र हुन् ।

यस उपन्यासमा महिला अर्थात् स्त्री चरित्रका रूपमा कादम्बिनी, अनुराधा, नितु र नितुकी अर्थात् शशिकलाकी छोरी आएका छन् । यिनीहरूमा कादम्बिनी र शशिकान्तकी छोरी राजनीतिक कार्यकर्ता हुन् । उनीहरूले महिलाप्रति भएको अत्याचारलाई हटाउन

अगाडि बढेका छन् । उनीहरू समयको परिवर्तनसँगै नारी पनि आफ्नो अस्तित्व आफै सुरक्षित गर्न सक्षम छन् भन्ने मान्यता राख्ने परम्परामुक्त स्त्री चरित्र हुन् ।

अनुराधा समाजमा व्याप्त जातीयता हटाउन अग्रसर बनेकी सचेत चरित्र हो । अशिक्षित भए पनि अन्याय र अत्याचारको खुलेर विरोध गरेकी छे । नितु आफूप्रतिको अन्याय कम गर्न छिमेकीको सहारा लिने परम्परागत जस्ती देखिए पनि परम्परामुक्त स्त्री चरित्र हो ।

## ४.२.२.३ प्रवृत्तिका आधारमा चरित्र चित्रण

प्रस्तुत उपन्यासमा प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल चरित्रको प्रयोग गरिएको छ । अनुकूल चरित्रका रूपमा 'म' पात्र अर्थात् मधुकर सुयोग अनुराधा, धिरज, तारानाथ लुइटेल, वासुदेव बा आएका छन् । उनीहरूले जीवनमा कहिल्यै प्रतिकूल काम गरेका छैनन् । यसका साथै नितु, अनुराधा, शशिकान्तकी छोरी, कादम्बिनी पनि अनुकूल चरित्र नै हुन् । उनीहरूले जीवनमा जतिसुकै बाधा अवरोध आइपरे पनि प्रतिकूल कार्य गरेका छैनन् । यी सबै चरित्रले समाज र जनताको हित विपरीत कुनै पनि काम गरेका छैनन् । यिनीहरू सत्पात्र हुन् । यस उपन्यासमा प्रतिकूल चरित्रका रूपमा शशिकान्त, शिशिर देवकोटा र मन्त्रीहरू रहेका छन् । उनीहरूले आफ्नो स्वार्थका लागि जस्तासुकै हर्कत गर्न पनि पछि पर्दैनन् । यिनीहरू जनताको भलाइका लागि भन्दा पनि आफ्नो भलाइको लागि काम गर्दछन् । त्यसैले यिनीहरू ऋतुपरक राजनीति गर्ने प्रतिकूल चरित्र हुन् । यिनीहरू असत् पात्र हुन् ।

## ४.२.२.४ स्वभावका आधारमा चरित्र चित्रण

प्रस्तुत उपन्यासमा स्वभावका आधारमा गतिशील र स्थिर चरित्रको प्रयोग गरिएको छ । यस उपन्यासमा गतिशील चरित्रको रूपमा शशिकान्त आएको छ । ऊ अवसरवादी राजनीति गर्ने मान्छे हो । आफ्नो अनुकूल परे जता ढल्कन पनि तयार छ । ऊ एउटै विचारधारामा आबद्ध छैन । पहिला छोरीलाई घरमै ल्याउँदिन भन्ने पछि पुनः छोरीलाई आफै खोजेर ल्याउने गतिशील चरित्र हो । ऊ एउटै सिद्धान्तमा अडिग छैन ।

शिशिर देवकोटा र मन्त्रीहरू पनि आफ्नो स्वार्थका लागि राजनीति गर्छन् । पहिला सर्वहारा वर्गको वकालत गर्ने, झुपडीमा बसेर खोजे सिस्नो खान्छन् तर पछि पार्टी सत्तामा पुगेपछि महलमा बसेर ह्विस्की वियरमा रमाउँदै कार चढेर हिँड्छन् । जनतालाई चिन्दैन र उनीहरूको पीर मर्कालाई पनि बुझ्दैनन् । एउटै विचारमा अडिग नभएकाले यी दुई चरित्र पनि गतिशील चरित्र हुन् ।

प्रस्तुत उपन्यासमा स्थिर चरित्रका रूपमा 'म' पात्र अर्थात् मधुकर, नितु, अनुराधा, धिरज, सुयोग, कादम्बिनी, नितुकी छोरी, तारानाथ लुइटेल, वासुदेव बा लगायत आएका छन् । यिनीहरू सुरुदेखि आफ्नो चरित्रमा अडिग छन् । अवसरवादी बन्न आग्रह गर्नेहरूलाई पनि यिनीहरूले त्यस्तो प्रवृत्ति त्याग्न आग्रह गरेका छन् । देश र जनताको हितका लागि आफ्नो ज्यानै अर्पण गर्न तयार भएका छन् । यी चरित्रले जीवनमा जस्तोसुकै आपत् आए पनि आफ्नो विचार र सिद्धान्तमा परिवर्तन गरेका छैनन् । त्यसैले यी चरित्र स्थिर चरित्र हुन् ।

### ४.२.२.५ जीवन चेतनाका आधारमा चरित्र चित्रण

प्रस्तुत उपन्यासमा जीवन चेतनाका आधारमा वर्गीय चरित्रको प्रयोग धेरै भएको छ । व्यक्तिगत चरित्रमा यहाँ नाम उच्चरित गरिएका युवकहरू, पाले, नेत्र घिमिरे, रामनाथ दाहाल, धिरज राजवंशी, अमर र कृष्ण कुइँकेल भन्दा अरू छैनन् ।

प्रस्तुत उपन्यासमा वर्गीय चरित्रमा उच्च वर्ग र निम्न वर्गको प्रयोग गरिएको छ । मधुकर अर्थात् 'म' पात्र, धिरज सुयोग, अनुराधा, शशिकान्त, नितु, शशिकान्त अर्थात नितुकी छोरी, वासुदेव बा, तारानाथ लुइटेल, शिशिर देवकोटा, पाले, अमर, विप्लव रहेका छन् । यिनीहरू मञ्चमा प्रत्यक्ष उपस्थित भएर संवादका माध्यमबाट आ–आफ्नो भूमिका निर्वाह गरेका छन् । यी चरित्रहरूले उपन्यासको कथानकलाई अगाडि बढाउनका लागि मञ्च देखा परेर कार्य व्यापारलाई निरन्तरता दिएका छन् । त्यसैले यी चरित्र मञ्चीय चरित्र हुन् । नेपथ्यीय चरित्रका रूपमा कमरेडहरू युवकहरू, मन्त्रीहरू, भुपते, नेत्र घिमिरे, कृष्ण कुइँकेल, रामनाथ दाहाल र धिरज राजवंशी आएका छन् । यिनीहरू मञ्चमा उपस्थित छैनन् । मञ्चीय चरित्रले नाम मात्र उच्चारण गरेका छन् ।

### ४.२.२.६ आसन्नताका आधारमा चरित्र चित्रण

प्रस्तुत उपन्यासमा आसन्नताका आधारमा मञ्चीय र नेपथ्यीय चरित्रको प्रयोग गरिएको छ । मञ्चीय चरित्रमा 'म' पात्र अर्थात् मधुकर, सुयोग, कादम्बिनी, धिरज, अनुराधा, शशिकान्त, नितु, नितुकी छोरी, वासुदेव बा, तारानाथ लेइटेल, शिशिर देवकोटा, पाले, अमर, विप्लव रहेका छन् । यिनीहरू मञ्चमा प्रत्यक्ष उपस्थित भएर संवादका माध्यमबाट आ–आफ्नो भूमिका निर्वाह गरेका छन् । यी चरित्रहरूले उपन्यासको कथानकलाई अगाडि बढाउनका लागि मञ्चमा देखा परेर कार्य व्यापारलाई निरन्तरता दिएका छन् । त्यसैले यी चरित्र मञ्चीय हुन् । नेपाथ्यीय चरित्रका रूपमा कमरेडहरू, युवकहरू, मन्त्रीहरू, भुपते, नेत्र घिमिरे, कृष्ण कुइँकेल, रामनाथ दाहाल र धिरज राजवंशी आएका छन् । यिनीहरू मञ्चमा उपस्थित छैनन् । मञ्चीय चरित्रले नाम मात्र उच्चारण गरेका छन् ।

### ४.२.२.७ आबद्धताका आधारमा चरित्र चित्रण

प्रस्तुत उपन्यासमा आबद्धताका आधारमा बद्ध र मुक्त चरित्रको प्रयोग गरिएको छ । बद्ध पात्रका रूपमा 'म' पात्र अर्थात् मधुकर, धिरज, अनुराधा, सुयोग, शशिकान्त, नितु, नितुकी छोरी शिशिर, वासुदेव बा र ताराकान्त आएका छन् । यी चरित्रलाई उपन्यासबाट हटाउन मिल्दैन । सुरुदेखि अन्त्यसम्म सबै उपस्थिति एकै नासको नभए पनि यी चरित्र बद्ध चरित्र हुन् । उपन्यासको कार्यव्यापारलाई कार्य कारण शृङ्खलामा अगाडि बढाउन यी चरित्रको भूमिका उल्लेखनीय छ ।

मुक्त पात्रका रूपमा आइते सार्की, कमरेडहरू, गाउँलेहरू, मन्त्रीहरू, युवकहरू, अवसरानन्द चतुर्वेदी, कृष्ण कुइँकेल, नेत्र घिमिरे, मङ्गल वि.क., रामनाथ दाहाल, पाले, विवेक, अमर जस्ता पात्र आएका छन् । यी चरित्रलाई उपन्यासबाट हटाउँदा पनि खासै असर पर्दैन । यिनीहरू उपन्यासमा भूमिका गौण छ । यिनीहरूको उपन्यासको घटनालाई अगाडि बढाउने क्रम शून्य छ । त्यसैले यी चरित्र मुक्त चरित्र हुन् ।

### ४.२.३ दृष्टिबिन्दु

प्रस्तुत उपन्यास प्रथम पुरुष दृष्टिबिन्दुमा रचना गरिएको छ । प्रथम पुरुष दृष्टिबिन्दु अर्थात् आन्तरिक दृष्टिबिन्दुमा पनि केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ । यस उपन्यासको

दृष्टिकेन्द्री पात्र ‘म९ अर्थात् मधुकर हो । सिङ्गो उपन्यास उसकै केन्द्रीयतामा वरिपरि घुमेको छ । उपन्यासकार अर्थात् समाख्याता उपन्यासभित्रै ‘म’ को रूपमा बसेर सम्पूर्ण उपन्यासका घटनाको वर्णन वृतान्त केहका छन् । ‘म’ पात्र अर्थात् मधुकरको सोचाइ, भोगाइ र चिन्तनलाई समाख्याताले स्वयम् ‘म’ को रूपमा व्यक्त गरेका छन् ।

‘म’ पात्र अर्थात् मधुकरले उपन्यासका सम्पूर्ण घटना आफै वर्णन गरेको छ । उसले उपन्यासमा उपस्थित रहेका सम्पूर्ण चरित्रको चिनारी आफै दिएको छ । उपन्यासकार लोकनाथ पोखेल आफै स्वयम् ‘म’ पात्रको रूपमा उपन्यासमा उपस्थित छन् । उनले देशमा भएको घटना र परिघटनालाई पथम पुरुष केन्द्रीय दृष्टिबिन्दुका माध्यमबाट व्यक्त गरेका छन् ।

यहाँ ‘म’ पात्रले समाजमा बढेको अन्याय अत्याचार र राजनीतिका नाममा हुने गरेको ज्यादतीलाई जनता एकजुट भए भने सहजै परास्त पार्न सक्छन् भन्ने विचार यसरी राखेको छ “यो देशको भविष्यको निर्णय गर्ने शक्तिको स्रोत यही देशका जनता हुन् । त्यसैले जनता जनार्दनहरू एक अब हामी सार्वभौमशक्ति सम्पन्न हुन्, हामीले अब निर्णयात्मक आन्दोलन गर्नुपर्छ । त्यसैले अबको आन्दोलन निर्णायक हुनेछ” (पृ. ८) । ‘म’ पात्र अर्थात् मधुकरले उपन्यासमा प्रयुक्त सबै चरित्रको वर्णन स्वयम् आफैले बोलेको छ । देशमा २००७ सालदेखिका आन्दोलनको भोक्ता र प्रत्यक्षदर्शी नै ‘म’ पात्र हो । ऊ २०६२/०६३ को आन्दोलन चर्मोत्कर्षमा पुर्‍याएर जनताको गीतमा खुसी मनाउने बाटो कुरिरहेको छ । देशमा भएका विभिन्न आन्दोलन, अवसरवादी नेताको चरित्रलाई उद्घाटन गर्ने ‘म’ पात्र अर्थात् मधुकर हो । उपन्यासमा भएका सबै घटनालाई मधुकर स्वयम्ले प्रस्तुत गरेकाले यस उपन्यासमा आन्तरिक प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४.२.४ परिवेश

उपन्यासमा परिवेशले घटना घट्ने स्थान समय तथा पाठकको मनोभावनालाइ बुझाउँछ । **झस्को** उपन्यासको परिवेश हेर्दा स्थानका रूपमा तराईको निम्न मध्यम वर्गीय ब्राह्मण परिवार आएको छ । तराईको पनि नवलपरासीको डेढगाउँको परिवेश प्रस्तुत उपन्यासमा चित्रित छ । यहाँ काठमाडौँको परिवेश सदरमुकामको बजारको परिवेश, आन्दोलनको परिवेश र अस्पतालको परिवेशका साथै होटेलको वातावरण पनि आएको छ । यहाँ समयका रूपमा २०६२/०६३ सालको राजनीतिक परिवेश र आन्दोलन आएको छ ।

निम्न माध्यमिक वर्गीय ब्राह्मण परिवारमा घटेका घटनालाई मुख्य विषयवस्तु बनाइएको छ । उपन्यासका सम्पूर्ण घटना राजनीतिक पृष्ठभूमिमा नै घटेका छन् । घरबाट सुन्दर प्राकृतिक दृश्य देखिए पनि उपन्यासमा पूर्ण रूपमा राजनीतिक गन्ध आउँछ । यहाँ 'म' पात्र अर्थात् मधुकरको पूजाकोठा, सुत्नेकोठा घर, आँगन, आमबोटेको चौतारी रहेका छन् । यही सेरोफेरोबाट उपन्यास अगाडि बढेको छ । देशमा चलिरहेको आन्दोलनबाट जनतामा त्रास उत्पन्न भएको छ । बच्चादेखि वृद्धासम्म सबै आन्दोलनमा होमिएका छन् । यहाँ सुयोग यही आन्दोलन चर्काएर देशमा भएको सामन्तवाद ढाल्न भनेर हिँडेको छ । ठाउँ ठाउँमा बम विस्फोट भएको छ । बैंक फोर्ने, चोकी फोर्ने काम गर्दा हिँडिएको छ । यहाँ दाङ जिल्लाको सुरक्षा फौजको ब्यारेक कब्जा गर्दा सुयोगको ज्यान गएको छ । अत्यन्त सन्त्रासमय परिवेश उक्त उपन्यासमा चित्रित छ । 'म' पात्रले समाजमा भएका विभिन्न हुलदङ्गा सबै राजनीतिकै कारणले भएको निष्कर्ष निकालेको छ । तत्कालीन समयलाई उजागर गर्न यो उपन्यास सफल बनेको छ । केही ठाउँमा बिहान, दिउँसो र साँझको समय सङ्केत गरे पनि त्यतिखेरको राज्यको अवस्था र शिक्षित युवा जमातहरू आन्दोलनमा होमिएको यथार्थ यस उपन्यासको परिवेशका रूपमा आएको छ ।

प्रस्तुत उपन्यासमा ठाउँ–ठाउँका जनताहरू भेला गराएर माओवादी कार्यकर्ताहरूले भाषण गरेको परिवेश चित्रित छ । 'म' पात्र मधुकरले समाजमा र देशमा जुन खालको राजनीतिक परिवर्तन ल्याए पनि जनतालाई सुख शान्ति नहुने यसबाट सत्तामा पुगेका दलका नेतालाई मात्र फाइदा पुगेको विचार प्रकट गर्दछ । शशिकान्त अवसरवादी राजनीति गरेर आफ्नो भकारी उच्च पार्ने काममा मात्र तल्लीन बनेको छ । शिशिर पनि जनताको पसिना चुसेर मोजमस्तीमा डुबेको छ । वास्तवमा देशमा जुन खालको परिवर्तन ल्याए पनि जति जनताका छोराहरूले रगतको भेटी चढाए पनि ऐस आराममा बस्ने नेता नै हुन् भन्ने कुरालाई प्रस्तुत गर्न परिवेश सफल छ ।

## ४.२.५ संवाद

लोकनाथ पोखेलको **झस्को** उपन्यासमा पात्रहरूका बिचमा स्थापित समस्या, अन्तर्द्वन्द्व र परिणतिको संवाद उपयुक्त ढङ्गले प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा पोखेलले रोचकता र सौन्दर्य अभिवृद्धिका लागि पात्र अनुकूल सरल एवम् स्तरीय संवाद

प्रयोग गरेका छन् । संवादका रूपमा यस उपन्यासमा बौद्धिक पात्रहरूले बोल्ने संवाद अर्थात् भाषा र निम्न स्तरीय पाात्रहरूले बोल्ने दुवै खाले भाषाको प्रयोग गरिएको छ । खासगरी प्रस्तुत उपन्यासमा पात्रहरूको बोली स्वाभाविक खालको छ । पात्रहरू आफै बोलेका छन् । सङ्क्षिप्त संवाद नै उपन्यासको सार्थकता हो भन्ने मान्यतालाई यस उपन्यासले आत्मसात् नगरेको छ । राजनीतिक घटनाक्रमलाई प्रस्तुत गर्न उपन्यासको संवाद उचित किसिमको छ । उपन्यासको प्रारम्भमा नै बाल पात्र धिरले 'म' पात्रलाई सोधेको संवादको नमुना यस्तो छ : "हजुरबुवा, लोकतन्त्र भनेको के हो ? र यसबाट हुने फाइदा के–के हुन् ?" (पृ. २) । यहाँ बालसुलभ जिज्ञासा खुलेर प्रकट भएको छ । यसको उत्तर अलमल्ल परेको 'म' पात्रले "बाबु लोकतन्त्र भनेको देश र जनताको वास्तविक शासन जनताद्वारा जनताबाटै चुनिएका जनप्रतिनिधिबाट चल्ने शासन प्रणाली वा राज्यव्यवस्था हो । त्यसबाट हुने फाइदा भनेको कुनै निर्वाचित प्रतिनिधिले देश र जनताको हितविपरीत आफ्नो पदको दुरूपयोग गरेर कुनै किसिमको काम गर्न पुगे भने जनताले त्यस्तो नेता वा व्यक्तिलाई कानुनी कार्यवाही गर्न र पुनः निर्वाचन आफ्नो मत नदिन सक्छन्" (पृ. २) भन्ने जवाफ दिन्छ ।

प्रस्तुत उपन्यास संवादात्मक शैलीमा अगाडि बढेको छ । कहीँ कतै पनि उपन्यासकारले उपन्यासमा आफ्नो हस्तक्षेप गरेका छैनन् । पात्र अनुसारको संवाद प्रयोग छ । यहाँ शशिकान्तको संवादमा अवसरवादी गन्ध पूर्ण रूपमा आउँछ । उसले प्रयोग गरेको संवाद यस्तो छ : "धमिलो पानीमा माछा मार्ने अवसर कुरेकाहरूको हातमा अवसर सुम्पने काम लाज नमानी हुने भयो । म पनि त्यस्तै मौका हेर्ने मध्येको एक । मलाई पनि गा.वि.स. को अध्यक्ष उम्मेदवारको लागि पार्टीले टिकट दियो । निर्वाचनमा विजय हुनु कुनै ठूलो कुरो थिएन" (पृ. २७) । यहाँ आमाको आफ्ना सन्तानप्रतिको स्नेह पोखिएको संवाद पनि छ । अनुराधाले सुयोगको पार्टी प्रवेशलाई यसरी व्यक्त गरेकी छ : "बाबु जहाँ गए पनि म एकैछिनमा भात पकाउँछु । खाएर जाऊ । यतिका महिनामा आएको छोरो, आउन पाएको छैन खाना नखाई जान खोज्ने :" (पृ. ८४) । आफ्नै व्यस्तताका कारण सुयोगले "भयो आमा अहिले हतार छ, पछि खाउँला" (पृ. ८४) भन्छ र जान्छ । यहाँ अत्यन्त सरल र सरस संवादको प्रयोग गरिएको छ ।

प्रस्तुत उपन्यासमा प्रयोग भएको संवादले कथानकमा आउने घटना र कार्यव्यापारलाई सुगठित पारेको छ । संवादलाई रोचक र कौतूहलपूर्ण बनाउनका लागि

आवश्यक पर्ने सङ्क्षिप्तताले पाठकलाई उपन्यास पढ्न रोचकता प्रदान गरेको छ । निश्चित स्थानलाई भन्दा पनि देशको सम्पूर्ण राजनैतिक गतिविधिको परिवेशलाई आधार बनाएर लेखिएको यस उपन्यासमा पात्रको जीवनस्तर, बौद्धिक क्षमता र राजनीतिक चेतनालाई उचित किसिमले प्रस्तुत गरिएको छ । पात्रगत व्यवहारलाई सुहाउँदिलो पारेर संवादात्मक संवादको प्रयोग गरिएको छ ।

## ४.२.६ उद्देश्य

उपन्यास पढिसकेपछि समग्रमा हामी जुन भावार्थ वा अभिप्राय पाउँछौँ त्यही नै उद्देश्य हो । यसलाई सारवस्तु पनि भनिन्छ । प्रस्तुत उपन्यासमा सारवस्तुका रूपमा देश सन्त्रासपूर्ण स्थितिमा छ । जनता आतङ्कित छन् । जताततै हत्या, आतङ्क र राजनीतिक खिँचातानी छ । देशमा जतिसुकै परिवर्तन ल्याए पनि जनताले सुखको सास फेर्न पाएका छैनन् । हजारौँका सिउँदो पुछिएका छन् । धेरै बालबच्चा टुहुरा भएका छन् । जनताले जति देशका लागि बलिदानी दिए पनि सत्तामा बस्नेहरूले आफ्नो महल खडा गरेका छन् भन्ने कुरा आएको छ । देशको सेवा गर्ने सच्चा इमान्दार र राष्ट्रप्रेमी मानिस सधैँ पछाडि परेको छ । जसले मौसम अनुसार राजनीति गर्छ, जो अवस्था हेरिकन चाप्लुसी गर्न सक्छ त्यसैले नै जनताको पक्षपाती बनेर देशको ढुकुटी रित्याउने गरेको तत्कालीन समयको यथार्थतालाई प्रस्तुत उपन्यासले व्यक्त गरेको छ । यहाँ शशिकान्त र शिशिर जस्ता अवसरवादीहरूले सर्वसाधारण जनतालाई आफ्नो अधिनमा लिएर सत्ता र शक्तिका आडमा मोजमस्ती गरेका छन् ।

समाजमा अन्याय र अत्याचारले समिा नाघेपछि त्यसको प्रतिकारका लागि जनता एकजुट हुन्छन् । यहाँ सुयोग र उसका साथी सामन्तवादी राज्यसत्ता ढालेर जनताको सर्वसत्ता स्थापित गर्न कम्युनिष्ट आन्दोलनमा होमिएका छन् तर सुयोग गोली लागेर मृत्यु वरण गर्छ । वीर सहिद बन्छ । यहाँ ऊ पराजित भएको छ । यसमा उसकी श्रीमतीले साथ दिएकी छ । जनताको क्रान्ति ज्वालालाई दबाउनका लागि सत्ताधारी एकजुट भएका छन् । जसमा देशले निकास पाउन सकेको छैन । उपन्यासकारले यसको जिम्मा भोलिलाई सुम्पिदिएका छन् ।

देशमा भइरहेको आन्दोलनले समाजका शिक्षित वर्ग घर छाडेर आन्दोलनमा हिँडेका छन् । जतातततै राजनीतिक बहस मात्र चलिरहेको छ । यस्तो अवस्थामा भविष्यका पिढीमा नकारात्मक सन्देश जान सक्ने सङ्केत गरिएको छ । देशमा बढिरहेको अन्योललाई हटाएर एउटा सुन्दर, शान्त र स्वच्छ राष्ट्र निर्माणमा देशको राजनैतिक बागडोर सम्हालेकाले गर्नुपर्छ, होइन भने जनता आफै यसको जिम्मा लिन तत्पर छन् भन्ने देखाउन खोज्नु प्रस्तुत उपन्यासको सारवस्तु हो ।

अत्यन्त छोटो समयावधिमा तयार पारिएको उक्त उपन्यासमा नारी अधिकारका कुरा कागज र भाषणमा मात्र सीमित राख्नु हुँदैन । त्यसलाई व्यवहारमा पनि परिवर्तन गर्नुपर्छ भन्ने भाव प्रकट गरिएको छ। सन्तानलाई बाबु आमाको अधिनमा नराखी उनीहरूको इच्छा, चाहनालाई बुझेर सोही अनुसारको व्यवहार गर्नुपर्छ भन्ने कुरालाई पनि व्यक्त गरिएको छ । **झस्को** उपन्यासको सारवस्तु अभिधात्मक रूपमा आएको छ। सारवस्तु वा उद्देश्य विधिका आधारमा विचार वाक्यात्मक र प्रच्छन्न हुन्छ भने जीवन सत्यका आधारमा शाश्वत र प्रसङ्ग विषयक हुन्छ (श्रेष्ठ, २०६७ : १२) । **झस्को** उपन्यासको सारवस्तु विधिका आधारमा प्रच्छन्न छ र जीवन सत्यका आधारमा शाश्वत रहेको छ ।

## ४.२.७ भाषाशैली

**झस्को** (२०६३) उपन्यासको भाषा सामान्य प्रकारको छ । यस प्रकारको भाषा निम्न मध्यम वर्गीय परिवारमा बोल्ने गरिन्छ । यस उपन्यासमा सरल, सहज, बोधगम्य भाषाको प्रयोग देखिन्छ । भाषिक प्रयोग कहीँ कविताको भाषा, कहीँ भाषणको भाषा पनि छ । भाषिक प्रयोगमा वर्गीय छनक देखिन्छ । शशिकान्तले वासुदेव बालाई प्रयोग गर्ने भाषामा सामन्तवादी सोच देखिन्छ । जस्तै : “अँ अरे ... ए ... बासुदेव बा लौ बूढो त निस्लोट परे छ । क्या यार ?” “ओ पुरोहित निदायौ ?” “हुँउ ... मैले के के भने सुन्यौ” (पृ. २८) । त्यस्तै : “यार ! ए पुरोहित ! निदाएको हो ?” हुँ, पनि भनेनन् यार !” (पृ. ३३) । यस उपन्यासमा बोल्ने भाषा कवितात्मक किसिमको पनि छ । जस्तै :

हिजो पनि नाङ्गै थियो आज पनि नाङ्गै छ ऊ
तिमीले सोझो देखे पनि अझै पनि वाङ्गै छ ऊ
अलि अलि झोंक्रायो ऊ खाई कुखती परेछ कि
अर्कै तिग्डम खेल्छु अब भन्ने विचार गरेछ कि (पृ. ५५) ।

त्यस्तै :

ए: परमार्थी हो खोज यज्ञकुण्ड गयो कहाँ
सुकायौ कन्पटी व्यर्थै निरञ्जन जगाउँदा
हरायो ओँठको आभा तेज पुञ्ज पनि नैनको
छरिँदा जगमा बाटो अनिष्ठ भै ग्रीष्मको (पृ. १८) ।

यस उपन्यासमा प्रयोग भएको भाषा यस्तो छ :

> "यस कार्यक्रमका सभापति कमरेड अतिथि कमरेडहरू र यहाँ उपस्थित सम्पूर्ण कमरेडहरू ! मेरो क्रान्तिकारी लालसलाम साथै सग्रामी अभिवादन ! सहयोद्धा कमरेडहरू यो अवस्था भनेको हामी जस्ता देश र जनताको बारेमा चासो राख्ने देशभक्तहरूका लागि अत्यन्त चुनौतीपूर्ण अवस्था हो" (पृ. ३०) ।

प्रस्तुत उपन्यासको विषयवस्तु राजनीतिक भएकाले भाषा पनि सोही अनुरपको छ । पात्र अनुकूलको भाषा प्रयोग गरिएको छ । यहाँ तत्सम, आगन्तुक, अनुकरणात्मक र झर्रा शब्दको पनि प्रयोग गरिएको छ । ऊ, भोले, शिव, शंख, पंक्षी, सङ्घर्ष, शत्रु, पत्नी, दाम्पत्य, देवासुर, सङ्ग्राम, विद्यमान, ध्वस्त, भक्ति, सन्धि, निर्णायक, जनार्दन, नष्ट, मातृभूमि, मृत्यु, शैया, दूरगामी, कादम्बिनी, मूर्द्धन्य, रक्तपिपासु, उर्ध्वपुण्ड्र, मल्लिका, यज्ञकुण्ड जस्ता तत्सम शब्दको प्रयोग गरिएको छ । लालसलाम, अ.हे.व., इतर, साक्षी, मिल्किन, प्राण, हावी, आई.सि.यु., बेष्ट, हेलो, रेडियो, टि.भी., क्विन्टल, नोटबुक, सि.डि.ओ., अफिस, बेगर, कमरेड जस्ता आगन्तुक शब्दको पनि प्रयोग गरिएको छ । ट्वाल्ल, झर्रझर्र, खलखल, पल्याक्क, हुरीकुरी, रनक्क जस्ता अनुकरणात्मक शब्दका साथै गिर खेल्दै गुँडको, जुठोपुरो लोम्हो तन्नेरी,उत्ताउलिएर, एस्सो, पाहर, दाँइ गरियो, चोक्टा, झोंक, खुबि, हुन्थेन, सत्तु, अस्ति, कुन्नि, आर्जेका, कुचुर कुचुर जस्ता स्थानीय झर्रा (ठेट) नेपाली शब्दको पनि प्रयोग गरिएको छ ।

यहाँ संस्कृतका श्लोकलाइ पनि जस्ताको जस्तै प्रस्तुत गरिएको छ । जस्तै : "कराग्रे: वसते लक्ष्मी कर: मध्य सरस्वती: कर: मूले स्थितो ब्रह्मा: प्रभाते करदर्शनम्" (पृ. २) । उखान टुक्का युक्त भाषाको पनि प्रयोग गरिएको छ । यहाँ प्रयुक्त उखानहरू 'भैंसी उखालिएर भिर खस्छ, मान्छे उखालिए थला बस्छ' (पृ. ४१), 'आफू मरे स्वर्ग देखिन्छ अर्थात्

नमरी स्वर्ग देखिन्न' (पृ. ७२) प्रयोग भएका छन् । त्यस्तै : पुङ नपुच्छरको हुनु, मन हलुङ्गो हुनु, थाप्लो फोर्नु जस्ता टुक्काको पनि प्रयोग गरिएको छ ।

प्रस्तुत उपन्यासमा गीतको भाषा पनि प्रयोग गरिएको छ । जस्तै : 'जो भनी आएँ सोही उठि गयो को भनी बसुँला' (पृ. ६२) । यस उपन्यासमा अश्लील र तुच्छ भाषको पनि प्रयोग गरिएको छ । जस्तै : मूर्ख पाजी, यार, लफुङ्गो, कुजात, के ताछे खै ? साला, गाँठे जस्ता तुच्छ शब्द पनि आएका छन् ।

प्रस्तुत उपन्यासको शैली यथार्थवादी छ । यथार्थमा पनि सामाजिक यथार्थवाद रहेको छ । 'म' पात्र अर्थात् मधुकरको पूर्व स्मृतिका रूपमा विगतमा सम्झेकाले केही संवादात्मक किसिमको छ । सरल, सरस र बोधगम्य किसिमको भाषाशैलीको प्रयोग गरिएको उक्त उपन्यास साधारण लेखपढ गर्न सक्ने पाठकले पनि सहजै पढ्न र बुझ्न सक्ने खालको छ । विभिन्न ठाउँमा भाषण आएकाले नारा जस्तो पनि बनेको छ । तापनि कविताको प्रयोगले कवितात्मक भाषाको पनि प्रयोग छ । समग्रमा भाषाशैली उपन्यासका लागि सुहाउँदो छ ।

# परिच्छेद : पाँच

# उपसंहार र निष्कर्ष

# परिच्छेद : पाँच
# उपसंहार र निष्कर्ष

## ५.१ उपसंहार

उपन्यासकार लोकनाथ पोखेलको पहिलो उपन्यास **झस्को** (२०६३) मूलतः राजनीतिक विषयवस्तुमा आधारित उपन्यास हो । यस उपन्यासमा पोखेलले समाजमा घटेका घटनालाई जस्ताको तस्तै प्रस्तुत गरेका छन् । यसै कृतिमा रहेर प्रस्तुत शोधकार्यमा गरिएको छ ।

प्रस्तुत शोधको पहिलो अध्यायमा शोध परिचय रहेको छ । यसमा शोधको विषय परिचय दिइएको छ । यसको विषयमा रहेर शोधकार्यको समस्या पहिचान गरिएको छ । तिनै शोध समस्याको समाधान नै शोधको उद्देश्य रहेको किटान गरिएको छ । यसरी शोधकार्य गर्दा यसभन्दा अगाडि प्रस्तुत विषय र उपन्यासकार लोकनाथ पोखेलका बारेमा गरेका अध्ययनलाई कालक्रमिक रूपमा प्रस्तुत गर्दै झस्को (२०६३) उपन्यासको व्यवस्थित रूपमा अध्ययन विश्लेषण हुन बाँकी रहेको तथ्य पत्ता लगाइएको छ । त्यसैले प्रस्तुत विषयमा अध्ययन गर्नु शोधको औचित्य र महत्त्व स्पष्ट भएको छ । उपन्यासकार लोकनाथ पोखेलको एउटा मात्र उपन्यास प्रकाशन छ तापनि उनका चिठी उपन्यास प्रकाशोन्मुख अवस्थामा रहेको छ । यहाँ **झस्को** उपन्यासमा सीमित रही अध्ययन गर्न शोधको सीमा रहेको कुरा स्पष्ट पारिएको छ । प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययन विधि अवलम्बन गरी **झस्को** उपन्यासलाई मुख्य आधार मानिएको छ । यससँग सम्बन्धित अन्य लेखरचनालाई समेत प्रयोग गरी विवेचना गर्ने क्रममा वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । यसरी निर्माण गरिने शोधपत्रको रूपरेखा समेत पहिलो अध्यायमा निर्धारण गरिएको छ ।

दोस्रो अध्यायमा उपन्यासको सैद्धान्तिक अध्ययन गर्दा उपन्यासको विधा तत्त्व निरूपण गर्ने काम भएको छ । उपन्यासको रचना गर्न आवश्यक उपकरण संरचना वा उपन्यासका तत्त्वको निरूपण गर्नुभन्दा अगाडि उपन्यासको परिचय दिँदै उपन्यासका बारेमा संस्कृत परम्परा, पाश्चात्य परम्परा उल्लेख गर्दै उपन्यासको परिभाषा समेत प्रस्तुत गरिएको छ । उपन्यासको स्वरूप निर्धारण गरी यसको तत्त्वहरू अन्तर्गत कथानक, चरित्र, चित्रण, परिवेश, संवाद, दृष्टिबिन्दु, उद्देश्य र भाषाशैलीको चित्रण गरिएको छ भने उपन्यासको वर्गीकरण गर्दा कथानक, शैली, विषयवस्तु, आयाम, कथानकको अन्त्य, धारा वा प्रवृत्ति आदिका आधारलाई लिइएको छ ।

अध्याय तीनमा उपन्यासकार लोकनाथ पोखेलको सङ्क्षिप्त जीवनी र व्यक्तित्वको निरूपण गरिएको छ । यस अध्यायमा वि.सं. २००९ असार ६ गते जन्मिएका लोकनाथ पोखेलको जन्म र जन्मस्थान, पारिवारिक पृष्ठभूमि र बाल्यकाल, शिक्षादीक्षा, साहित्यिक प्रेरणा र प्रभाव, विवाह तथा पारिवारिक जीवन, बसोबास तथा आर्थिक अवस्था, कार्य क्षेत्र र संलग्नताका बारेमा उल्लेख गरिएको छ । यसका साथै लोकनाथ पोखेलको साहित्य लेखन र उनको व्यक्तित्वको बारेमा प्रस्तुत गरिएको छ । उनको व्यक्तित्व अन्तर्गत शारीरिक तथा निजी व्यक्तित्व, साहित्यिक र साहित्येतर व्यक्तित्व रहेको छ । साहित्यिक व्यक्तित्वमा कवि व्यक्तित्व काव्यकार व्यक्तित्व, गीतकार व्यक्तित्व, गजलकार व्यक्तित्व, उपन्यासकार व्यक्तित्व र आलेखकार व्यक्तित्व रहेका छन् भने साहित्येतर व्यक्तित्वमा शिक्षक, राजनीतिक, समाजसेवी व्यक्तित्व रहेका छन् ।

अध्याय चारमा **झस्को** उपन्यासलाई उपन्यास तत्त्वका आधारमा विश्लेषण गरिएको छ । भिन्न–भिन्न कालखडमा नभई एउटै समय र परिवेशलाई आधार बनाएर लेखिएको उक्त उपन्यासको कथानकलाई प्रस्तुत गर्दै उपन्यासमा आएका चरित्रहरूको चरित्र चित्रण समेत गरिउको छ । ग्रामीण र सहरिया दुवै परिवेशलाई चित्रण गरिएको छ । यहाँ समाजमा भएका राजनीतिक दलका चम्चेहरूले कसरी आफ्नो चरित्र परिवर्तन गर्न सक्छन् भन्ने कुरालाई प्रस्तुत गर्नु यस उपन्यासको मूल सन्देश, उद्देश्य वा सारवस्तुका रूपमा आएको छ । सरल, सरस र सहज भाषाशैली हुनुका साथै प्रतीकात्मक र व्यङ्ग्यात्मक प्रयोग भएको कुरा स्पष्ट पारिएको छ ।

## ५.२ निष्कर्ष

वि.सं. २००९ असार ६ गते नवलपरासीको डेढगाउँ भन्ने गाउँमा जनिमएका लोकनाथ पोखेल नेपाली साहित्यको क्षेत्रमा २०४६ सालमा प्रकाशित **डेढ गाउँले किसानका गीत र कविताहरू** नामक कविता सङ्ग्रह लिएर देखा परेका हुन् । उनी साहित्यमा प्रवेश गर्दा सिधै कृति प्रकाशित गरेर मात्र आएका हुन् । आफ्ना रचना डायरीमा मात्र सीमित नराखी कृतिका रूपमा प्रकाशन गर्ने पोखेलले हालसम्म कान्तिपुर दैनिक, चितवन पोष्ट, नागरिक समाज, विमर्श आदि पत्रिकाबाट विभिन्न फुटकर रचनाहरू प्रकाशनमा आएका छन् । उनका धेरै कृतिहरू प्रकाशन भए पनि मूलतः उपन्यासकार हुन् ।

उनको **झस्को** उपन्यास सामाजिक विषयमा टेकेर राजनीतिक विषयवस्तुलाई प्रस्तुत गरिउको उपन्यास हो । यहाँ २०६२/०६३ सालको जनआन्दोलित समयलाई मुख्य आधार बनाई अत्यन्त छोटो अवधिमा (एक महिना) समाप्त गरिएको छ । खासगरी माओवादी

आन्दोलनमा नेपाली समाजका जनताले भोग्नु परेको तत्कालीन अवस्था र जनमानसको वास्तविकतालाई चित्रण गरिएको छ । 'म' पात्रले आफ्नो एकमात्र छोरो सुयोगलाई गुमाएको घटनाले नेपाली जनताले देशमा परिवर्तन ल्याउनका लागि लाखौँ सन्तान गुमाएका छन् । जो जुन पार्टी, तह र तप्काको भए पनि आफ्नो सन्तान, पति र बुवा गुमाउनु परेको यथार्थ यहाँ चित्रित छ । आफ्नो प्राणको बाजी लगाएर देश र जनताको रक्षाका खातिर लागि परेका नेपाल आमाका सपूतले चाहेजस्तो परिवर्तन नदेख्दा सच्चा देशभक्त र राष्ट्रभक्त योद्धा चिन्तित छन् । उनीहरूले आफ्नो रगत देशका लागि चढाएर ल्याएको परिवर्तनकारी सत्तामा उनै पुराना रजौटा र सामन्तीहरू भेष बदलेर आफ्नो हाली मुहाली गरिरहेका छन् । यसबाट जनताले चाहेको शान्ति र परिवर्तन शब्द भाषण र नारामा मात्र सीमित बनेको छ । जनता जति लडे पनि पुरानो नियम र शासनमा अनुहार फेरि पनि व्यवहार र चरित्र नफेरिएको वास्तविकता यस उपन्यासमा चित्रित छ । सुरुमा जनताका आवाज दबाउन भित्रभित्रै शक्ति सञ्चय गरेर बसेको भ्रष्ट व्यक्ति पछि जनताले ल्याएको शासनमा पुनः रूप बदलेर सच्चा, इमान्दार र कर्तव्यनिष्ठ समाज सेवकको बिल्ला भिरेर उही कुर्सीमा बस्न पुगेको वास्तविकता यहाँ प्रस्तुत गरिएको छ । सरकारले जतिसुकै नारी स्वतन्त्रता र समानताका नारा फलाके पनि वास्तविक रूपमा नारीहरू शोषित, पीडित बनेर आवाज दबाउन विवश बनेको घटना प्रस्तुत गरिएको छ । नियम कानुन बनाउने बाटै नारीहरू शोषणमा परेका छन् तर समयको परिवर्तनसँगै सामाजिक बन्धन तोड्न नारी सक्षम बनेका छन् । आफ्नो हक र अधिकार प्राप्तिका निम्ति सङ्घर्ष गर्न सक्ने शक्तिका रूपमा नारीलाई चित्रण गरिएको छ । प्रथम पुरुष दृष्टिबिन्दुमा संरचित प्रस्तुत उपन्यासले ग्रामीण र सहरिया दुवै परिवेशलाई समेटेको छ । प्रस्तुत उपन्यासको भाषाशैली सरल, सहज हुनुका साथै प्रतीकात्मक र व्यङ्ग्यात्मक किसिमको छ । उखान टुक्काका साथै तत्सम्, आगन्तुक र झर्रा शब्दको प्रयोगले भाषालाई श्रुतिरम्य बन्न सघाउ पुऱ्याएको छ । यिनै विभिन्न कारणहरूले गर्दा यो उपन्यास नवलपरासी जिल्लामा लिखित उपन्यासमध्ये सर्वोत्कृष्ट कृतिका रूपमा रहेको छ भने य कृतिले नेपाली साहित्यको भण्डारमा एक उत्कृष्ट औपन्यासिक कृतिको रूपमा आफ्नो स्थान सुरक्षित राखेको यथार्थ स्पष्ट रहेको छ ।

# सन्दर्भसूची

# सन्दर्भसूची

उपाध्याय, केशवप्रसाद (२०४९), **साहित्य प्रकाश**, ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३६), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (दो.संस्क.), ललितपुर : साझा प्रकाशन ।

थापा, हिमांशु (२०५०), **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन ।

दाहाल, मोहनप्रसाद (सन् १९९३), **आधुनिक नेपाली उपन्यास**, दार्जिलिङ्ग : ग्रन्थकार सहकारी समिति ।

नेपाल, घनश्याम (सन् २०११), **आख्यानका कुरा**, सिलगुढी : एकता बुक्स प्रा.लि. ।

न्यौपाने, टङ्कप्रसाद (२०५९), **साहित्यको रूपरेखा**, ललितपुर : साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०४०), **सिद्धान्त र साहित्य**, विराटनगर : श्याम पुस्तक भण्डार ।

पोखेल, लोकनाथ (२०४६), **डेढगाउँले किसानका गीत र कविताहरू**, नवलपरासी : विष्णुमाया पोखेल ।

––––– (२०६३), **झस्को**, काठमाडौँ : एसिया पब्लिकेसन्स प्रा.लि. ।

––––– (२०६७), **मुसल**, नवलपरासी : विष्णुमाया पोखेल ।

––––– (२०६९), **नाता माटो र मुटुको**, नवलपरासी : विष्णुमाया पोखेल ।

––––– (२०७०), **नौलो नैतिक दृष्टान्त**, नवलपरासी : विष्णुमाया पोखेल ।

––––– (२०७०), **फर्केर हेर्दा,** नवलपरासी : लोकनाथ पोखेल ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार** (चौ.संस्क.), ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि**, दार्जिलिङ्ग : दीपा प्रकाशन ।

प्याकुरेल, होमनाथ (२०७०), **फालिएको सामान उपन्यासको विधातात्विक अध्ययन**, अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

बराल, कृष्णहरि (२०६९), **कथा सिद्धान्त**, काठमाडौँ : एकता प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साझा प्रकाशन ।

राई, इन्द्रबहादुर (२०५२), **नेपाली उपन्यासका आधारहरू**, ललितपुर : साझा प्रकाशन ।

वर्मा, धिरेन्द्र र अन्य (२०२०), **हिन्दी साहित्यकोश** भाग–१, (दो.संस्क.), वाराणसी : ज्ञान मण्डल लिमिटेड ।

शर्मा र लुइँटेल (२०६१), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०६७) (सम्पा.), **नेपाली कथा** भाग–४, (चौ.संस्क.) ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०५६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (पा.संस्क.), ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३), **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** (दो.संस्क.), ललितपुर : साझा प्रकाशन ।